# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (पाचौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मितिः २०७६/०२/२०, दिनको २.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौंथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा २ बजेर १९ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखः-**

माननीय सदस्यहरु आजको बैठकको कारवाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई सभालाई सम्बोधन गर्न आग्रह गर्दछु।

**माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङः**- माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभाको यो चौंथो अधिवेशन प्रदेश सरकारको मुख्यमन्त्रीको हैसियतले म आज यो सम्मानित सदन समक्ष आफ्नो भनाईहरु राख्ने जुन अवसर मिल्या छ, जुन अवसर दिनुभाछ सभामुख महोदयलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु ।जुनसुकै बेला या जुनसुकै कारणले किन नहोस् प्रदेश सभाको बैठकमा मुख्यमन्त्रीको हैसियतले बोल्न पाउँदा गौरव महसुस गर्छु मैले । किनभने हामी संघीय शासन प्रणालीको एउटा यस्तो महत्वपूर्ण संरचनाका सहयात्रीहरु छौं । संघीय सरकार र स्थानीय सरकारको स्थिति भन्दा प्रदेश सरकार प्रदेश सभाको संरचना हाम्रो अहिलेको संघीय शासन प्रणालीको सार रुप हो । प्रदेश सरकार नचाहिने भए विकेन्द्रिकरण हिजै थियो स्थानीय सरकार हिजोपनि थिए । सरकारै नभएपनि विकासका अड्डाहरु हिजोपनि थिए त्यसकारणले हामीले स्थापना गरेको सयौं शहिदहरुले रगत बगाएर स्थापना गरेको जुन गणतन्त्र छ यो गणतन्त्रमा आईपर्ने समस्याहरु या गणतन्त्रलाई कसरी सुदृढ गर्ने भन्ने बिषयहरुमा छलफल गर्न पाउँदाखेरि म अलि गर्व महसुस गर्छु यसकारणले भनेको हो । हामीले जुन समावेशी सहभागितामुलक

लोकतन्त्रको स्थापना गरेका छौं यो लोकतन्त्रको मर्म अनुसार हामी चल्न सक्यौं कि सकेनौ, प्रदेशको सरकारले त्यस ढंगले काम गर्न सक्यो कि सकेन भनेर माननीय सांसदज्युहरुले प्रश्न उठाउने कुरा जिज्ञासा राख्ने कुरा आलोचना गर्ने कुरा सधैं मैले स्वागत गरिरहेकै छु साथै प्रमुख प्रतिपक्षी दलको हैसियतले त्यस दलका माननीय सांसदज्युहरुले यो संसदमा उठाउने कुरा पनि जहिले पनि हामीले सम्मान गरेकै छौं, फेरि पनि गर्छौं र गरिरहनेछौं हामी । लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्षको आफ्नो आफ्नो भूमिका रहने भएतापनि तिनीहरु बिचको राजनितिक अन्तरसंघर्ष भन्नुपर्छ होला हैन राजनीतिक अन्तरसंघर्षका कारणले प्रदेश सभाले आफ्नो गति हासिल गर्ने कुरामा विश्वास लाग्छ। उनीहरुबिचमा समन्वय पनि हुन्छ समन्वयको कारणले प्रदेश सभाको अस्मिता कायम हुन्छ र त्यो गौरवपूर्ण पनि हुन्छ ।त्यसकारणले कुनै पूर्वाग्रह विना जस्तासुकै सुझाव आलोचना टिप्पणी आएको सन्दर्भमा पनि त्यस्लाई ग्रहण गर्ने आलोचना गर्नेलाई मनन गर्ने, सुझावहरुलाई ग्रहण गर्ने, टिप्पणीहरुलाई पनि मनन गरेर हामीलाई सुधार सुझाव आफ्नो काममा सुधार गर्ने या अझ परिष्कृत हुने जुन मौका माननीय सांसदज्युहरुले दिनुभाछ र खास गरेर प्रमुख प्रतिपक्षले आज हामीलाई दिएको छ त्यसप्रति गण्डकी प्रदेश सरकार धन्यवाद ज्ञापन गर्न चाहन्छ। केहि प्रश्नहरु यो संसद चलिरहेको बेलामा पहिलो दिनमा संसद भित्रका राजनीतिक दलका नेताले बोल्ने क्रममा प्रमुख प्रतिपक्षी दल जो आँफु एउटा वेइटिङ इन गभर्नमेन्ट हो पर्लियामेन्ट्री सिस्टममा त्यसका प्रमुख नेताले केहि सरोकारहरु राख्नु भाछ, र केहि विचार राख्नुभाछ, केहि जिज्ञासाहरु राख्नुभाछ, केहि आलोचना गर्नुभाछ त्यस्को मुख्यमन्त्रीको हैसियतले गण्डकी प्रदेश सरकारको तर्फबाट म आफ्नो हाम्रो प्रदेश सरकारको जे नीति छ कार्यक्रम छ जसरी हामी काम गरिराछौं त्यसको ससन्दर्भमा केहि कुराहरु राख्ने अनुमति चाहन्छु। माननीयज्युले भन्नुभाछ, खासगरिकन केहि कुराहरु उठेका छन् एउटा नामै हामीले बिगारिसक्यौं यो बास्केट फण्ड भनेको हामीले यो बास्केट मनी भनेको तर हुँदा हुँदा हामीले पोके बजेट पोके बजेट भनेर त्यल्लाई चाहिं तपाईंको शब्द चयन चाहिं हाम्रो संसदीय भएन कि भन्ने लाग्छ मलाई मैले पनि भन्या थिएं पहिलापनि अहिले चाहिं हामी पहिलोपटक सरकार गठन गरिरहेको सन्दर्भमा पहिलो नीति र कार्यक्रम ल्याइरहेको र बजेट बनाईरहने सन्दर्भमा हामी यति धेरै हतारोमा छौं हामीले पर्याप्त गृहकार्य गर्न पाएनौ । पर्याप्त योजनाको छनौट गर्न पनि पाएनौ । हाम्रो समस्याहरु धेरै थिए धेरै क्षेत्रमा हामीले सम्बोधन गर्न पर्ने थियो, हाम्रो बजेटले त्यसलाई समेट्नुपर्ने थियो, हाम्रो नीति र कार्यक्रमले

त्यसलाई  समावेश गर्नुपर्ने थियो त्यसकारणले हामीले भन्याथ्यौं मोटो मोटो कुरा राखेर हामीले बजेट चाहिं यसपटक विनियोजन गऱ्याछौं त्यसलाई विधि पुऱ्याएर, प्रक्रिया पुऱ्याएर, पद्दति सम्मत ढंगले हामी वितरण गर्नेछौं त्यसबेलामा हामीले सबैसँग राय सुझाव लिनेछौं भनेर मैले भनेकै थिएं । एकदमै गुड फेथका साथ काम गरेका छौं हामीले यो गुड फेथका साथ काम गर्दाखेरि गल्ति, कमी कमजोरी भएको कुरा तपाईंहरुले कोट्याउनु हुँदाखेरि या दिनुहुँदाखेरि हामीले चित्त दुखाउनुपर्ने कुनै कारणै छैन हामी त्यल्लाई सम्मान गर्न चाहन्छौं किनभने गल्ति काम गर्ने मान्छेबाटै हुन्छ । घोडा चढ्ने घोडाबाट लड्ने हो घोडा नचढ्ने मान्छे कहाँबाट घोडाबाट लड्छ । दौडिने मान्छे नै ठेस लाग्ने हो बिछ्यौनामा सुतिरहने मान्छेलाई कहाँ ठेस लाग्छ भनेझैं प्रदेश सरकार धेरै काम गरिरहेको छ गतिशिलका साथ काम गरिराको छ त्यसकारणले यो काम गरिरहने सन्दर्भमा हामीले गल्ति गरिरहेका हुनसक्छौं र त्यो गल्ति हाम्रो लोकतन्त्रको विरुद्धमा, हामीले स्थापित गरेको गणतन्त्रको विरुद्धमा, हामीले स्थापित गरेको नीति तालिकाहरु, नीति र कार्यक्रम छ त्यस्को विरुद्धमा या हामीले अगाडि बढाएको समावेशी बजेट थियो त्यस्को विरुद्धमा देखिन्छ भने त्यस्मा तपाईंहरुले राख्नुभएको बिषय या चाहिं आलोचना गर्नु पऱ्यो त्यस्तो लाग्यो भने हामीलाई पनि त्यस्तो अनुभुति भयो भने त्यस्लाई चाहिं सच्याउने कुरामा म यहाँहरु समक्ष प्रतिबद्धता जाहेर गर्छु । मैले भन्ने गऱ्याछु बेला बेलामा जस्ले आलोचना सुझाव ग्रहण गर्दैन या सुन्न चाहँदैन या सुन्न सक्दैन त्यसको बाटो भनेको अधिनायकवादको बाटो हो । गण्डकी प्रदेश सरकार कहिल्यैपनि अधिनायकवादको बाटोमा हिंड्ने पक्षमा छैन। लोकतान्त्रिक बाटोबाट, लोकतान्त्रिक विधिबाट, गणतान्त्रिक तरिकाले यो अगाडि बढ्न चाहन्छ र त्यो अगाडि बढ्न चाहिरहँदाखेरि अगाडि बढिरहदाखेरि त्यस्ता समस्याहरु भाछ या हाम्रो जे आदर्श छ,जे सिद्धान्त छ, जे विचार छ, जे नीति छ त्यो भन्दा विपरित हाम्रो व्यवहारमा कहिले कहिले हाम्रो शैलीमा त्यस्तो देखियो भने तपाईंहरुले जहिलेपनि आलोचना गर्नुहोला, सुझाव दिनुहोला त्यसलाई ग्रहण गर्न हामी तयारै छौं त्यल्लाई सुधार गरेर लगेर मात्रै हामी सबैको भलो हुन्छ गण्डकी प्रदेशको हित हुन्छ भन्ने कुरामा विश्वास राख्छौं हामी। मैले भन्याथें अगिल्लो पटक यसपटक चाहिं यस्तै भयो। हामीले बिद्यालयहरुलाई चाहिं अनुदान दिनुपर्ने भयो यतिले आज बिद्यालयको कुरा उठिराछैन। अनुदान दिनुपर्ने भयो अनुदान दिनुपर्दाखेरि कुन कुन बिद्यालयलाई अनुदान दिने छुट्याउनै नसकिने भयो । यहाँ त सयौं बिद्यालय छन माध्यामिक बिद्यालयहरु छन्,

प्राथमिक बिद्यालयहरु छन्, सयौं क्याम्पसहरु छन् ती मध्ये कस्लाई हामी छान्ने एउटै नवलपुरमा मात्रै सत्रवटा क्याम्पसहरु छन् । तिन्को नाम टिपेर तिन्को सारा हिसाब किताब गर्ने हामीलाई फुर्सद भएन त्यसकारणले हामीले भन्याथ्यौं कहाँ कहाँ आवश्यकता हुन्छ एउटा विधि बनाएर, कार्यविधि बनाएर, तरिका बनाएर त्यस्को आधारमा बाँड्छौं किनभने त्यो पारदर्शी हुन्छ, त्यो चाहिं नियम संगत हुन्छ। त्यो चाहिं तपाईंको एउटा आर्थिक नियमावली संगत हुन्छ भन्ने आधारमा चाहिं मैले त्यतिखेर पनि कबुल गरेको हो तपाईंहरु सँग कार्यविधि बनाएर यसलाई पछि हामी वितरण गर्नेछौं । मुख्यमन्त्री स्मार्ट कृषि भिलेजको कुरा पनि हामीले त्यहि भन्याथ्यौं। त्यल्लाई पनि हामीले त्यहि ढंगले समाधान गरेकाछौं कार्यविधि बनाएर त्यस्तै प्रकारले होमस्टेहरुको स्थापना गर्ने कुरा मा पनि कुन कुन ठाउँ कुन कुन गाउँ होमस्टे हुन्छ भनेर निर्धारण गर्ने बेलै थिएन हामीलाई त्यस्तो फुर्सदै थिएन त्यसकारणले हामीले भन्यौं एकमुष्ट हामीले ३० करोड रकम छुट्यायौं । हाम्रो नीति चाहिं के थियो भने तीन बर्ष पाँच बर्ष भित्र पाँच बर्ष अवधिभित्र ३ सय होमस्टेहरु स्थापना गरेर ग्रामिण टुरिज्मको डेभलपमेन्टबाट गाउँमा रोजगारीको सिर्जना गर्ने, स्वरोजगारको सिर्जना गर्ने, गाउँको गरिबि निवारण गर्ने, गाउँमा उत्पादन र उत्पादकत्व बढाउने र हाम्रो पर्यटन क्षेत्रलाई कृषि उत्पादन सँग जोड्ने अरु उद्यम सँग जोड्ने कुरा गर्ने भनेर हामीले भनेका थियौं र त्यहि अनुसार हामीले कार्यविधि बनाएर त्यसलाई पनि हामीले वितरण गर्छौं अहिले २ सय ७३ वटा होमस्टेहरु हामीले निर्णय गरिसकेका छौं र त्यस्लाई केहि न केहि सहयोग गर्‍याछौं हामीले । त्यस्तै प्रकारले धैरै मोडेल फार्मको कुराहरु उठाएका छौं हामीले हाम्रो विश्वास के थियो भने यसपटक हामीले कमसेकम वैदेशिक पलायन रोक्नका लागि युवा समुदायमा वैदेशिक पलायन रोक्नका लागि हामीले १८ बर्ष देखि ४५ बर्ष भित्रका युवाहरुलाई बढि भन्दा बढि जोड दिनुपर्छ । हाम्रो बजेटले त्यसमा केन्द्रित हुनुपर्छ र उनीहरुले सञ्चालन गर्ने व्यवसाय होला, उद्यम होला त्यसमा हामीले योगदान दिनुपर्छ भनेर हामीले के भन्याथ्यौं मोडल फार्महरुको व्यवस्थापन गर्ने त्यस्मा अझ हाम्रो नीतिगत रुपले हामीले भन्या कुरा के थियो भनेदेखि ५० प्रतिशत सम्म अनुदान दिने भन्याथ्यौं र त्यो अनुदान चाहिं तपाईंको नगद अनुदान होइन त्यो वस्तुगत अनुदान दिने भन्याथ्यौं हामीले। तर यसपटक हाम्रो हतारोले गर्दाखेरि समय नहुँदाखेरि हामीले यो सबै कुराहरु मसिनो ढंगले काम गर्न सक्या छैनौ । त्यसमा तपाईंहरुले जुन खालको कुराहरु सुझावहरु राख्नुभाछ आकर्षण गर्नुभाछ म हृदयदेखि त्यसलाई स्वीकार गर्छु। कमि कमजोरी हामीबाट भएकै छन्

र त्यस्को चाहिं हाम्रो नियतले होइन, हाम्रो असक्षमता र अयोग्यताको कारणले पनि होइन समयको यति धेरै हामीलाई चापो पऱ्यो ३ महिना बाँकी छ बजेटको प्रारम्भ भाछैन । सार्वजनिक खरिद ऐन जहाँकोतहिं छ । ६५ दिन लाग्छ एउटा काम योजना ठेक्कामा सम्झौता गरेर पहिलो पैसा रिलिज गर्नको लागि अनि हामी फागुनबाट बल्ल शुरु गऱ्याछौं त्यो बेला बल्ल अलि अलि कर्मचारी आइसक्ने योजनाहरु हस्तान्तरण हुने नयाँ योजना लागु गर्ने अनि हाम्रो कार्यविधि बनाएर कार्यविधि अनुसार त्यो प्रक्रियामा जाँदाखेरि जुन ढंगको काम भयो हामी यति धेरै आत्तियौं म यहाँ माननीय सभामुख मार्फत माननीय सदस्यज्युहरुलाई म अनुरोध गर्न चाहन्छु, स्मरण गर्न चाहन्छु चैत्र ८ गते चैत्र ८ गते मुख्यमन्त्री कार्यालयले हाम्रो समिक्षा बैठक बोलायो । दोस्रो चौमासिक समिक्षा बैठक, पहिलो चौमासिक समिक्षा पहिलो चाहिं चौमासिक समिक्षा गर्ने स्थिति नै रहेन कामै भैराछैन के समिक्षा गर्ने। पहिलो र दोस्रो चौमासिकको चाहिं समिक्षा बैठक हामीले चैत्र ८ गते राख्दाखेरि हामी सबै मन्त्रालयको रिपोर्ट बुझ्दाखेरि हामीलाई के अनुभुति भयो भने जम्मा चालु र पुँजीगत खर्च ११ परसेन्ट मात्रै भयो भन्ने कुराबाट म असाध्यै नै धेरै पिडित भएं। हामीले भन्याथ्यौं संघिय सरकारलाई हामीले २४ अरबको बजेट हामीलाई सारै थोरै भयो, अपर्याप्त भयो जनतका समस्याहरु धेरै छन् हामीले सम्पन्न गर्नुपर्ने योजनाहरु धेरै छन् तर चाहिं कहिले कहिले आफ्नै बोलीले आँफूलाई तिर बनेर छातिमा हान्ने स्थिति बन्यो जाबो २४ अर्ब खर्च गर्न नसक्ने स्थितिमा हामी पुग्यौं ।यसका पछाडि धेरै कारणहरु छन् त्यो कारणलाई कोट्याउन चाहन्न यहाँ तपाईंहरु सबैलाई थाहा छ त्यसकारणले हामीले धेरै कुराहरु चाहिं छोडेर हामीले कार्यविधि चाँडै बनाइसक्ने सायद म फेरि यो सम्मानित सदन समक्ष एउटा निवेदन गर्न चाहन्छु व्यवस्थित रुपले यति धेरै कार्यविधि बनाएर त्यसलाई नियमित ढंगले, व्यवस्थित ढंगले, पारदर्शी ढंगले खर्च गर्ने प्रदेश गण्डकी प्रदेश मात्रै हो ।यो सम्मानित सदन समक्ष मैले यो गौरवको कुरा सुनाउन पाउँदा म आफैं गौरवान्वित हुन्छु किनभने गण्डकी प्रदेश सरकारले मात्रै एउटै मात्रै मन्त्रालय किनभने तपाईंहरुले भन्नुहोला यसको बारेमा धेरै टिप्पणी गर्नुहोला यत्रो संगालो म छक्क पर्छु तिन चार महिना भित्र अनुभवहिन कर्मचारीहरु, थोरै कर्मचारीहरु, स्रोत र साधन नभएको कर्मचारीहरुले कसरी सम्पन्न गरेको होला यो । यो धेरै कठिन कुरा थियो र लोकतन्त्रको जरो जनताको बिचमा गाउँ गाउँमा, घर घरमा पुऱ्याउनको लागि यो विधि आफैंमा महत्वपूर्ण थियो त्यसकारणले यद्यपि यसमा पनि धेरै टिप्पणीका कुराहरु उठेका छन् त्यसकारणले गर्दाखेरी मैले यो

किताबै किन ल्याको भने तपाईंहरुलाई देखाउनको लागि। यसरी यो ५८ वटा कार्यविधिहरुको संगालो हो। त्यस्तै प्रकारले पचासको हाराहारीमा हाम्रो पर्यटन मन्त्रालय उता वन व्यवस्थापनको उद्योग वन पर्यटन, उद्योग, पर्यटन, वन, वातावरण मन्त्रालयको छ।त्यस्तै प्रकारले उता भौतिक पूर्वाधार मन्त्रालयको छ जसले उर्जा हेर्छ, खानेपानी हेर्छ, सिंचाई हेर्छ तपाईंहरु सबैलाई थाहा छ जसले भवन हेर्छ, शहरी विकास हेर्छ धेरै चाहिं कुराहरु छन्।त्यसकारणले अर्को चाहिं तपाईंको सामाजिक विकास मन्त्रालय जसको पनि धेरै कार्यविधिहरु निर्माण गर्नुपर्ने थियो किनभने हामीले धेरै ठाउँमा बजेट अलिकति हाम्रो बजेट अलिकति  डिस्परसिभ खालको थियो डक्क डक्क ठूलो प्रोजेक्टको छरिएको थिएन किनभने पहिलो पटक सरकार बनाउँदै थियौं। हामीलाई तपाईंहरुको यति धेरै प्रेसर पर्‍यो हामीलाई जनताको यति धेरै प्रेसर पर्‍यो त्यसलाई थेग्न नसकेर हामीले बजेट चाहिं  नचाहँदा नचाहँदै पनि अलिकति बजेट वितरणमुखी बजेट बनाएका थ्यौं हामीले त्यो वितरणमुखी बजेटलाई चाहिं विधिसम्मत ढंगले खर्च गर्ने कुरा आफैंमा धेरै कठिन कुरा रहेछ ।अनुभवको अभाव, कानूनको अभाव, विधि बिधानको या चाहिं कुनै कानुनको लिगेसी हामीसँग थिएन हामी तपाईंहरु सबैलाई थाहा छ हामीले सुन्यबाट शुरु गर्दै थियौं त्यस्ले गर्दा यसपटक चाहिं धेरै मिस्टेकहरु भएको छ नचाहँदा नचाहँदै गुड फेथका साथ गुड विलका साथ काम गर्दा गर्दै धेरै कमजोरीहरु भका छन् हाम्रा ति कमजोरीहरुलाई हामीले  लुकाइराख्नुपर्छ भन्ने लाग्दैन मलाई यो सम्मानित सदन समक्ष त्यसकारणले प्रमुख प्रतिपक्षी दलका नेताज्यूले जुनकुरा उठाउनुभाछ त्यसमा केहि कम्पिह्यन्सहरु भएकै छन् तर म एउटा निवेदन के गर्न चाहन्छु भने माननीय सभामुखज्यू र माननीय सदस्यज्यूहरु प्रदेश सभाको चौंथो अधिवेशनको पहिलो बैठकमा विपक्षी दलका नेता माननीय कृष्ण चन्द्र नेपालीज्यूले उठाउनु भएका विभिन्न बिषयमा सरकारको ध्यानाकर्षण भएको छ ।सेवा प्रवाह तथा विकास निर्माणका कार्य विधिसम्मत, निष्पक्ष, भ्रष्टाचारमुक्त, जनतामैत्री तथा लोकतान्त्रिक मूल्य र मान्यता अनुरुप हुनुपर्छ भनि विपक्षी दलका माननीय नेताले राख्नुभएको चासोलाई प्रदेश सरकारले अत्यन्तै सकारात्मक रुपले लिएको छ। सरोकारवालाहरु सँग छलफल, परामर्श र राय सुझाव लिई तर्जुमा गरिएको कार्यविधिको आधारमा सम्बन्धित सबैलाई समान अवसर दिई आवेदन आव्हान गरि कृषि मोडल फार्मको कार्यक्रम सञ्चालन गरिएकोले आफुखुशी र दलगत आस्थाको आधारमा बाँडेको भन्न नमिल्ने व्यहोरा निवेदन गर्न चाहन्छु ।किनभने कृषि मोडल फर्म कार्यक्रमलाई निष्पक्ष र पारदर्शी ढंगले सञ्चालन गर्ने कार्यविधि बनाई

लागु गरिएको छ। यस कार्यक्रमबाट धेरै भन्दा धेरै कृषि फार्महरु कृषकहरु लाभान्वित होउन र समग्र कृषि तथा पशुपंक्षी उत्पादन अघि बढोस् भनि धेरै आयोजनालाई समेट्न न्युनत्तम ५ लाख रुपैयाँ देखि बढिमा १५ लाख रुपैयाँ सम्म अनुदान सहयोग उपलब्ध गराइएको छ ।सबैका लागि खुला रुपमा निवेदन आव्हान गरिएको हो । भैंशीपालन, गाईपालन, तरकारी बाली, कृषि व्यवसाय, बाख्रापालन, फलफूल खेती, फूल, कुखुरा तथा पंक्षीपालन, मसलाबाली, बंगुरपालन, माहुरीपालन र च्याउ खेती उपसमूहमा विभाजन गरि छनौट गरिएको थियो। अलग अलग समूह विभाजन गरि छनौट गरिएको हो। कार्यविधि बमोजिम पहिलो चरणमा एक सय पचहत्तर वटा प्रस्ताव मात्र छनौट भएको हो।अनुदान रकम कम गरेर भएपनि दोस्रो चरणमा योग्य र सबै उपयुक्त प्रस्तावलाई समेट्ने प्रयास गरिएको हो। स्थलगत निरिक्षण प्रतिवेदन प्राप्त भइ सो को आधारमा मात्र फार्म छनौट भएकोले अनुदानको दुरुपयोग आफुखुशी वा दलगत आस्थाका आधारमा बाँडेको भन्न चाहिं अलि मिल्दैन कि भन्ने मेरो अनुरोध छ र हामीले यसप्रकार चाहिं त्यस्को समूहहरु विभाजन गरेर कृषि ज्ञान केन्द्र हाम्रो ३ वटा ठाउँबाट संरचनाबाट हामीले यो मोडेल फार्महरुलाई अनुदान दिने प्रबन्ध गरेका थियौं। एउटा ठूलो फार्महरु मन्त्रालयबाटै गर्ने, अलि बिचका मध्यम खालका फार्महरुको निर्देशनालयबाट गर्ने र यो बाँकी धेरै चाहिं जो फार्महरुको आवेदन आएको थियो त्यो त्यस्को वर्गिकरण गरेर ज्ञान केन्द्र र पशु विज्ञ केन्द्र मार्फत ति कार्यालय मार्फत गर्ने किनभने हामीले ज्ञान केन्द्र र पशु विज्ञ केन्द्रमा मात्र किन सिमित नराखिएको भने त्यहाँ कर्मचारीको संख्या असाध्यै थोरै थियो।कर्मचारीको अभाव छँदै थियो पहिलो कुरा दोस्रो कुरा चाहिं कतिपय कुराहरु चाहिं उनीहरुको स्तरभन्दा धेरे माथिको स्तरबाट निर्णय गर्नुपर्ने बिषय पनि थियो त्यसैले तीन तहमा चाहिं वर्गिकरण गरेर कृषि ज्ञान केन्द्रबाट कृषि ज्ञान केन्द्र छ वटा छन् हाम्रो अञ्चलमा छ वटा जिल्ला  एघारवटा जिल्ला छन् तर हाम्रा जिल्ला कार्यालयहरु छ वटा छन् त्यसकारणले छ वटा जिल्लाले जिल्ला कार्यालयहरुले चाहिं एघारवटा जिल्लालाई चाहिं हेर्नुपर्ने हुन्छ छ वटा जिल्ला कार्यालयबाट ११ वटा जिल्लाबाट आएका आवेदनहरु १६२ वटा आवेदन परेको १५९ वटा आवेदन हामीले छनौट गरेका थियौं छ करोड ९० लाख रुपैयाँ चाहिं छनौट भएर सम्झौता भइसक्या छ यस्तै भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ७ वटा छन् हाम्रो ७ वटा जिल्ला मार्फत चाहिं ११ वटा जिल्लाका चाहिं २३६ वटा आवेदनहरु मध्ये १६५ वटा मात्रै छनौट भएर ५ करोड ११ लाख रुपैयाँ चाहिं हामीले अनुदान दिएका छौं त्यसबाट छनौट भइ सम्झौता सम्पन्न भइसक्या छ

।कृषि विकास निर्देशनालयबाट १६० वटा आवेदन मध्ये १२८ वटा आवेदनको आवेदन छनौट भएर ४ करोड ७७ लाख चाहिं छनौट भै सम्झौता सम्पन्न भाछ त्यति चाहिं हामीले वितरण गऱ्या छौं। पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयबाट ५६७ वटा बढि चाहिं त्यहाँ थियो, त्यसमध्ये हामीले १५२ वटा मात्रै छनौट गरेर ५ करोड १९ लाख अनुदान रकम हामीले सम्झौता मार्फत वितरण गरेका छौं ।यो सबै १५२ मात्रै किन भनेको भनेदेखि हामीले एउटा सिलिङ राख्यौं पछाडि ५ लाख देखि १५ लाख सम्म बढिमा १५ लाख सम्म र घटीमा ५ लाख सम्म भन्याहुनाले त्यो रकम भित्र रहँदाखेरी हाम्रो त्यो रकम हामीले जुन रकम विनियोजन गरेका थियौं विगतको बजेटमा त्यो रकमले भेट्ने गरेर १५२ करोड निर्णय गरेको हो त्यो रकमले नम्बरिङका आधारमा, मेरिटका आधारमा १५२ वटा गरेको हो ।भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट १ हजार ११ वटा आवेदन परेकोमा २ सय १५ वटा मात्रै छनौट गर्न सक्यौं हामीले । त्यसमा १७ करोड ५ लाख हामीले वितरण गरेका छौं। त्यसकारणले यो ५ वटा केन्द्रहरुबाट कृषि ज्ञान केन्द्रहरुबाट, पशु विज्ञ केन्द्रहरुबाट, कृषि विकास निर्देशनालयबाट, पशु विकास, मत्स्य विकास निर्देशनालय र मन्त्रालयबाट चाहिं यत्तिको रकम चाहिं हामीले विनियोजन गरेका छौं । मुल्याङ्कनका मुख्य आधारहरुलाई यथावतै राखी कार्यक्रमलाई थप प्रभावकारी र पारदर्शी बनाउन कार्यविधि संशोधन गरिएको, मुल्याङ्कनको जुन हामीले सूचि बनाएका थियौं नम्बरिङको प्रबन्ध त्यो चाहिं हामीले नम्बरिङको प्रबन्ध तलमाथि गरिएन खालि तपाईंको जुन आधार हो जस्लाई चाहिं हामीले ५० लाखको छ भने २५ लाख रुपैयाँ दिने भनेर हामीले नीतिमा बोलेका थियौं, एक करोडको आयोजना छ भने ५० लाख सम्म अनुदान दिन सक्छौं औचित्यको आधारमा भनेका थियौं हामीले। ५० लाख दिन नसकिने भयो, २५ लाख दिन नसकिने भयो ४० लाख दिन नसकिने भयो, २० लाख दिन नसकिने भयो, त्यसकारणले हामीले के भन्यौं सिलिङ चाहिं सबैभन्दा धेरै पाउनेले १५ लाख दिने गरेर अलि धेरैलाई दिनुपर्छ भनेर त्यस्मा चाहिं संशोधन गरेको हो थप यहि हो संशोधन गरेको हामीले किनभने हामीले ४ सय जति मोडल फार्महरुलाई वितरण गर्नुपर्छ होला भन्ने हाम्रो अनुमान थियो ५ वटा कार्यालयहरुबाट तर आवेदन चाहिं २२ सय वटा आवेदन परेको हुनाले एउटा कुरामा हामी धेरै खुशी छौं कि प्रदेश सरकारको यो आव्हानमा धेरै भन्दा धेरै तपाईहरुको कृषकहरु चाहिं सहभागी हुने कुरा जनताको सहभागिता विना, जनताको समर्थन विना, जनताको प्रतिनिधित्व विना यस्तो कार्यक्रमहरु सफल नहुने धेरै ठाउँमा दखिएको छ सरकारले मात्रै गरेर केहिपनि हुन्न त्यसकारणले

सरकारले गरेको यो आव्हानमा जनताको यति धेरै सहभागिता भएको कारणले गर्दाखेरी हामीले ४ सय भनेपनि कमसेकम यसको डबल पारेर चाहिं वितरण गर्नुपर्‍यो भनेर अलिकति हाम्रो त्यो रकमा तलमाथि भएको हो। त्यस्मा मात्रै हामीले संशोधन गरेर गरेको हो मैले किन यो कुरा उठाएको छु भने नम्बरिङमा हाम्रो छनौट गर्ने जुन विधि छ त्यो विधिमा हामीले परिवर्तन गरेका छैनौं। आगामी कार्यक्रममा यस कार्यविधिलाई थप संशोधन गर्न सकिने भएकोले मैले भनेको छु माननीयज्यूरुलाई सुझाव समेत समावेश गरि कार्यविधिलाई थप चुस्त, दुरुस्त र व्यवहारिक बनाउन सकिने अवस्था रहेको । म के निवेदन गर्न चाहन्छु भने हाम्रो ४ वटा संसदीय समितिहरु छ। ४ वटा संसदीय समिति सँग सम्बन्धित बिषयहरुमा मेरो यो प्रतिबद्धता हो तपाईंहरुले नोट डाउन गरेर राखे हुन्छ आगामी दिनमा हामीले कार्यविधिहरु संशोधन गर्दाखेरि तपाईंहरुलाई समावेश गरेर तपाईंहरुसँग छलफल गरेर फेरि चाहिं हाम्रो चाहिं अरु कार्यालयहरु सँग पनि छलफल गर्नुपर्ने छ। तल चाहिं व्यवसायीहरु त्यो तहसम्म काम गरिरहेका व्यवसायीहरु सँग पनि छलफल गर्नुपर्ने हुन्छ। तिनीहरु सँगको छलफलबाट हामीले कार्यविधिलाई संशोधन गर्न पर्‍यो भने हामीले संशोधन गर्छौं ।कार्यविधि संशोधन गर्नुपर्ने के मा छ हामीले एउटा कुरा चाहिं मा धेरै समस्या परेको माननीय प्रतिपक्षी दलका नेता कृष्णचन्द्र नेपाली भन्दा म, म यो मोडेल फार्ममा चाहिं रकम वितरण गरेकोमा म छक्क परेको मैले कृषि मन्त्रीलाई धेरै आलोचना गर्‍याछु।के कुरामा यस्तो मिस्टेक भयो भनेर गाउँमा कस्तो भयो भने मैले आफ्नै निर्वाचन क्षेत्रको कुराकानी गरेको। एउटा साथी २० वटा भैंशी पाल्दै हुनुहुन्छ, अनि अर्को युवा २० वटा गाई पाल्दै छन् युवाले पायो अर्को चाहिं साथीले पाउनुभएन। वहाँले कडा चाहिं प्रोटेस्ट गर्नुभयो उहाँलाई यस्तो चाहिं हुन्छ गर्नेलाई नदिने यस्तोलाई दिने भनेर हेर्दै जाँदाखेरि चाहिं कार्यविधिमा के रैछ भनेदेखि मैले पनि हाम्रो प्रदेश सरकारले पनि के भनेको थियो भनेदेखि यो युवा पलायनलाई रोक्नुपर्‍यो भन्ने कुरा थियो हाम्रो बेसी जोड त्यस्मा थियो यो युवा पलायनलाई रोक्नुपर्‍यो भन्दाखेरि १८ बर्ष देखि ४५ बर्षका मैले आँफैले भनेको त्यो कुरा फेरि १८ बर्ष देखि ४५ बर्षका युवाहरुले सञ्चालन गरेको मोडेल फार्मलाई बढि प्रायोरिटी दिनुपर्छ भन्या थिएँ। मानि लिउँ न २० वटा चाहिं के रे भैंशी पाल्ने चाहिं ५० बर्षे भन्दा २० वटा भैंशी पालेको ३० बर्षेलाई बढि प्रायोरिटी दिनुपर्‍यो बराबरी नम्बर आयो भने भन्या थें मैले तर त्यल्लाई हाम्रो कार्यविधिमा कसरि चाहिं पुटिङ गरिएछ भनेदेखि त्यस्लाई पनि एउटा अंक मानेर १८ बर्ष देखि ४५ बर्ष सम्मका भित्रका चाहिं युवा उमेका मान्छेहरुले

फार्म सञ्चालन गर्‍या छ भने त्यसलाई अंक चाहिं दिंदाखेरि १० नम्बर दिने प्रबन्ध हुँदाखेरि त त्यो १० नम्बरले चाहिं जितिहाल्ने रैछ नि। त्यस्ले गर्दाखेरि त्यस्मा चाहिं केहि न केहि के रे धाँधली गर्‍यो कि, या आस्थाको आधारमा बाँड्यो कि, या चाहिं तपाईंको के रे नेताहरको, मन्त्रीहरुको नजिकको आधारमा बाँड्यो कि भन्ने कुरा जुन आशंका भाछ यो कारणले समस्या भएको हो भन्ने कुरा मन्त्रीज्यूले मलाई भनेपछि आगामी बर्षदेखि यसमा चाहिं अलिकति संशोधन गर्नुपर्छहोला भनेर हामीले भन्या छौं त्यसमा तपाईंहरुको सुझाव चाहिं हामी लिन्छौं।अर्को यसैमा समस्या परेको के देखिन्छ भने अर्को एउटा नम्बरिङको नम्बर पनि रहेछ त्यो भन्या भुकम्प पिडित र द्वन्द पिडितहरुलाई पनि हामीले नम्बरिङमा १० नम्बर राखेका रैछौं त्यसले गर्दाखेरिमा के हुन्छ भने द्वन्दपिडितहरुले अलिकति बेसिले पाएको छ। मलाई नि तपाईंको म तपाईंलाई भन्न चाहन्छु खुलासा गर्न चाहन्छु मलाई धेरै चाहिं युवाले फोन गरेर मेसेज पठाएर भन्नुभयो सप्पै वाइसिएलले पायो अनि तपाईं मुख्यमन्त्री हुने के हो यो त कृष्ण चन्द्र नेपालीको मात्रै प्रश्न छैन नि मुख्यमन्त्रीकै प्रश्न छ त्यहाँनेरि। मैले यो मन्त्रीलाई दोष दिईराछैन हामीले यो कार्यविधि बनाउँदाखेरि कहाँ ध्यान दिएनछौं भनेदेखि त्यो हाम्रो थुप्रै ठाउँमा छलफल भएर पनि कार्यविधि पास भाहो। त्यसकारणले मैले मन्त्रीज्यूलाई भन्या छु अब यो तुरुन्त संशोधन गर्नुपर्छ। द्वन्द पिडितहरुलाई हामीले संबोधन गर्ने चाहिं अलग्गै बजेट बनाउनुपर्‍यो त्यसकारणले यो चाहिं सप्पै समावेश गरेर त्यसमा चाहिं द्वन्द पिडितहरुलाई स्पेशल १० नंम्बर दिनेहो भनेदेखि त्यो १० नम्बरले उ अगाडि भैहाल्छ।१८- ४५, २० उमेर भएको अगाडि भएजस्तै त्यो चाहिं २० को र यो २० को पर्दाखेरि धेरैलाई के भयो भनेदेखि आस्थाको आधारमा बाँड्यो चाहिं भन्नेकुरा व्यवहारमा हेर्दाखेरि त्यस्तो देखिन गएको हो। त्यसमा माननीयज्यूहरुलाई के भन्न चाहन्छु भने खासगरि प्रमुख प्रतिपक्षी दलका नेतालाई के भन्न चाहन्छु भनेदेखि यो मुल्याङ्कन प्रणालीमा यो चाहिं प्रावधानले गर्दाखेरि त्यस्तो चाहिं गाछ।मैले भनिसक्या छु उहाँलाई निर्देशन दिइसक्याछु आगामी बर्ष यो द्वन्द पिडित, भुकम्प पिडित अब हामी राख्दैनौ। किन भुकम्प पिडितको उतातिर काम भइराखेकै छ त्यसलाई राख्नुपर्‍यो भने अर्को शीर्षक राखेर बजेट अर्कै चाहिं शीर्षकमा द्वन्दपिडितहरुको अलग्गै बजेट राखेर व्यवस्थापन गर्नुपर्छ यसलाई आम चाहिं व्यवसायी तिर राख्यो भने उस्ले स्पेशल प्रिभिलेज पाउँछ त्यसमा हामीलाई आलोचना हुन्छ टिप्पणी हुन्छ हाम्रो बिरोध हुन्छ भन्याछु। त्यसैले यो पनि हाम्रो संशोधनको कुरा हो त्यसकारण यस्तो औल्याइदिनु भएकोमा मैले अगि नै

भन्याछु हामी धेरै खुशी छौं। माननीयज्यू कृष्णचन्द्र नेपालीज्यूलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु। यस्ता कुराहरु लोकतन्त्रमा हुनुपर्छ हामीले कहिं न कहिं चाहिं हामीले भन्याछौं गुड फेथका साथ भन्याछौं राम्रो काम गर्दा गर्दा कहिले कहिले हामी हतारो या कहिले कहिले राम्रो गर्छु भन्दापनि ढंग पुग्दैन त्यस्ले गर्दा यो समस्या पैदा भको कुरा चाहिं म यहाँहरु समक्ष जानकारी राखे त्यसकारणले कुनै एउटा आस्था राखेर यो चाहिं काँग्रेस समर्थक छ भने नदिने यो रा.प्र.पा. समर्थक छ भने नदिने यो कम्युनिष्ट पार्टीको समर्थक छ भने त्यस्लाई दिइहाल्ने यस्तो चाहिं हामीले यस्तो बनाएको भएत कार्यविधि बनाउनै पर्ने थिएन। हाम्रो बजेटमा हामीले चाहिं त्यो मन्त्रीले चाहिं तपाईंको फलाना फलाना फलाना भनेर चाहिं एउटा निर्णय गरेर क्याविनेट स्तरको निर्णय गरेर गरिदिन पनि सक्थ्यो। यो चाहिं अलोकतान्त्रीक हुन्छ, अव्यवहारिक हुन्छ, यो चाहिं तपाईंको हाम्रो चाहिं जनसहभागितामुलक सिद्धान्तको विपरित हुन्छ, गणतन्त्रको आदर्श विपरित हुन्छ भनेर हामीले यहि चाहिं के रे यत्रो लामो चाहिं तपाईंको दुःख गरेर यस्तो कार्यविधिहरु बनाएका छौं त्यसकारणले गर्दाखेरि चाहिं मैले यहाँहरुसँग के निवेदन गर्न चाहेको भनेदेखि यो सप्पै कामहरु हामीले राम्रो काम गर्छौं भन्दाभन्दै पनि केहि कमि कमजोरी भएकै कुरा चाहिं मैले यहाँ यहाँहरु समक्ष निवेदन गरिसक्या छु। फेरि कि हामी कसैलाई चाहिं भनेनौ यल्ले दिन पाउने यल्ले दिन नपाउने सम्पूर्ण आव्हान गरियो सप्पै जिल्लामा भनियो त्यस्ले गर्दाखेरि यो चाहिं कहाँ चाहिं धेरै व्यवसायिक कामहरु भैराख्या हुन्छ त्यहिंको चाहिं के रे त्यहि बढि पर्दोरहेछ मैले के भने उहाँहरुलाई यो कास्कीमा किन धेरै पारेको हो कास्कीमा त्यस्तो व्यवसाय गर्ने मान्छे धेरै हुन्छ त अनि व्यवसाय गर्ने मनाङको कहाँ धेरै पर्छ। मुस्ताङको कहाँबाट धेरै आउँछ। त्यसकारणले जहाँ चाहिं त्यो काम धेरै भैराख्या हुन्छ त्यहिंको शुरुका दिनहरु त्यहिंको अब त्यसलाई कसरी सन्तुलित बनाउने कसरी समावेशी बनाउने कसरी व्यवहारिक बनाउने भन्नेकुरा अबको आगामी दिनमा हामीले कार्यक्रम बनाउँदै जाँदाखेरी ती ठाउँहरुलाई प्रायोरिटी दिंदै जानुपर्ने कुरा त्यहाँ सुधार त्यसरी गर्नुपर्ने हो होला। यसपटक हामीले त्यो काम त शुरुमै भन्याथ्यौं त्यो काम गर्न सकिएन भनेर। त्यसकारणले गर्दाखेरि चाहिं यो स्थिति देखा परेको हो। चालु आर्थिक बर्षको कार्यक्रमको प्रभावकारिता र आम कृषकका मागका आधारमा आवश्यक परिमार्जन गरि आगामी बर्ष अब चाहिं माननीयज्यूको एउटा प्रश्न छ यस्ता बास्केट फण्डमा राखेर आगामी दिनमा दिनदेखि यो ७६/७७ को बैठकमा चाहिं बजेटमा यस्तो कार्यक्रमहरु नराखियोस् भन्ने माननीयको भनाई

छ ।त्यसमा चाहिं निरपेक्ष ढंगले जान सकिन्न व्यवहारिक हुन्न त्यो हामी अधिकतम् रुपमा यस्लाई व्यवहारिक बनाउने प्रयत्न गर्छौं । अब यस्लाई चाहिं अधिकतम् रुपमा घटाउने प्रयत्न पनि गर्दै लैजान्छौं तर उदाहरणको लागि म भन्न चाहन्छु अब फेरि पनि बास्केटमा आउँछ । २ सय ७३ वटा चाहिं तपाईंको होमस्टेहरु सञ्चालन भएका छन् हैन । हामी के भन्न सक्ने भयौं २ सय ७३ वटा होमस्टे प्रवर्द्धनको लागि यसपटक पनि हामीले रकम छुट्याउनु पर्नेछ। तर सप्पै त्यो नामहरु लेखेर सम्भव छैन २ सय ७३ मध्येबाट त्यस्मा पनि सप्पैलाई चाहिं दामासाहीले दिनुपर्छ भन्ने लाग्दैन मलाई त्यसमा कुनको केहि आवश्यकता बढि होला त्यसलाई २० लाख होला कसैलाई १५ लाख होला कसैलाई १० लाख होला त्यस्तै हुनसक्दछ जो जहाँ धेरै चल्याछ जहाँ धेरै राम्रो काम भाछ त्यस्मा चाहिं अलिकति प्रोत्साहन गर्ने जहाँ सम्भावनै छैन त्यहाँ धेरै चाहिं उस गरेर किन राख्ने यसपटक चाहिं हामीले पहिलो बर्ष भाहुनाले प्रोत्साहन गरौं न सबैलाई भनेर २ सय ७३ वटा हामीले छनौट गरेका छौं ।त्यो चाहिं फेरि एउटै बास्केटमा आउनेभयो त्यस्तो रकमहरु सायद त्यस्तो रकमको बारेमा भन्नुभएजस्तो मलाई लाग्दैन पनि फेरि यो अमुक रुपमा तपाईंको योजना चाहिं नभन्ने तर टुक्र्याउने हामीले यस्तो यस्तो कामको लागि यस्तो चाहिं गर्छौं भनेर फेरि पनि केहि केहि ठाउँमा त्यस्तो आउनुपर्ने हुनसक्छ । त्यसकारणले गर्दाखेरि चाहिं सकभर हामी चाहिं यस्तो बास्केट फण्डमा पैसा राखेर चाहिं पछि कार्यविधिबाट गर्ने भनेर काम गर्ने कुरामा भन्दापनि अहिले चाहिं तोकेरै जानेकुरा हामीलाई सजिलै त्यहि हुन्छ सबभन्दा । त्यसकारणले त्यसैमा जानेकुरा चाहिं यहाँहरु समक्ष निवेदन गर्दै अरु केहि केहि चाहिं कार्यक्रमहरु फेरि त्यसरि आउनु, ल्याउनुपर्ने बाध्यता हामीसँग छ भन्नेकुरा यहाँहरु सँग निवेदन चाहेको त्यसकारणले अब प्रदेशलाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउन, कृषकलाई प्रोत्साहित गर्न सञ्चालन गरिने यस्ता कार्यक्रममा माननीय सदस्यहरुको राय सल्लाह सुझावले परिमार्जन गर्दै लगिने व्यहोरा अनुरोध छ। धेरै चाहिं प्रोग्रामहरु चाहिं हामीले तपाईंहरुसँग सोधेर नसोधीनहुने सोध्नेपर्ने त हामीले सोधेकै छौं नि त । कतिवटा मुख्य चाहिं कृषि मुख्यमन्त्री जलवायूमैत्री स्मार्ट कृषि भिलेज चाहिं कहाँ कहाँ बनाउने भन्नेकुरा हामीले के गर्‍यौं कतिवटा बनाउने भन्नेकुरा कृषि जिल्ला बनाउने भनेर भनियो पछि चाहिं हामीले अहिले चाहिं रकम धेरै छैन धेरै चाहिं बनाउन सकिन्न एउटा एउटा चाहिं फ्रेमवर्क बनायौं हामीले ३६ वटा निर्वाचन क्षेत्रमा प्रदेशको निर्वाचन क्षेत्रबाट एउटा एउटा गाउँ रोजौं भनियो। त्यो गाउँ रोज्ने अधिकार हामीले माननीयहरुलाई नै दियौं । माननीयहरुले जे सुझाव

राख्नुभयो त्यहि सुझावको आधारमा चाहिं ठ्याक्कै त्यहि ति मध्येका चाहिं एउटामात्र भएको भए एउटै परिहाल्यो चार पाँचवटा अप्सनहरु दिनुभएको भए त्यस्को सबभन्दा धेरै अप्सन छानेर हामीले चाहिं ती अप्सन मध्येबाट छानेका छौं। हामीले त्यस्तै प्रकारले चाहिं एउटा निर्वाचन क्षेत्रमा एउटा चाहिं रणनीतिक सडक बनाउने भन्यौं प्रदेश सरकारले। त्यो रणनीतिक सडक बनाउँदाखेरि पनि हामीले भन्यौं माननीयज्यूहरुलाई त्यो चाहिं तपाईंले जुन सिफारिस गर्छ त्यहि चाहिं सडक बनाउँछौं भनेर त्यसमा मुख्यमन्त्रीले मेरो निर्वाचन क्षेत्र मैले भन्या हो तर मेरो निर्वाचन क्षेत्रबाट ३५ वटा निर्वाचन क्षेत्र ३५ जना अरु माननीयज्यूहरुले या त्यो निर्वाचन क्षेत्रमा रहने माननीयहरुको सहमतिमा उहाँहरुले जे सुझाव गर्नुभो हामीले त्यहि सडक चाहिं छान्यौं। हामीले त्यस्मा कुनै अर्को सडक छानेका छैनौ त्यसकारणले माननीयहरुलाई बाईपास गरेर लगियो भन्नेकुरा आंशिक सत्यमात्रै हो भन्नेकुरा म निवेदन गर्न चाहन्छु। किन आंशिक सत्य होइन भने कतिपय सत्य कुरामा चाहिं २ सय ७३ वटा कल्लाई बनाउने कुन गाउँमा बनाउने भनेर सप्पैलाई सोधेर साध्यै भएन त्यो। तर पनि ती २ सय ७३ वटा गाउँपालिकाहरु यो होमस्टेहरु छनौट गर्दा तपाईंहरुले दिएको नामचाहिं कुन परेनहोला म छक्क पर्छु। पऱ्या छ हामीले सबैलाई सम्मान गऱ्याछौं । यो उ भन्ने नै छैन प्रदेशको विकासमा तपाईंको जसरी योगदान पुग्छ हामी सप्पैको सहभागिता भयो भने कार्यक्रम सम्पन्न गर्न सजिलो हुन्छ, समावेशी विकासमा सजिलो हुन्छ । आखिर यो प्रदेशक ८५ वटा गाउँपालिका भित्रै पर्छौं हामी, यो प्रदेशको ३६ वटा निर्वाचन क्षेत्रभित्रै पर्छौं हामी, यो प्रदेशको ११ जिल्ला भित्रै पर्छौं हामी त्यसकारण यो प्रदेशको विकास गर्ने हो भने त्यहाँ त्यो प्रदेशको तत् तत् ठाउँबाट आएका जोसुकैले भनोस् जुनचाहिं हाम्रो सिद्धान्त अनुसार छ नीति अनुसार छ त्यो चाहिं हामीले अवलम्बन गर्दै, ग्रहण गर्दै लग्याछौं भने माननीयज्यूहरुले ग्रहण नगर्ने प्रश्नै छैन त्यसकारणले गर्दाखेरि यहाँ अब अर्को चाहिं स्कूलहरु पनि त्यहि होला । अलि क्याम्पसहरुको चाहिं अलि व्यवस्थित भएन । मैले फेरि यहाँहरुसँग फेरि एउटा निवेदन गर्न चाहन्छु हाम्रो तर्फबाट या मन्त्रालयको तर्फबाट भएको एक दुई वटा कमजोरीको कुरा पनि म यहाँ भन्न चाहन्छु ।हामीले के गरेनौ कुन कुन बिद्यालयमा चाहिं पानी खानेपानी छैन, कुन कुन बिद्यालयमा पुस्तकालय छैन, कुन कुन बिद्यालयमा चाहिं ट्वाइलेट छैन, कुन कुन बिद्यालयमा चाहिं तपाईंको प्रयोगशाला छैन यो बनाउने भन्या हो नि हामीले त्यस्को छनौट गर्दाखेरि हामीले एउटा गल्ति गऱ्या छौं हाम्रो मन्त्रालयले । मैले मन्त्रीहरुलाई चाहिं सम्बन्धित मन्त्रीलाई,

सचिवलाई मैले सचेत गराइसक्या छु ।हामीले दरखास्त आव्हान गर्दाखेरि या आव्हान गर्दाखेरि आवेदन आव्हान गर्दाखेरि हामीले एउटा चाहिं मापदण्ड राख्नुपर्दोरहेछ त्यो मापदण्ड नराख्दाखेरि के भयो चलाखहरुले जस्ले चाहिं तपाईंको सप्पै प्रक्रिया मिलाउन जान्या छ त्यस्ले चाहिं लगभग ३०- ४० वटा आईराछ हैन कुनै जिल्लाको शुन्य छ, कुनैको ३ वटा छ, ५वटा छ के हामीले चाहेको यस्तै असमावेशी विकास हो । होइन नि ।तर हामीले कार्यान्वयन गर्दाखेरी हाम्रो चाहिं सानो चाहिं कुरा हेक्का नराख्दा यस्तो चाहिं गल्तिहरु भा छ ।मैले सम्बन्धित मन्त्रीलाई भनिसक्या छु यो चाहिं करेक्सन गर्नुपर्छ, हामीले चाहिं कहाँ करेक्सन गर्ने हामीले त्यो आव्हान गर्दाखेरि ट्वाइलेट निर्माण गर्नुपर्ने बिद्यालय चाहिं आव्हान गर्दाखेरि ति मा या त जिल्लालाई आधार मान्नु पर्‍यो या त निर्वाचन क्षेत्रलाई आधार मान्नु पर्‍यो या त पालिकालाई आधार मान्नुपर्‍यो । हामीले पालिकालाई आधार मानेर धेरै चाहिं धेरै योजना दिनसक्ने ठाउँमा छैनौ हामी । हामी बढिमा के हौंला निर्वाचन क्षेत्रलाई आधार मान्न सक्ने हौं त्यसकारणले एउटा निर्वाचन क्षेत्रबाट एक जना एउटा वा दुइटाको मात्रै भएको हो भनेर चाहिं आव्हान गरिदिएको भए १० वटा आएपनि हामीले सेलेक्सन गर्ने एउटा मात्रै हुन्थ्यो ।यहा दुइटा गर्ने भा भए १० वटा २० वटा आएपनि हामीले सेलेक्सन गर्ने १८ वटा फालिन्थ्यो दुइटा सेलेक्सन गर्थ्यौं। त्यसो गर्दाखेरि हाम्रो चाहिं के रे दुइटाको दरले दिएको भए सामान्यतया चाहिं तपाईंको ३६ दुना ७२ ले पाउँथ्यो ।ती ७२ वटा प्रत्येक निर्वाचन क्षेत्रमा दुई दुई वटा हुन्थ्यो । समावेशिताको हिसाबले यो चाहिं यो चाहिं कार्यान्वयन गर्ने कुरा हाम्रो कमजोरी भा छ ।आगामी आर्थिक बर्षमा यो कुरालाई हामीले करेक्सन गर्छौं ।त्यो चाहिं प्रतिबद्धता यो सम्मानित सदन समक्ष पेश गर्न चाहन्छु ।अर्को कुरा त्यस्तै प्रकारले क्याम्पसको पनि त्यहि भा होला। हामीले त्यो व्यवस्थापन गर्न नसक्दाखेरि चाहिं धेरै चाहिं भद्रगोल भयो यसपटक ।पैसा पनि गैरहेकै छ, हैन मा. बि. भनेको तपाईंको कुनै अर्को चिजलाई पाएको छैन, आमा समूहले पाको हैन मा.बि. ले पाएको हो ।रेष्टरुम नै बनेको हो, या चाहिं तपाईंको लाइब्रेरी नै बनेको हो, या ई-लाइब्रेरी नै बनेको लर्निङ सेन्टर नै बनेको हो तर त्यो चाहिं समावेशी भएन । सारै गम्भिर विचलन त्यहाँ चाहि देखियो कार्यान्वयन गर्ने कुरामा ढंग नपुगेको हो ।ढंग नपुगेको कुरालाई अर्कोपटक ढंग पुर्‍याउछौं भनेपछि तपाईंले हामीलाई चाहिं पक्कै पनि सुख दिनुहुन्छ होला ।त्यहि विश्वास छ मलाई । त्यसकारणले गर्दाखेरि यस्तो कुराहरुमा धेरै हाम्रो कमजोरी भा छ कार्यान्वयनमा चाहिं हाम्रो कमजोरी भा छ ।त्यो कुनै हाम्रो मन्त्रीलाई पनि एउटै जिल्लामा

४० वटा पार्नु एउटा जिल्लामा शुन्य बनाउनु गोरखा एउटा जिल्लामा दुइटा मात्रै पारौं भन्ने होइन। पछि ढंग पुगेर पछि त्यो यस्को रिजल्ट आउँदा खेरि कल्ले सेलेक्सन गर्दिने झल्यास्स भयो । अब आचि पनि गरिसक्यो दैलो पनि देखेर के हुन्छ ।अर्कोपटक देखि चाहिं तपाईंको हैन पहिला चाहिं दैलो हेर्नुपर्‍यो त्यो काममा चाहिं हामीले चाहिं सचेत भएका छौं हामी सचेत गराएका छौं र आगामी दिनमा यस्तो काम हामी सुधार गर्छौं । अब दोस्रो प्रश्न छ माननीय चाहिं सदस्यज्यूको जिज्ञासा के छ भने कर्मचारीहरुको पदस्थापना र सरुवा गर्दाखेरि राजनीतिक आस्थाका आधारमा गरियो भन्ने छ । बिल्कुल होइन म के निवेदन गर्छु भने मैले आज यो चाहिं के रे मुख्यमन्त्रीको कार्यालयले गर्ने हो । धेरै मन्त्रालयबाट आएका सिफारिसहरु तपाईंलाई म निवेदन गरौं कर्मचारी संगठन यूनियनका मान्छेहरु संगठनका मान्छेहरु आएका थिए ।संगठनका मान्छेहरुले जे कुरा भनेका थिए त्यसमा एउटा पनि मैले पुरा गरिन ।किन उनीहरुको आफ्नो आफ्नो चाहिं तपाईंको एउटा स्वार्थ छ केहि केहि छ कसरि आफ्ना मान्छेहरुलाई बाँडफाँड गर्ने भनेर मैले भने कर्मचारीहरुको काम यहि हुन्छ जहाँ चाहिं तपाईंहरुको अलि अलि कमाउन पाईन्छ त्यहि त हो नि सबैको आफ्नो आफ्नो नेताहरुलाई चाहिं पठाउने कुरा सिफारिस गर्ने कुरा अन्त चाहिं नगर्ने कुरा । मुख्यमन्त्री कार्यालयलाई बलियो बनाउनु पर्छ भन्ने तपाईंको खोई मनसाय ।या चाहिं तपाईंको अर्थ मन्त्रालय बलियो बनाउनु पर्छ या भौतिक मन्त्रालय बलियो बनाउनुपर्छ त्यहाँ बस्नुपर्छ काम गर्नुपर्छ भन्ने खोई। मुख्यमन्त्रीको कार्यालयमा कुनै इन्सेनटिभ छैन त्यहाँ मुख्यमन्त्रीको कार्यालयमा अहिलेसम्म चाहिं उपसचिव र सचिवहरु छैन । यो त हामीले व्यहोरिराका छौं। त्यसकारणले यसकारण बिल्कुल यसमा केहि आवाज आउन नदिनको लागि यद्यपि आवाज एक दुई जनाले भन्या होला तर हामीले पहिले के भन्यौं सबभन्दा पहिलो जेष्ठतालाई आधार मानौं ।सिनियर जो छ सिनियर अगाडि जुनियरलाई पठाउने कुरा हामी गर्दै गर्दैनौं ।को हो भन्ने हैन सबै हाम्रो कर्मचारी हो । चुनावको बेला उस्ले रुखमा भोट हाल्छ होला, उल्ले चाहिं तपाईंको सूर्यमा भोट हाल्छ होला, उस्ले अर्को चाहिं तपाईंको के रे छातामा भोट हाल्छ होला त्यो बेग्लै कुरा हो तर उ कर्मचारी भएको हिसाबले तेस्रो तपाईंको हाम्रो जनशक्ति भएको हिसाबले उस्को ज्ञान सीप चाहिं श्रमलाई हामीले अधिकतम् प्रयोग गर्नुपर्छ भन्ने हिसाबले अनुभवको आधारमा चाहिं जो सिनियर छ त्यस्लाई हाम्रो पहिलो प्रयोरिटी दियौं पहिलो कुरा । दोस्रो कुरा अपाङ्गता भएका साथीहरु छन् । अपाङ्गता भएकोलाई हामीले जहाँ भन्यो त्यहिं पठाउछौं सकभर ठाउँ त हुनुपर्‍यो । कुनै चाहिं तपाईंको

प्रेग्नेन्सी छ कोहि त्यो बरा दायाँ बायाँ जानै सक्दैन जहाँ चाहिं अस्पतालको सुबिधा छ पोखरामै राख्नुपऱ्यो उनीहरुलाई। त्यस्तो ठाउँमा मैले पाएन मलाई चाहिं अन्याय भयो आस्थाको आधारमा भनेर कसैलाई लागेको छ भने त्यो चाहिं गलत कुरा हो र महिलालाई हामीले प्रायोरिटी दिएकै छौं हुँदा हुँदा हामीलाई प्रश्न पनि गऱ्यो मलाई गिज्याएर केहि केहि साथीहरुले भने यद्यपी त्यो चाहिं महिला माथिको अपमानको कुरा थियो। कास्कीमा सप्पै महिला महिला भयो अब कसरी चलाउँछ पछि कार्यालय। के महिला हाकिम भएको ठाउँमा चलाउन सक्दैन भने मैले उहाँहरुलाई । हुँदा हुँदा हामीहरु धेरै महिला अधिकृतहरुलाई हामीले कास्कीमा राख्नुपर्ने भयो । जिल्ला जिल्लामा राख्ने कुरा चाहिं समस्या भयो ।उहाँहरुलाई हामीले तपाईंको चाहिं त्यस्तो बेलामा महिलाको आस्थामा कुन महिला कुन आस्थाको भनेर हो र महिला भएको नाताले चाहिं उस्ले पाउने भयो अनि दुइटै श्रीमान श्रीमती चाहिं जागिरमा छन् सकभर तिनीहरुलाई हामीले जिल्ला मिलाएका छौं। कार्यालय मिलाउन त गाह्रो भयो जिल्ला मिलाउन त सकियो किनभने यो निजामती सेवाको सम्बन्धमा यो प्रोत्साहन दिने कुरामा इन्सेन्टिभ दिने कुरामा सुबिधा दिने कुरामा यो पनि रहेछ। दुइटा श्रीमान श्रीमती जागिरमा छन् भने उनीहरुलाई हामीले सकभर एउटै जिल्लामा हाल्दाखेरि अर्को अलिकति सिनियर देखिने मान्छे चाहिं डिस्ट्रेस भाको हुन सक्दछ । त्यसबेलामा त्यस्ले तपाईंको चाहिं मलाई मात्रै अन्याय भयो भनेर भन्नेकुरा चाहिं यो सप्पै सिद्धान्तलाई मिलाउँदाखेरि चाहिं गाह्रो हुनेरैछ ।त्यसकारणले त्यस्तो केश परेर एका दुई तलमाथि पऱ्या हुन सक्छ। कहिले कहिले हामीले चाहिं के रे अलिकति हेक्का नराख्दाखेरि म्याग्दीको व्यक्ति छ अनि तपाई हामीले वाग्लुङमा किन राख्ने म्याग्दीमा उस्को खालि छ भने म्याग्दीमा किन नराख्ने । एका दुई त्यस्तो भएर पछि पनि हामीले मिलायौं । त्यसकारणले यो कर्मचारी चाहिं के रे सरुवामा, पदस्थापनामा फेरिपनि साह्रै अन्याय भयो भन्ने कहिं छ भने मलाई भन्नुहोला हामीले जे जे मापदण्ड बनाएका छौं त्यो मापदण्ड तलमाथि भएको छ भने हामी करेक्सन गर्न तयार छौं तर मलाई लाग्छ हामीले यसमा हामीले अन्याय चाहिं गऱ्या छैनौं ।एउटा सिद्धान्तमा टेकेर, एउटा मापदण्डमा टेकेर, अनुहार हेरेर होइन त्यो चाहिं आधार गऱ्या छौं। अनुहार हेरेर भन्दाखेरि चाहिं शरिरको चाहिं तपाईंको बेग्लै कार्यक्षमता भएकोलाई त हेर्नै पऱ्यो हैन। अनि महिलालाई त हेर्नै पऱ्यो तर चाहिं राजनीतिक आस्थाको आधारमा अनुहार हेरेर हामीले चाहिं गऱ्या छैनौं। आज पनि मलाई कुनै साथीले मभन्दै हुनुहुन्थ्यो यस्तो ठाउँमा चाहिं फलाना फलाना हाम्रो मान्छे त्यो

चाहिं अर्काको मान्छे पठाउने भनेर मलाई ठूलो आरोप छ आजा बिहान मात्रै सुने । हामीले जे गऱ्या छौं न्याय गऱ्या छौं । जे गऱ्या छौं हामीले ठीक गऱ्या छौं भनेर मैले उत्तर दिएँ ठूलो नेतालाई । नेताको आशय होला नेपाल कम्यूनिष्ट पार्टीको स्थायी समितिको सदस्य प्रदेशको इन्चार्ज मुख्यमन्त्री छ त्यो कार्यालयबाट कर्मचारी खटन पटन हुन्छ त्यस्ले कम्यूनिष्ट पार्टीको मान्छेलाई नखटाएर किन काँग्रेसको मान्छे पठायो भन्ने होला उहाँको मैले भने यसको आफ्नै नियम छ । आफ्नै एउटा मापदण्ड छ । त्यस्तो चाहिं यो कम्युनिष्ट पार्टीको इन्चार्ज कहाँ पठाउने भन्ने कुरा जस्तो होइन यो राज्य चलाउने कुरा हो भने मैले उहाँलाई । त्यस्को आफ्नै नर्म्स छ, आफ्नै भ्यालु छ, आफ्नै सिष्टम छ त्यस्लाई हामीले फलो गर्नुपर्छ नत्र हामी यसरी राज्य चलाउन सक्दैनौ । या त्यसबाट जति बेनिफिट लिनुपर्ने हो राज्यले जनताले त्यो लिन सक्दैन भनेर मैले उहाँलाई उत्तर दिनुपर्ने स्थिति मैले यो सारा मसिनो मसिनो कुरा किन भनिराछु हामीले जे काम गऱ्या छौं कमजोरी भएकै होला ब्रम्हा बिष्णु महेश्वरलाई त गल्ति गर्छ भनेदेखि यो पृथ्वीसुब्बा गुरुङले गल्ति गर्दैन भन्नेकुरा छैन तर इन्टेन्सनली कहिं पनि गल्ति गऱ्या छैन । एक्सिडेन्टली हुन सक्दछ । त्यसकारणले म माननीय सदस्यहरुसँग खास गरेर विपक्षि प्रतपक्षी दलका माननीय सदस्यहरुसँग यसमा यहि निवेदन गर्न चाहन्छु ।यसमा चाहिं हामीले सकभर सप्पै कुरालाई मिलाएर सकभर चाहिं न्याय दिएर त्यसमा चाहिं काम गरेका छौं सारै अन्याय भयो लौ कहिले कहिले तपाईंको एउटा चाहिं अपाङ्गता भएको व्यक्तिलाई कहाँ मनाङ पठाइदिने भनेर भन्यौं भने भोलिका दिनमा करेक्सन गर्न तयार छु । कहिले कहिले मिस्टेक हुन सक्दछ । तर त्यस्तो भा छ भन्ने मलाई लाग्दैन त्यस्तो कहिं भा छ भने भन्नुहोला र कर्मचारीको रोजाईले पनि दिया छौं फेरि हामीले अनि घर ठेगाना पनि हेऱ्या छौं धेरै कुरालाई हेरेर हामीले गऱ्या छौं घर ठेगाना गर्न सकिएन अलिकति नजिकलाई हेऱ्या छौं । तनहुँ खोज्या छ तनहुँ मिलाउनै सकिएन भने गोरखा या लमजुङ या कास्की त्यो हुन पऱ्यो मनाङमा किन पठाउने यो कुरालाई पनि हेरेको हेक्का राखेर हामीले गरेका छौं ।सकभर निवेदन दिने कर्मचारीको गुनासो सुनी सम्भव भएसम्म संबोधन पनि गरिएको हो कुनै पनि राजनीतिक आस्थाको आधारमा व्यवस्थापन गर्ने काम नगरेको व्यहोरा चाहिं माननीय सभामुख मार्फत म सदन समक्ष निवेदन गर्न चाहन्छु ।संघीय निजामती सेवा ऐन जारी भैसकेपछी प्रदेश निजामती सेवा ऐन बन्ने बाटो खुल्ने र प्रदेश निजामती सेवा ऐन जारी भैसकेपछि कर्मचारी सरुवा पदस्थापन थप व्यवस्थित हुँदै जाने व्यहोरा पनि निवेदन गर्न चाहन्छु। अब तेस्रो कुरा छ

उपभोक्ता समितिबाट काम गरिएको पारदर्शी ढंगबाट भएन भन्ने छ ।मैले यहाँहरु सँग एउटा निवेदन गर्न चाहन्छु हामीले भन्या थियौं यसपटक चाहिं हामीले सकभर ss सकभर उपभोक्ता समिति मार्फत हामीले कामै गर्दैनौ भनेर तर अब कतिपय कुराहरु व्यवहारिक छैन नि १० लाखको चाहिं तपाईंको ठेक्का पट्टा गरेर यो ६५ दिनको सार्वजनिक खरिद ऐनको बाटो लागेर के हुने भन्नुस त। १० लाखको काम २ लाखमा गर्छु ३ लाखमा गर्छु भन्ला त्यस्लाई दिनुपर्ला त्यस्तो रमिता किन हेर्ने यसकारणले यो निरपेक्ष रुपले गर्दै नगर्ने कुरा हो खालि त्यहाँ चाहिं भएको अनियमितता, त्यहाँ भएको राजनीतिक आग्रह पूर्वाग्रहको कुरा, त्यहाँ भएको समन्वय समझदारीको कुरा चाहिं मिल्या छ कि मिल्या छैन भन्ने कुरा हेर्ने एउटा कुरा भयो त्यसकारणले हामीले के भन्यौ भने पछि चाहिं पछिल्लो चरणमा मैले माननीयज्यूसँग कुराकानी गऱ्या छु जस्तो लाग्छ । हामी कमसेकम ५० लाख भन्दा माथिको सप्पै बजेट चाहिं उपभोक्ता मार्फत होइन यो ठेक्का प्रक्रियाबाट गर्ने भन्ने नै थियो तर हामी हेर्दै जाँदाखेरि चाहिं त्यो तपाईंको समयले यस्तो च्याप्दै लग्यो कि अब ५० लाख देखि माथि नै यो प्रक्रियाबाट जाने हो भने त हाम्रो आधा बजेटै तपाईंको सम्झौबतै नहुने भयो । त्यसकारणले त्यो परिस्थितिलाई ध्यानमा राखेर एउटा कार्यविधि बनायौं उपभोक्ता समितिको र उपभोक्ता समिति निर्माण गर्दाखेरिमा पनि सम्बन्धित स्थानीय तहको प्रमुख, प्रमुख भए प्रमुख प्रमुख नभए उपप्रमुख, उपप्रमुख पनि नभए वडा अध्यक्ष उहाँहरुको सिफारिस भएर मात्रै त्यो उपभोक्ता समिति गठन हुने, यहाँ चाहिं दर्ता हुने र त्यो सँग दर्ता भैसकेपछि मात्रै त्यो सँग सम्झौता भएर काम चाहिं पठाउने भनेर हामीले बनाएर हामी कुन ठाउँमा चाहिं कुन पालिकामा कुन पार्टीले जित्या छ भन्ने आधारमा होइन, लोकतन्त्रमा चाहिं जनताले विश्वास गरेको व्यक्ति चाहिं हामी सबैले विश्वास गर्नुपर्छ भन्ने मान्यताको आधारमा त्यसलाई त्यो चाहिं अधिकार दिनु पर्छ भन्ने मान्यताको आधारमा अनि त्यस्तो भयो भने उस्ले त्यो उपभोक्ता समितिले काम गरेको कुरा काहिं अनियमितता गऱ्यो काहिं तपाईंको चाहिं दलको या दलगत आस्थाको आधार बनाउने प्रयत्न गऱ्यो भने त्यो पनि चेक होला भनेर हामीले त्यो चाहिं गरेका छौं हामीले तर यसको वावजुद पनि धेरै ठाउँमा चाहिं हामीलाई प्रोबलम के आयो थाहा छ कतिपय ठाउँमा उपभोक्ता समिति जम्मा जनता जम्मा भएर उपभोक्ता समिति बनायो अझ वडा अध्यक्षहरुलाई तपाईंको सिफारिस नै गर्दैन अनि काम त बन्दै नबन्ने स्थिति बन्यो कतिपय ठाउँमा फेरि झारझुर गरेर बन्या छ हत्त न पत्त वडा अध्यक्षहरुले सिफारिस गरेर पठाइसक्या छ यहाँ चाहिं सम्झौता गर्नुपर्ने स्थिति आयो ।

यस्ले पनि हाम्रो काममा यति अवरोध गऱ्यो कि हेर्दाखेरि सानो कुरा तर त्यस्ले हामीलाई सारै अवरोध सिर्जना गऱ्यो । त्यसकारणले हामीले के भन्यौ काम चाहिं जे जे काम छ त्यो काम चाहिं त्यहाँको जनताले गर्ने हो । जनताको भेलाले यो कार्यकर्ताको भेला गरेर होइन । काँग्रेसी कार्यकर्ताको भेला, कम्युनिष्ट पार्टीको कार्यकर्ताको भेला या कोहि समाजवादी कार्यकर्ताको भेला गरेर उपभोक्ता समिति बनाउने होइन उपभोक्ताहरु समुदायमा रहेका उपभोक्ता उपभोग गर्ने चाहिं त्यो सडक उपभोग गर्ने या खानेपानी उपभोग गर्ने या चाहिं उपभोग गर्ने उपभोक्ता जनताहरुको चाहिं उपभोक्ताहरुको भेला गरेर त्यहाँ चाहिं जो मान्छे लोकप्रिय छ अनि कहिले के हुन्छ आँफुले भनेको जस्तो आँफुले पाएन भने यहाँ चाहिं बिरोध गर्न आउने ल फलाना उस्ले त्यस्तो बन्यो त्यसकारण चाहिं फलाना माननीयले यहाँ चाहिं फलाना प्रमुखले या चाहिं वडा अध्यक्षले सिफारिस गरेपनि त्यसलाई मान्यता दिनु भएन त्यस्ले भ्रष्टाचार गर्छ यस्तो कुरा हुन्न । विधि प्रक्रियामा चाहिं त्यहाँको जनताले छानेर पठाइसकेपछि त्यहि हुन्छ ।सत्तापक्षको कार्यकर्ताको एउटा कुरा अर्को चाहिं प्रतिपक्षको कार्यकर्ताको अर्को गुनासो आउँछ यस बिचमा हामीले चाहिं सकभर चाहिं लोकतान्त्रिक ढंगले जनप्रतिनिधिहरुलाई एउटा जिम्मेवार बनाउने ढंगले यस्लाई बनाछौं फेरिपनि म के भन्न चाहन्छु भने सप्पै चाहिं कुनै न कुनै बहानाबाट तपाईंको उपभोक्ता मार्फत गर्ने कुरा चाहिं नीतिगत रुपमा यसको चाहिं विपक्षमा छौं ।सकभर चाहिं हामी त्यसमा जान चाहेकै छैनौ अब आगामी बर्षदेखि अहिले सजिलो होला हामीलाई त्यसकारणले हामी यो ५० लाख देखि माथि सम्म के हुन्छ फेरि हाम्रो अर्को कार्य निरिक्षण बनाएर सकभर उपभोक्ता समिति मार्फत हैन विधि प्रक्रियामा गएर जान चाहन्छौं र विधि प्रक्रियामा जाँदाखेरि पनि हामीले के भन्या छौं संघीय सरकार सँग यो सार्वजनिक खरिद ऐन चाहिं संशोधन गर्नुपऱ्यो यो समयको पावन्दी लामो हटाउनुपऱ्यो र अर्को कति प्रतिशत घटाउन पाउने कति प्रतिशत घट्न पाउने जति जल्ले चाहिं धेरै घट्यो त्यहि चाहिं पाउने कुराले चाहिं हाम्रो तपाईंको ७० बर्षको लागि बनाएको आयोजना चाहिं ७ बर्ष पनि नखप्ने भाको एक करोडको चाहिं उस्ले ४० लाखमा बनाउँछु भन्छ त्यसैलाई दिनु परिहाल्यो त्यसकारण त्यस्को पनि एउटा सिलिङ हुनुपऱ्यो कति प्रतिशत सम्म घटाउने । ७० प्रतिशत भन्दा तल घट्न नपाउने कि।२५ प्रतिशत सम्म घटेर ७५ मै बस्नुपर्ने एक करोड छ भने ७५ लाखमा बस्नुपर्ने हो कि । एउटा सिमा नतोकिकन हाम्रो कामको चाहिं गुणस्तर बढ्दैन र भ्रष्टाचार पनि बढ्दैन के रे घट्दैन त्यसकारणले गर्दा यो सप्पै काम चाहिं सुधार गर्नुपर्छ भनेर संघीय सरकारसँग भनेका भन्यै

छौं ।अन्तर प्रदेश परिषदको बैठकमा यो कुरा उठाएर यसको कार्ययोजना बनेकै थियो । संशोधन त भएर आयो ऐन संशोधन भएन नियमावली संशोधन भयो ।अनि त्यो नियमावली संशोधन हामीले खोजेको कुरामा धेरै संशोधन भएनछ फेरि । बरु चाहिं तपाईको ठेकेदारहरुलाई जिस्क्याउने काम भैराछ ।त्यसकारणले यसलाई पनि व्यवस्थित गर्न जरुरी छ त्यसकारणले यो कुरामा पनि हाम्रो पनि सहमतिमा माथिले चाहिं संघीय सरकारले यो कुरा मिलाउनु पर्नेछ त्यसकारणले हामीले उपभोक्ताहरुको आम भेलाबाट समावेशी सिद्धान्तका आधारमा ७ देखि ११ जना सम्मको उपभोक्ता समिति गठन गरेको त्यो समिति सँग सम्बन्धित स्थानीय तहको वडाअध्यक्षको सिफारिस प्राप्त भएपछि मात्र सम्झौता गर्‍या छौं हामीले । यो कुरा निवेदन गर्न चाहन्छु त्यसकारणले यो उपभोक्ता समिति सँग निर्माण कार्य गराउँदा कार्यविधि बमोजिम नै भएको यद्यपि उपभोक्ता समिति मार्फत गराउने कुरामा प्रदेश सरकारको सारै ठुलो मनसुवा होइन ।सबै माननीय सदस्यहरु सँग मन्त्रालयमा छलफल गरि सुझाव लिइएको माननीय सदस्यज्यूहरुलाई सुझावलाई सम्भव भएसम्म संशोधन गरि आगामी आर्थिक बर्ष ७६/७७ को बजेटको तयारी गरिएको । यस्को बजेटको तयारीमा छौं हामी नीति कार्यक्रम पनि हामी तयारीमा छौं अब २२ गते नीति कार्यक्रम यहाँ पेश गर्छौं त्यसकारणले यो नीति कार्यक्रम बनाउने कुरामा होस मन्त्रालय मन्त्रालयमा गएर माननीय सदस्यज्यूहरुले बजेट बनाउने कुरामा सम्बन्धित मन्त्री सचिवहरुलाई भन्नुहोला र हामीले चाहिं अब मुख्यमन्त्रीको कार्यालयमा आएर भन्नुभएपनि होला ।म आव्हान गर्नचाहन्छु तर चाहिं एउटा कुरा के छ भने यसपटक चाहिं हामी नयाँ चाहिं योजना अब धेरै बनाउँदैनौ ।सडकहरु अब नयाँ नयाँ सडक छान्नेकुरा अब हामी गर्दैनौ जे चाहिं हामीले सम्झौता गर्‍या छौं धेरै जसो चाहिं पहिलोपटक प्रारम्भ भा छ ३६ वटा सडकलाई पुरा गर्नुपर्ने छ । ७ मीटरको बाटो पिच बाटो हामीले पुरा बनाउनुपर्ने छ ।प्रत्येक स्थानीय तहको प्रशासनिक केन्द्र सम्म पुग्ने बाटोलाई हामीले ४ बर्ष भित्र सम्पन्न गर्नुपर्नेछ ।७ मीटरको बाटो पिच बाटो सम्पन्न गर्नु पर्नेछ । त्यसबाहेक चाहिं ग श्रेणीका केहि माननीय सदस्यहरुको सहमतिमा हामीले बनाएका केहि सडकहरु छन् ती सडकहरु पनि हामीले सम्पन्न गर्नुपर्छ । ती सडकहरु सकिएन भने ग्रावेल सम्म बनाउनुपर्‍यो ७ मीटरको । अनि ग्रामिण सडकको कुरा या कृषि सडकको कुराहरु छन् हाम्रो होमस्टेहरुमा पुर्‍याउनुपर्ने होला कहिं चाहिं तपाईंको एकदम सानो सानो दुर्गम गाउँहरुमा पुर्‍याउनुपर्ने होला त्यस्तो ठाउँमा बाहेक अन्य ठाउँमा सडकको योजना हामी चाहिं सायद चाहिं हामी

ल्याउँदैनौं ।भएका सडकहरुलाई पुरा गर्ने जिम्मा हाम्रो छ ।त्यसलाई सम्पन्न गरिसकियो भने मात्रै ५ बर्ष भित्र प्रदेश सरकारले यत्ति काम गऱ्यो भनेर चाहिं जनतालाई देखाउन पनि हामीले पऱ्यो ।सप्पै ठाउँमा हात हालेर एउटापनि पुरा नहुने कुरा चाहिं हामी गर्न चाहँदैनौं । बरु चाहिं यसपटक चाहिं माननीय सदस्यहरुलाई धैरै भन्दा धैरै आव्हान के गर्न चाहन्छु तपाईंको गाउँमा खानेपानी योजना कहाँ छ के छ या चाहिं सिंचाईको स्थिति के होला यसपटक चाहिं हामीले अलि संघीय सरकारले पनि त्यसमा अलिकति बजेट बढि राखेको धैरै हामीसँग सहयोग समपुरक चाहिं अनुदानको आधारमा काम गर्ने पनि भनिराखेको त्यसमा सम्भावना पनि हामीले चाहिं यसको चाहिं तपाईं खानेपानीको आयोजनाहरु र सप्पै घर घरमा खानेपानी आयोजना छ ४ बर्ष भित्र पुऱ्याउने भन्ने हाम्रो प्रतिबद्धता पनि भएको हुनाले कहाँ कहाँ चाहिं के छ खानेपानीको आयोजनाहरु र सिंचाई आयोजनाहरु मन्त्रालयमा गएर चाहिं तपाईंहरुले टिपाउनुपर्छ होला त्यसो भयो भने बजेटमा चाहिं हामीले व्यवस्थित गर्न सक्छौं ।सबै नहुन सक्छ फेरि सप्पै यहि बर्ष राख्यो भने फेरि चाहिं बजेट कनिका छर्छ । यसपटक चाहिं केहि गरौंला फेरिपनि थपौंला सम्पन्न गर्दैजाने चाहिं पोलिसीमा जान्छौं ।मैले यति दिया थिएं मैले भनेको पर्दै परेन भनेर चाहिं नभन्नुहोला । उस्ले १० वटा दिएको छ भने ५ वटा पर्न सक्छ ६ वटा पर्न सक्छ । कहिले कहिले १० वटै पर्न सक्छ कहिले कहिले दुइटा मात्रै पर्न सक्छ ।तर मैले राख्या कुरा चाहिं हेर् कि हेरेन भन्नेकुरा एउटा दुइटा पऱ्यो कि परेन भन्ने कुरा नि थाहा हुन्छ नि त्यसकारणले त्यो चाहिं पनि म माननीय सदस्यहरुलाई निवेदन गर्न चाहन्छु ।अर्को चाहि हामी सबैलाई चाहिं के रे चिन्ताकोबिषय केछ भनेदेखि यसपटको बजेटमा हामीले बजेटमा पनि हामीले बिरोधका बाबजुद कालीगण्डकी डाइभर्सन भनेर फेरि यसपटक बजेटमा आयो । प्रधानमन्त्रीज्यूसँग नि मैले कुरा नि गरिसकेको छु । यस्तो विवादको कुरा यो हिजोको एकात्मक राज्यले ल्याएको कुरा केन्द्रीकृत शासन के रे सरकारले ल्याएको कुरा आजको संघीय शासन प्रणालीमा गण्डकी प्रदेश सँग सरोकार राख्ने यस्तो महत्वपूर्ण बिषय स्थानीय जनतासँग सरोकार राख्ने यस्तो महत्वपूर्ण बिषय सम्बन्धित जिल्लासँग सरोकार राख्ने महत्वपूर्ण बिषय हामीसँग नसोधिकन समन्वय नगरिकन फेरिपनि यो कुन नेताको लहडमा ल्याएको हो । यो कार्यान्वयन हुन्छ भन्ठान्नुभाछ मैले त भनिसक्याछु धैरै ठाउँमा यो कार्यान्वयन हुन दिन्नौं हामीहरुले । लौ गण्डकी प्रदेश सरकार विरुद्ध बिरोध रहँदा रहँदा त्यहाँको स्थानीय जनताहरुको जिल्लाहरुको उपभोक्ताको विरोध रहँदा रहँदा कसरी सम्भव छ यो सम्भावना । मैले

उहाँसँग भन्याछु कालीगण्डकी डाइभर्सन भएन भने कपिलवस्तु र रुपन्देही जिल्ला सुख्खा हुँदाखेरि नेपालमा अनिकालै लाग्छ भने ल हामी छोडिदिन्छौं । तर त्यस्तो स्थिति होइनहोला । तपाईं तिनाउलाई व्यवस्थित चाहिं गर्न सक्नुहुन्छ तपाईं राप्तीबाट डाइभर्सन गरेर ल्याउन सक्नुहुन्छ आफ्नै के रे नदी त्यहाँ आफ्नै प्रदेशमा ल्याउन सक्नुहुन्छ अनि यो कालीगण्डकी डाइभर्सनमा किन आँखा गाड्नुहुन्छ । मैले यो पनि भन्याछु प्रधानमन्त्रीलाई । अब दोस्रो कुरा कालीगण्डकी डाइभर्सनबाट जति बिद्युत उत्पादन हुन्छ त्यति बिद्युत उत्पादन भएन भने के नेपाल अँध्यारो हुन्छ । के नेपालको उद्योगहरु ठप्प हुन्छ । के नेपालको लोडसेडिङ फेरि पनि बढेर जान्छ त्यो त होइन होला त ।त्यहाँको डेढसय मेगावाट बिद्युत उत्पादन नभएर नेपालमा कुनै बिजुली खाँचो हुने होइन । त्यस्ता धेरै आयोजनाहरु हामीसँग छन् ।त्यस्ता मोडेल आयोजनाहरु छन् ।एकदम मोडरेट आयोजनाहरु छन् जहाँ चाहिं धेरै नाफा हने आयोजनाहरु छन् हामीसँग ती आयोजनाहरु सञ्चालन गर्न पो ध्यान दिनुपर्छ । यो विवाद भैरहेको ठाउँमा अर्काको सम्पत्तिमा किन आँखा गाड्नुहुन्छ मैले यो पनि प्रश्न गऱ्या छु ।एक छिनलाई भन्नुस कालीगण्डकी डाइभर्सन रोकियो भयो भने मलाई चाहिं तपाईंको विज्ञहरुले भन्नुभाछ अहिले चाहिं कालीगण्डकी त्यहिं बगिराख्या हुनाले कालीगण्डकी बगिरहेको कारणले त्यहाँबाट निस्केको वाफले गर्दाखेरि मात्रै रामपुरटार, चापाकोटटार, गल्याङको चाहिं तल फेदिखोला, निस्तिखोला निस्तिगाउँपालिकको यताको बेंशी होला हाम्रो तपाईंको डेढगाउँ होला या चाहिं बुलिङटारको तलको बेंशी होला या घिरिङ, रिषिङङको बेँशीहरु, देवघाटका चाहिं टारहरुमा ती उझाड छन् अहिलेपनि सुख्खा छ तरपनि जे खालको अलिअलि हरियाली भा छ त्यो वाष्फिकरणका कारणले मात्र  सम्भव भा छ । यदि कालीगण्डकी एकदिनलाई रोकिदिने हो भने पाँच दस दिन रोकिदिने हो भने सबै उजाड भएर त्यो मरुभूमीमा परिणत हुन्छ, त्यहाँको बस्ति सबै उठ्छ, समाप्त हुन्छ, त्यहाँको इकोसिष्टम टोटल्ली समाप्त हुन्छ । यस्तो गम्भिर बिषयमा चाहिं तपाईंले चाहिं फेरि बजेट किन ल्याको । हैन धेरै चिन्ता लिनुपर्दैन यो डीपीआर गराउने कुरा हो डीपीआर नहुन नि सक्छ ।यो सबै नभैकन कहाँ हुन्छ डीपीआर चाहिं भैसक्छ भने सानो मान्नुभाछ तपाईंले । नआत्तिनुहोला भन्नुभाछ प्रधानमन्त्रीले यो डीपीआरा अहिले भैहाल्दैन भनेर । अब कार्य एउटा मात्रै शालिग्राम निर्माण गर्ने नदी संसारमा कहिं छ भने त्यो कालीगण्डकी हो भनेर भन्ने कुरा नि । हैन त्यो त रामदी भन्दा माथि मात्रै हो तल होइन भनेर भन्नुभो फेरि प्रधानमन्त्रीले मलाई । अब त्यो पनि जानकारी उहाँले चाहिं भनेको होइन जहाँ भएपनि त्यो

एउटामात्र नदी हो नि त आध्यात्मिक महत्व भएको । अब तपाईंले कालीगण्डकी डाइभर्सन गर्ने बित्तिकै हाम्रो देवघाट चाहिं आगो लगाइदिए भइहाल्यो सकियो देवघाटको अस्तित्व । जहाँ जसलाई हामीले नेपालको काशी भन्याछौं । जहाँ तीन तीन वटा ठुला आश्रमहरु छन् । जहाँ त्यत्रो के रे ठूलो आध्यात्मिक क्षेत्र छ यो सप्पै कुरा हेर्दाखेरि तपाईंको त्यहाँको चाहिं जुन इको सिष्टम चाहिं तपाईंको समाप्त हुने चाहिं कुरा हुन्छ । यस्तो कुरामा कुनै नेताको अहंलाई पुरा गर्नको लागि कसैले चाहिं हामीले शाहदात प्राप्त गर्नु पर्छ भन्ने छैन, हामी मर्नुपर्छ भन्ने छैन त्यसकारणले यसमा पनि हाम्रो गम्भिर ध्यान गएकै छ र यसमा हामी सबैको ध्यान जानुपर्छ र त्यो क्षेत्रका सबै जनताको मैले अस्तीपनि हजुरलाई भने घिरिङको, रिषिङको या गल्याङको या चाहिं चापाकोटको या उता रामपुर नगरपालिकाको पाल्पाको यता निस्ती गाउँपालिकाको हाम्रो बौदिकाली गाउँपालिका, बुलिङटार गाउँपालिका, देवघाट यि सप्पै गाउँपालिकाका जनप्रतिनिधिहरु बसेर त्यहाँको स्थानीय तह पनि उठ्नुपऱ्यो तपाईं हामीपनि उठ्नुपऱ्यो एकजुट हुनुपऱ्यो र यसलाई कार्यान्वयन गर्न नदिनको लागि हामी लाग्नुपर्छ भन्ने लाग्छ । त्यसकारणले ऽऽ यतिकुरा यहाँहरु समक्ष राखें । अब माननीयज्यूले उठाउनुभएको एउटामात्रै प्रश्न यो इन्जोए जोनको कुरा छ । इन्जोए जोनले हामीलाई इन्जोए दिएकै छ तर यसमा चाहिं कुरा के छ भने तपाईंहरुले हाम्रो पत्रपत्रिकाको के लेख्छ म चाहिं एकपटक स्मरण गराउन चाहन्छु । मलाई यति धेरै ठूलो विवादमा तान्यो पत्रपत्रिकाले, मै के भन्या थिएं होटल वाराहीमा भएको एउटा प्रोग्राममा हानले चाहिं नेपाल एशोसियसन होटल एशोसियसनले होटल एशोसियसन अफ नेपालले आयोजना गरेको प्रोग्राममा सिद्ध बहादुर पाण्डे जीले सिद्धार्थ बहादुर पाण्डे चाहिं साँग्रिलाको मालिक चाहिं कार्यक्रम प्रस्तोता थियो म चाहिं चिफ गेष्ट थिएं अनि त्यहाँ चौबिसै घण्टा चाहिं केरे बैदाम या पोखरा खोल्नुपर्छ भन्ने कुरा उठिराथ्यो । पोखरालाई पर्यटकिय हब कसरि बनाउने भन्ने सन्दर्भ उठिराथ्यो यहाँ भएको अरु अस्तव्यस्तका कुराहरु विकृति विसंगति हटाउने कुराहरु पनि उठिराथ्यो मैले के भन्या थिएं भने यो दुई तीनवटा कुरा एउटा चौबिसै घण्टा चाहिं तपाईंको पोखरा खोल्ने कुरालाई अहिले पोखरा भ्याली सम्भव छैन बैदामलाई चाहिं खोलौं नत चौबिसै घण्टा । तर बैदाम खोल्नको लागि चाहिं यहाँको पर्यटन व्यवसायीले एउटा काम गर्नुपर्छ चौबिसै घण्टा होटल खोल्नको लागि चाहिं दुई सिफ्टमा कर्मचारी राख्नुपर्छ । रातको सिफ्टमा एकथरी कर्मचारी राख्ने, डे सिफ्टमा एउटा कर्मचारी राख्ने । यिनीहरु चाहिं के गर्छन् अब डबल सिफ्टमा कर्मचारी राख्दाखेरि चाहिं धेरै खर्च हुन्छ भनेर नाफा चाहिं कम हुन्छ

भनेर त्यो कुरा चाहिं गर्दै गर्दैनन् । त्यसकारणले मैले भन्याथें त्यो चाहिं त्य २४ घण्टा कसरि काम गर्न सकिन्छ त्यो चाहिं के छ हाम्रो तर्फबाट के के गर्न सकिन्छ सुरक्षाको के इन्तजाम गर्नुपर्ने हो, अरु चाहिं पूर्वाधारको के इन्तजाम गर्नुपर्ने हो त्यो चाहिं इन्तजाम हामी गर्छौं तर तपाईंहरुले चौबिस घण्टा चौबिसै घण्टा खोल्नुपर्छ भनेर भन्याथें । त्यो चाहिं पोखरेलिको हितमा छ, गण्डकी प्रदेशको हितमा छ, यहाँको पर्यटन व्यवसायको हितमा छ भन्याथें। साथै मैले के भन्याथें यहाँ विकृति विसंगति धेरै फेलियो अहिले परिवार बिखण्डन यति धेरै चर्को रुपमा आइराछ भित्र भित्र समै धेरै कुहिसक्यो त्यसकारणले यो अब यौन व्यवसायलाई व्यवस्थित गर्ने कुरा सोच्नुपर्छहोला यसका चाहिं तीन चारवटा आयामहरु छन् रगुलेसनको कुरा होला, प्रतिबन्धको कुराहोला, क्राइम चाहिं यल्लाई क्राइम घोषणा गरेर चाहिं प्रतिबन्ध लगाउने कुरा होला, आइल्याण्ड बनाएर व्यवस्थापन गरेको धेरै चाहिं अभ्यासहरु छन् संसारमा अब चाहिं कमसेकम अझैपनि यो अभ्यास नेपालमा लागु गर्नको लागि बीस तीस बर्ष पछि हुन्छहोला त्यसकारणले त्यसको बारेमा के गर्दाखेरि उपयुक्त हुन्छ कुन अप्सनमा जान उपयुक्त हुन्छ भन्ने कुरामा छलफल गर्ने बेला शुरु भयो भन्ने मात्र के भनेको थिएं मुख्यमन्त्रीले चाहिं रेडलाईट एरिया खोल्नुपर्छ अनि चाहि तपाईंको पैसा कमाउनुपर्छ कर उठाउनुपर्छ भनेर लेख्दिनुभयो । लेख्ने महाशयहरु यहिं हुनुहुन्छ त्यस्ले गर्दाखेरि चाहिं यति धेरै पैदा भयो कि ओहो ओहो यत्रो चाहिं अरे बाबा इन्जोय जोनमा पनि मन्त्रीज्यूले के भन्नुभयो थाहा छैन आजको दिनसम्म हाम्रो चाहिं क्याविनेटमा छलफल भएर मन्त्रीपरिषदले इन्जोयजोन भनेको के हो भनेर त्यस्को बारेमा पनि भन्याछैन बाहिर हैन त्यो चाहिं के हुन्छ कस्तो खालको प्रकारको हुन्छ भनेर भन्या छैन । खालि चाहिं हैन हाम्रो यसपटकको के थियो के रे उद्योग पर्यटन तथा वन तथा वातावरण मन्त्रालयको एउटा शीर्षकमा बजेटको शीर्षकमा के थियो भने यो साल चाहिं हामीले गर्न नसकेको एउटा काम छ लगानी सम्मेलन गर्छौं हामीले यो आर्थिक बर्षभित्र भन्याथ्यौं त्यो लगानी सम्मेलन चाहिं के त्यसै गरेर हुन्छ र । लगानी सम्मेलनको लागि चाहिं हामीले चाहिं बैंकेवल चाहिं तपाईंको प्रोजेक्ट बैंकहरु तयार गरौं कुनकुन हो त हाम्रो प्रदेशको गौरवको आयोजना हुनसक्ने, प्रदेशको मेगा आयोजना कुन हुनसक्छ । निजी क्षेत्रको लगानी गर्न सक्ने कुन कुन हुनसक्छ भनेर हामीले त्यो तयारी गर्नुथियो । त्यो तयारीको लागि हामीले करिब आठ करोड हामीले छुट्याएको हो र त्यो आठ करोड रुपैयाँ यसपटक खर्च हुन सकेन हाम्रो त्यसकारणले गर्दाखेरि चाहिं त्यो आठ करोड रुपैयाँ किन छोड्ने हामीले चाहिं दुई तीन वटा बिजुलीको

चाहिं के रे आयोजनाहरु बनाउने चाहिं डीपीआर बनाउन सकेनौं हामीले या औद्योगिक क्षेत्र स्थापनाको कुरा थियो त्यो पनि डीपीआर बनाउन सकेनौं हामीले, गण्डकी विश्वबिद्यालय भर्खर हामीले ऐन ड्राफ्ट गरिसक्या छौं जग्गा एक खालको हामीले प्राप्तगरिसक्या छौं त्यसको अन्तिम टुङ्गो लगाउन बाँकी छ र हाम्रो चाहिं अस्पतालको कुरा पनि जग्गाको कारणले रोकिइराछ, बहुद्देश्यिय ग्रामको पनि साँस्कृतिक ग्रामको पनि त्यहि भएर बसिराछ । हामीले विजय टावर बनाउने भनेर एउटा चाहिं तपाईंको त्यो पनि त्यत्तिकै रोकिइराछ । इन्टरनेशनल कन्फरेन्स सेन्टर बनाउने भन्याथ्यौं त्यो पनि जग्गको झमेलाले गर्दाखेरि रोकिइराछ र यो सप्पैको सप्पै आयोजनाहरुको विभिन्न बाटोहरुको विभिन्न चाहिं ट्रान्समिसन लाइनहरुको र जलबिद्युत आयोजनाहरको चाहिं या सौर्य आयोजनाहरको चाहिं डीपीआर तयार गरेर यति अरब यति अरब लाग्ने भो त्यसकारणले तपाईंहरु कुन चाहिंमा तपाईंहरु इच्छा हुनुहुन्छ भनेर चाहिं हामीले देखाउने चाहिं कागज तयार डकुमेन्ट तयार नभएर हामीले लगानी सम्मेलन गर्न सकेनौं । अगि बिहान मन्त्रीज्यूलाई मैले बोलाएँ । इन्जोयजोनको कुरा के हो तपाईंले के भनेर भन्नु भा अनि यो रकम चाहिं अहिले त छुट्टै रकम छुट्याउन त हाम्रो अर्थमन्त्रालयले दिएकै छैन । हामी चाहिं रकम ss कार्यक्रम संशोधन गर्न पऱ्यो भने या रकम विभिन्न महत्वपूर्ण बिषयमा रकमान्तर गर्नुपऱ्यो भने यसपटकबाट रकमान्तर गर्न किन आवश्यक देखियो भने अब कुनै हालतमा खर्च नहुने देखियो यतापट्टी एकदम धेरै आवश्यक चाहिराछ खानेपानी अन्ततिर  लैजानुपर्ने तर पुँजीगत क्षेत्रमा छुट्याएको बजेटलाई हामीले या चाहिं चालुतिर हामीले रकमान्तर गर्न नसक्ने भयौं ।कार्यक्रम संशोधन गर्दाखेरि त्योतिर जान नसक्ने भयौं त्यसकारणले कार्यक्रम संशोधन या रकमान्तर गर्ने कुरा धेरै कम गरेका छौं । आवश्यकताको आधारमा त्यो चाहिं गर्न सकिन्छ तर यहाँ त के हुन्छ भने बजेट चाहिं छुट्याएको रकम खर्च गर्नुभन्दा रकमान्तर गरेर ननबजेटरी रकम खर्च गर्ने हाम्रो बानी परेको नेपालमा चाहिं हामीले चाहिं थोरै तपाईंको धेरैमात्र होइन थोरैमात्र हामीले अहिलेको परिस्थितिलाई चाहिं मध्यनजर राखेर खर्च चाहिं पुँजीगत खर्च चाहिं बढाउन बरु हाम्रो लगानी जहाँ माग भैराछ त्यहाँ चाहिं के रे अलि सार्नुपऱ्यो । हामीले चाहिं हिजो ध्यान दिएनछौं । कुनमा कहाँ कति खर्च हुन्छ भन्ने कुरा चाहिं गर्दाखेरि चाहिं यो चाहिं एकदम ननबजेटरी खर्च भयो भन्ने कुरा छैन एकदमै थोरै परसेन्ट होला त्यो दश पन्ध्र परसेन्ट होला त्यति चाहिं काम गऱ्या छौं तर यो चाहिं गर्नुपर्ने स्थिति हुनसक्छ कहिले। कार्यक्रम संशोधन हामीले धेरै गरेकै छैनौं। एउटा

कुरामा हामीले के कार्यक्रम संशोधन के संशोधन गऱ्या छौं हामीले भन्या थ्यौं पचासी वटै स्थानीय तहसँग मिलेर २५ शैय्याको र ५० शैय्याको अस्पताल बनाउन हामी सहकार्य गर्छौं भनेर हामीले करिब ३२ करोड रकम छुट्याएका थियौं तर हामीले ताक्छ मुढो संघीय सरकारले ताक्यो घुँडो । त्यो भयो के स्थानीय चाहिं के रे अस्पतालहरु, स्थानीय तहमा सञ्चालन हुने अस्पतालहरुको जिम्मा हामीलाई दिएन । हामीलाई हस्तान्तरण गरेन त्यो चाहिं स्थानीय तहलाई नै जिम्मा दिया हुनाले हामीलाई चाहिं खालि जिल्लास्तरका अस्पताल साविक जिल्ला अस्पताल, साविक अञ्चल अस्पतालहरु हामीलाई चाहिं हस्तान्तरण गरिएको हुनाले हामीले के भन्यौ त्यल्लाई कार्यक्रम थोरै संशोधन गऱ्यौं। त्यो कार्यक्रम संशोधन गर्दा के भन्यौं स्थानीय तह त भनेकै थियो हाम्रो कुनै जिल्ला अस्पतालहरु कुनै न कुनै स्थानीय तहमा त छँदैछन् त्यसकारणले ८५ वटा स्थानीय तहलाई पनि होइन अब, अब आँफूलाई हस्तान्तरण भएको जिल्ला अस्पताललाई नै स्थानीय तह सँग मिलेर बनाउने अस्पताल मानेर बेंशीशहरमा चाहिं एउटा अस्पताल छ उदाहरणको लागि त्यो बेंशीशहर नगरपालिका छ नगरपालिकालाई आधार मानेर त्यो जिल्ला अस्पतालमा हामीले चाहिं के रे सहयोग गर्नुपऱ्यो ।जनशक्तिको व्यवस्थापनको लागि सहयोग गर्ने पनि हुनसक्छ उपकरण किन्न सहयोग गर्नुपर्ने हुनसक्छ, औषधी किन्न सहयोग गर्नुपर्ने स्थिति छ र चाहिं भौतिक संरचनाको निर्माण गर्नुपर्ने हुनसक्छ, सवारी साधन किन्दिनु पर्ने समस्याहरु छ समस्या यति धेरै छन् जिल्ला अस्पतालमा त्यसतिर खर्च गर्ने भनेर हामीले एघारवटामा कन्फर्म गऱ्यौ पचासीवटामा गरेन । यो चाहिं किनभनेदेखि हामीले गर्नुपर्ने त्यहि थियो । अर्काको काम दिएर के गर्ने हामी उधारोमा तपाईंको चाहिं काम गरेर केहि हामीले पाउने थिएन त्यसकारणले हामीले जिल्ला अस्पतालहरुको यो गम्भिर समस्यालाई समाधान गर्नको लागि ३२ करोड रकम चाहिं हामीले कार्यक्रम अलिकति थोरै संशोधन गरेर हामीले विनियोजन गरेका छौं ।त्यसैले चाहिं यो चाहिं पनि ठूलो चाहिं ठूलो कुरा हो नि हामीले सहि काममै त्यल्लाई थोरै चाहिं हामीले प्रबन्ध गरेर यो पाँच पाँच लाख दश दश लाख बाँड्नु भन्दा हामीलाई आफैंलाई बनाउनुपर्ने आफ्नै दायित्व भित्रको आफ्नै स्वामित्व भित्रको ठाउँमा चाहिं काम गर्ने भनेर हामीले त्यो गरेका छौं त्यसकारणले माननीय सदस्यज्यूहरु, माननीय सभामुख मार्फत म के अनुरोध षर्न चाहन्छु भने यो सप्पै कुराहरु चाहिं कार्यक्रम संशोधन रकम पनि जे ढंगले चाहिं बजारमा सुन्नुभाछ गण्डकी प्रदेश सरकार धेरै कुरामा चाहिं संसदप्रति उत्तरदायी भएर काम

गर्न चाहन्छ ।उत्तरदायी हामी संसदप्रति हुनुपर्छ भन्ने कुरामा हामी चाहिं भलिभाँति हामीले ध्यान दिएका छौं त्यसकारणले संसदलाई छलेर सारा कुरा गरेर हाम्रो आफ्नो चाहिं दुई चार जना व्यक्तिहरुको तपाईंको के रे स्वार्थ पूर्ति गर्नको लागि हामीले यस्तो कामहरु गर्दैनौं भन्ने कुरा यहाँहरु समक्ष फेरिपनि म प्रतिबद्धता जाहेर गर्न चाहन्छु । अन्तिममा इन्जोय जोनको कुराकानी गर्दाखेरी धेरै ठाउँमा हामीले के छोड्दारहेछौं हामी कहाँ छौं भन्ने आधारमा हुन्छ। हाम्रो पत्रकार जगतले पनि सोच्छन् सञ्चारकर्मीले त्यहि सोच्छ, राजनीति गर्नेहरुले पनि त्यहि सोच्दारैछौं, ठुल्ठुलो हामी मन्त्रीहरुले पनि त्यहि सोच्दारहेछौं सांसदहरुले त्यहि सोच्दारहेछौं त्यो चाहिं के रहेछ भने इन्जोय जोन भन्ने बित्तिकै हामी खालि नकारात्मक त्यो पाटोलाई मात्रै हेर्दारहेछौं। के फनपार्क बनाउने इन्जोयजोनको कुरा होइन, के आईटी पार्क बनाउने इन्जोयजोनको कुरा होइन, के स्पेशल खालको रेष्टुरेन्ट बनाउने इन्जोयजोनको कुरा होइन, त्यसलाई इन्जोय जोन भन्नुस ईन्टरटेनमेन्ट जोन भन्नुस, रिफ्रेस जोन भन्नुस या के भन्नुस होइन तर चाहिं सप्पै ठाउँमा चाहिं त्यस्तो व्यवस्था गर्‍याहुँदोरहेछ हामी चाहिं बरु अब त्यो व्यवस्था गर्नुपर्छ भन्ने पक्षमा छौं यो बर्ष यो बर्ष देखि त्यो गर्ने हो कि । कुनै एउटा ठाउँमा चाहिं तपाईंको ऽऽ यो पोखराकै आसपासमा जस्तो यहाँ चाहिं केहि ठाउँको नाम भन्न चाहन्छु म हल्लनचोक देखि पामेसम्म, सराङकोट देखि कास्कीकोटसम्म, कुभिण्डे देखि मट्टीखानसम्म, ढिकीडाँडा देखि गर्ल्याङसम्म, गर्लामसम्म, रुपा देखि बेगनाससम्मका ठाउँहरुमा अध्ययन गरि निजी क्षेत्रको लगानीकर्ताहरुलाई यी ठाउँहरुमा पर्यटन मात्र पर्यटनको पूर्वाधार निर्माण गर्ने वातावरण बनाउन चाहिं जस्तै होटल, देशको विभिन्न खानाको स्वाद प्रदान गर्ने एउटै रेष्टुरेन्ट, लाइब्रेरी, नेपाली म्यूजिक कल्चर, साँस्कृतिक बहुसाँस्कृतिक ग्राम, चिल्ड्रेन  पार्क, डिम गार्डेन, ड्रिम गार्डेन, जिम हल, एडभेन्चर स्पोर्टस्, जल क्रियाकलाप, मलाई लाग्छ त्यो डुङ्गा सुङ्गा सबै भन्या होला त्यो, सन बाथ, मेडिटेशन सेन्टर, मसाज, योगा सेन्टर, सब इनियोर सप, फन पार्क, आइटी पार्क, गुफा, प्राणी उद्यान, हिल स्टेशन, स्मारक, आर्ट ग्यालरी, पर्यटक सूचना केन्द्र, तातोपानी आदि मात्र एउटै ठाउँमा पाइने यस्तो चाहिं ठाउँ चाहिं स्पेशल टुरिष्टहरुको आकर्षण गर्ने एउटा ठाउँ चाहिन्छ भन्याछ। त्यसलाई नाम जे दिनपनि सक्नुहुन्छ ।त्यसलाई टुरिष्टहरुलाई इन्जोय गर्ने चाहिं इन्जोय फन पार्क भन्न पनि मिल्यो, जोन भन्न पनि मिल्यो हैन ।त्यल्लाई चाहिं तपाईंको रिफ्रेस जोन भन्न पनि मिल्यो,रिफ्रेस सेन्टर भन्नपनि मिल्यो, रिग्रेस सेन्टर भन्न पनि मिल्यो, पर्यटकिय केन्द्र भन्न पनि मिल्यो के भन्दाखेरि

उपयुक्त हुन्छ नाम त त्यहि मात्र हो ।त्यसकारणले यहाँ चाहिं इन्जोय जोन भन्नेबित्तिकै त्यहाँ अब यौन व्यवसाय फस्टाइहाल्ने भयो, लौ गाँजा चरेस खानेभयो, यी त कानूनले वर्जित छन्। कानूनले वर्जित गर्‍या कुरा सरकारले चाहिं पार्क बनाएर त्यहाँ स्थापना गर्ने प्रयत्न गर्छ र किमार्थ गर्दैन त्यसकारणले म माननीय सदस्यज्यूहरुलाई के अनुरोध गर्न चाहन्छु भने हाम्रो उद्योग मन्त्रीले भनेको यो इन्जोय जोनको कुरा नाम चाहिं इन्जोय जोन भनेर अलिकति तपाईंले चाही कोल्ट्याईं फेर्ने मौका मिल्यो कि थाहा छैन मलाई रिग्रेसन सेन्टर या हिल स्टेशन या त्यस्तै एउटा चाहिं के रे पार्क बनाउँ भनेको भएचाहिं त्यो चाहिं विवाद धेरै हुने थिएन तर तपाईंहरुले जो प्रश्न उठाउनुभाछ माननीयज्यूले चाहिं हाम्रो प्रतिपक्षी दलका माननीयज्यूले चाहिं सरोकार राख्नु भाछ। त्यो सरकारको त्यो चाहिं बिषयमा चाहिं हाम्रो पहिला ध्यान गाछ त्यस्तो चाहिं होइन कानूनले वर्जित गरेका कुराहरु त्यहाँ चाहिं केहि पनि हुन्न । त्यहाँ जुवा तास खेल्न पनि पाइदैन, त्यहाँ चाहिं तपाईंको यो अरु व्यवसायको कुरा छोड्दिनुस् त्यो चाहिं हामी नाम पनि लिन चाहँदैनौं र अर्को कुरा चाहिं त्यो गाँजा चरेस चाहिं त्यो खाएर मात्रै इन्जोय हुन्छ भन्ने कुरा होइन एउटा चाहिं तपाईंको फ्रेस पर्यटकले चाहिं जे गर्दाखेरि पनि सप्पै कुरा तपाईंको एउटै ठाउँमा पाउन सक्छ त्यस्तो चाहिं एउटा पार्कको, त्यस्तो एउटा जोनको चाहिं परिकल्पना गर्नुभारैछ उहाँहरुले र त्यो चाहिं तपाईंको अलि के रे फिजिविलिटी स्टडी चाहिं केमा गर्नुभाछ त्यहिं चाहिं हाम्रो लगानी सम्मेलनको लागि छुट्याएको के रे यो पनि ठूलै चाहिं तपाईंको अमाउण्ट रकम लाग्ने योजना हुनसक्छ । त्यस्को लागि हामी तयारी गर्दैछौं भनेर बिहान मलाई भन्नु भाथ्यो। त्यसकारणले यसलाई यो तहमा मात्रै बुझ्नको लागि म माननीय सदस्यज्यूहरुलाई अनुरोध गर्दै फेरिपनि म अन्तिममा के भन्न चाहन्छु आजको यत्तिको कुरा चाहिं राख्ने चाहिं अवसर दिनुभो त्यसको लागि म माननीय सदस्यज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । धेरै सरकारको धेरै नीति कार्यक्रम को बारेमा बजेट कार्यान्वयनको बारेमा चाहिं खुलासा गर्ने अवसर दिनुभो त्यसकारणले मैले भन्छु  लोकतन्त्रमा जहिले पनि आलोचना, सुझाव, टिप्पणीको हामी स्वागत गर्छौं । मैले धेरै चाहिं तपाईंको खुला दिलले भन्याछु भन्ने लाग्छ । कमजोरी मैले गर्‍याछैन भनेर मैले भन्याछैन त्यसकारणले कमीकमजोरी कहिं भाछ भने त्यो इन्टेन्शनल्ली होइन भन्नेकुरा फेरि दोहोर्‍याउन चाहन्छु। एक्सिडेन्टलीकाम गर्दै जाँदाखेरि हुन सक्दछ। त्यसकारणले गर्दाखेरि चाहिं आज फेरि पनि यो छलफल भयो म त धेरै खुशी छु धेरै चाहिं हामीलाई काम गर्न धेरै मार्गदर्शन मिलेको छ । आज मात्रै एउटा

पत्रिकामा मैले देख्याथें एउटा चाहिं के रे स्तम्भमा हैन प्रतिपक्ष चाहिं प्रतिपक्ष जस्तो भएन भागबण्डाको राजनीति गर्न थाल्यो हाम्रो यहाँको प्रतिपक्ष त्यस्तो छैन । हामीले जहिले पनि सिद्धान्तको नीतिको कुरा उठाइराका छौं अगिल्लो बैठकहरु पनि हाम्रो चाहिं माननीयज्यूले संसदीय दलको नेताको हैसियतले बोल्नुहुँदाखेरि धैरै यस्ता चाहिं लोकतन्त्रलाई हामी कसरी बलियो बनाउन सक्छौं। गण्डकी प्रदेशको आर्थिक समृद्धिमा चाहिं सरकारलाई चाहिं सहयोग गर्नुपर्छ भन्ने जुनखालको उहाँको चाहना छ त्यसलाई मैले दिलै देखि सम्मान गरेकै छु र कतिपय कुरामा हामीले चाहिं सँगै नगइकन, एकजुट भएर नगइकन, सँग सँगै नहिंडिकन, यहाँ पार्टी नै फरक छ त केहि केहि कुरा फरक त भैहाल्छ त्यसमा कुनै नया खालको कुरा छैन तर हामीले चाहिं यो आर्थिक समद्धिको अभियानमा सँगै छौ। यो चाहिं यो अनुभुति मलाई शुरुका दिन देखि नै छ र हामीले जुन ढंगले चाहिं के रे उत्साहका साथ प्राविधिक हिसाबले त हामी दोस्रोमा पऱ्याथ्यौं प्रदेशको नामाकरण गर्ने कुरामा तर कर्णाली प्रदेशले चाहिं हचुवा भरमा त्यहि दिन लगेर त्यहि दिन हुन्छ भनेर भन्या हो उनीहरुले उनीहरुको विधि प्रक्रिया केहि पनि नपुगिकन, छलफल केहि पनि नभइकन प्रोबलम थिएन राजधानी र तपाईंको नाममा एउटाले कर्णाली नाम पाएसि भयो राप्तीले तपाईंको सदरमुकाम पाएसी भयो र उहि दिनमा लगेर उहि दिनमा गरेको हो होइन तर त्यसको वावजुद हामीले लामो छलफल चलाएर, धैरै चाहिं तपाईंको छलफल गरेर सहमतिका आधारमा यहाँ दुवै पक्षका के रे मागहरु जोडदार थिए हैन पार्टीका नेताहरु पनि दुई ठाउँमा उभिएकै त्यसरि थियो त्यसकारणले त्यस्तो परिस्थितिमा पनि हामीले सहमतिका साथ टेक्निकली मात्र हामी भोटिङ्ग गरेर थोरै मिस्टेक भाको हो अस्तीको दिनमा चाहिं हाम्रो सभामुख हिजोको दिनमा सभामुखले मिस्टेक गऱ्याछ टेक्निकल मिस्टेक चाहिं त्यतिखेरको सभामुखले गर्नुभयो र हामी चाहिं तपाईंको सर्वसम्मत भयो भन्न नपाएको मात्रै हो। हैन भने यो चाहिं गण्डकी यो चाहिं के रे तपाईंको आफ्नो आफ्नो विचार हुँदा हुँदै पनि हामी समान के रे संयुक्त भएर, एकिकृत भएर सर्वसम्मत ढंगले चाहिं प्रदेशको नाम राख्नुपर्छ भनेर हामीले निर्णय गरेका हौं। त्यसमा हामीले गौरव अनुभुति गरेकै छौं। हामीले अरुको अगाडि पनि भनेका छौं त्यत्रो विवादका बिच पनि के हाम्रो प्रदेशमा विवादै नभएर नाम भएको हो र होइन। विवाद धैरै थियो हामीले समयमै हामीले सप्पैको सत्ता पक्षको प्रतिपक्ष सप्पै चाहिं यहाँ यो प्रदेश सभामा उपस्थित सबै राजनीतिक दलहरुको सहमतिमा माननीयज्यूहरुको समर्थनमा लामो चाहिं व्यापक छलफल पछि हामीले गण्डकी प्रदेश नाम

राख्याछौं। यसले हाम्रो गण्डकी प्रदेशको गरिमा बढाएकोछ। हामी सबैको गरिमा बढेकै छ। प्रदेश सभाको गरिमा बढेकै छ र प्रदेशको राजधानी पोखरा बनाउनुपर्छ भन्नेकुरा यदाकदा गोरखा हुनुपर्छ आदि भनेपनि यसमा शुरुदेखि कुनै विवाद थिएन नाम जस्तो त्यसकारणले जुन काम हामीले गऱ्याछौं यसले पनि के देखाउँछ भने गण्डकी प्रदेश, गण्डकी प्रदेश सभा साँच्चै नै एउटा प्रदेशको गौरव बढाउनको लागि कृत संकल्पित छ। धेरै गौरवपूर्ण कामहरु यसले गऱ्या छ। अहिलेसम्म हाम्रो बिचमा धेरै चाहिं त्यस्तो विवाद देखिंदैन र निर्माणको लागि विकासको लागि समृद्धिको लागि हाम्रो प्रदेशका सबै माननीयहरु यो चाहिं तपाईं सत्तापक्ष र प्रतिपक्षको सिमा रेखा तोडेर हैन वियोन्ड अ बोर्डर भन्छौं नि सिमा भन्दा बाहिर रहेर हामीले चाहिं केको लागि जनता र प्रदेशको लागि राष्ट्रको लागि भनेर हामीले काम गरेका छौं ।यस्तो सम्बन्ध हाम्रो निरन्तर रहिरहनुपर्छ यसको लागि म सबै माननीय सदस्यज्यूहरु खास गरिकन प्रमुख प्रतिपक्षी दलका नेताज्यू माननीय सांसदज्यूहरु, समाजवादी पार्टीका माननीयज्यूहरु त्यस्तै राष्ट्रिय जनमोर्चाका माननीयज्यूहरु सबैलाई पनि म फेरि पनि र नेपाल कम्युनिष्ट पार्टी नेकपाका माननीयज्यूहरु सबैलाई पुन फेरि यो चाहिं तपाईंको निर्माणको एउटा महान अभियानमा हामी जसरि विगतमा जस्तै अब आगामी दिनमा पनि सँगसँगै एकिकृत भएर एकजुट भएर एउटै आवाजका साथ व्यारेकमा पुलिसले के रे एउटा प्रहरीले परेड खेल्याजस्तो कासन दियाजस्तो हिंडेको जस्तो एकै स्वर एकै कदम एकै आवाजका साथ हामी हिडिराछौं त्यो काममा निरन्तर कायम रहोस् यतिकुरा यहाँहरु समक्ष निवेदन गर्दै माननीय सभामुखज्यू प्रमुख प्रतिपक्षी दलले जे कुराहरु हाम्रो चौंथो अधिवेशनको पहिलो दिनमा राख्नुभाथ्यो र आज पनि केहि राख्नुभयो। मलाई लाग्छ मैले उहाँको जिज्ञासाहरु मेटाउने प्रयत्न गरें। फेरिपनि कतिपय कुरामा कन्फ्युजन छ भने अझ पनि हामी पछि छलफल गर्न सकिहाल्छौं । यसका लागि चाहिं यो अवसरमा माननीय सभामुखज्यू र प्रदेश सभा सम्पूर्ण प्रदेश सभा र प्रमुख प्रतिपक्षी दलका नेताज्यू माननीय सदस्यज्यूहरु सबैलाई गण्डकी प्रदेश सरकारको तर्फबाट धेरै धेरै धन्यवाद आभार व्यक्त गर्दै मेरो भनाई टुङ्ग्याउने अनुमति चाहन्छु.

धन्यवाद ।

**माननीय सभामुखः-**

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिका सभापति माननीय श्री मायानाथ अधिकारीलाई सो समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को मस्यौदा माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय मायानाथ अधिकारीः**-

माननीय सभामुख महोदय, सम्मानित सभाको मिति २०७६ साल जेष्ठ १५ गते बसेको बैठकमा प्रस्तुत भएको गण्डकी प्रदेश, प्रदेश सभा नियमावली तेस्रो संशोधन नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन सहितको नियमावलीको मस्यौदा गणडकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २ को खण्ड क बमोजिम छलफल गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु ।धन्यवाद ।

**माननीय सभामुखः**- अब म उक्त नियमावलीको मस्यौदा माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ नियमावलीको मस्यौदा माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृती भएको घोषणा गर्दछु ।

अब उक्त समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को मस्यौदा माथि छलफल प्रारम्भ हुन्छ ।छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी नियमावलीका नियमहरु तथा आनुसाङ्गिक अन्य नियमहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरुलाई जानकारी गराउँछु ।

अब म, सर्वप्रथम, माननीय सदस्य श्री रामजी प्रसाद वराल जीवनलाई छलफलमा भाग

लिन समय दिन्छु ।

**माननीय रामजी प्रसाद वराल जीवनः-**

माननीय सभामुख महोदय, बजेट अधिवेशन प्रारम्भ भएको छ । सम्मानजनक हिसाबले बजेट अधिवेशन सफल हुनेछ म अपेक्षा राख्दछु । सभामुख महोदय, गतिशिल दुनियामा हरेक वस्तु परिवर्तनशिल हुनेगर्छ । अभ्यास नै ज्ञानको जननी हो। गण्डकी प्रदेशको सम्मानित सभा सञ्चालन र व्यवहारिक अभ्यासबाट नियमावलीमा आवश्यक संशोधन हुँदै गर्दा तेस्रो संशोधन सम्म आइपुगेका छौं । महान जनयुद्ध र जनआन्दोलनको समायोजन अर्थात फ्युजनको तागतबाट पैदा भएको संघीयता संघीयताको मुटु प्रदेश सभा सञ्चालनको नियामावली हाम्रो हकमा २०७४ लाई संबिधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरि तेस्रो संशोधन मस्यौदा समिति माननीय मायानाथ अधिकारीको संयोजकत्वमा नौ सदस्यीय यसै सम्मानित सभाले बनाएको विदितै छ। हाम्रो नियमावलीलाई सापेक्ष हिसाबले उत्कृष्ट बनाउनका लागि राष्ट्रिय सभा, प्रतिनिधी सभा, अरु छ वटा प्रदेश सभाका नियमावलीको अध्ययन र गण्डकी प्रदेशका सबै माननीयज्यूहरुको सुझाव समेत लिइएको थियो। नियमावली बनाउँदा सानातिना कुराहरुको समेत हेक्का नपुग्दा पटक पटक नियम उल्लंघन गर्नुपर्ने, नियम निलम्बन गर्नुपर्ने, संशोधन गर्नुपर्ने अब अवस्था नआओस् भन्ने कुरालाई समेत ध्यान दिन खोजिएको छ। झण्डै ४३ वटा नियममा संशोधन भए अनुरुप प्रदेशको नाम गण्डकी समावेश गर्ने देखि प्रदेश सभाका पदाधिकारीहरुको सोपान क्रम मिलाउने, संसदीय समितिका सभापतिको अनुपस्थितिमा प्रतिवेदन वा लगायतका बिषय प्रस्तुत गर्न समितिका जेष्ठ सदस्यले गर्ने, प्रदेश लोक सेवा आयोग बारे, लेखापरिक्षक बारे, मुख्यमन्त्रीले महिनाको एकपटक मन्त्रीहरुले प-पन्ध्र दिनमा सदनमा सदस्यहरु बिच प्रश्नोत्तरको व्यवस्था, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीले सदनलाई संबोधन गर्ने कुरा, संबोधन गर्ने कुरा, मुख्य न्यायधिशको कार्यालय, महालेखा परिक्षकको बार्षिक प्रतिवेदन जस्ता बिषय महत्वपूर्ण रहेका छन् साथै मन्त्रीज्यूहरुलाई संसदीय समितिमा राख्ने कुराको पनि व्यवस्था भएको छ। भाषागत त्रुटी, केहि संख्याका कुरा, वाक्यांशमा थपघट, केहि उपनियमहरुमा थप, कमा, फूलिस्टप आदिमा समेत ध्यान दिन कोशिस गरिएको छ। समितिमा एकमतले पास भई सदनमा पेश भएर पनि छलफलमा छौं सायद सदनले पनि

सर्वसम्मत हिसाबले अनुमोदन वा पास गर्ला भन्ने विश्वास हामीले लिएका छौं, मैले लिएको छु र हाम्रो दलले लिएको छ ।यति बिषय राख्दै विदा हुन्छु । धन्यवाद।

**माननीय सभामुख**ः-

माननीय सदस्य श्री बिष्णु प्रसाद लमिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय बिष्णु प्रसाद लमिछानेः-**

माननीय सभामुखज्यू, हामी यतिबेला संघीय संघीयताको मुटुको रुपमा रहेको प्रदेश सभामा चौंथो अधिवेशनको बिचमा छौं र आज हामीले गण्डकी प्रदेश प्रदेश सभा नियमावली, २०७४ को तेस्रो संशोधन मस्यौदा सहितको यो प्रतिवेदन माथि छलफल गरिराखेका छौं । म सबभन्दा पहिला त यो मस्यौदा तयार पार्नको लागि अत्यन्त मेहनत गर्नुहुने समितिका सबै माननीयज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । समय परिवर्तनशिल छ र हाम्रा क्रियाकलापहरु समय सापेक्ष हुन जरुरी छ । त्यहि समय सापेक्ष हुने क्रममा प्रदेश सभालाई अझै प्रभावकारी रुपमा हामीले कसरी सञ्चालन गर्न सकिन्छ भन्ने बारेमा बिद्‌यमान नियमावलीलाई अझै प्रभावकारी बनाउन के गर्न सकिन्छ भन्नरे हिसाबले यो मस्यौदा आएको छ । मैले सरसर्ती अध्ययन गरें यो मस्यौदा साँच्चै नै हिजो हामीले जुनरुपमा बनायौं नियमावली कहिं कतै छुटेका कुराहरु, कहिं कतै अपुग भएका कुराहरु, कहिं कतै समय सापेक्ष हुनुपर्ने कुराहरु थिए तिनै कुराहरुलाई समेटेर यहाँ यो तपाईं हाम्रो हातमा मस्यौदा आएको छ खास गरेर धैरै कुराहरु छन् । त्यो मध्येमा पनि केहि कुराहरु साँच्चै नै आवश्यक थियो हाम्लाई आवश्यक थियो हामीले काम गर्ने क्रममा हाम्लाई परेका अप्ठ्याराहरुको गाँठो फुकाउनु पर्ने परिस्थिति थियो यसले ती गाँठाहरु फुकाउने काम गरेको छ । पदाधिकारीमा केहि थप गरेको छ । हामीलाई कहिं कतै खड्केको बिषय थियो त्यहाँ हामी दलको उपनेता भनेका थियौं दलको उपनेता कहाँनेर के हो भन्ने साँच्चै नै स्थान नभएको परिस्थिति थियो र अन्य दलका नेताहरु पनि यसमा हामीले सम्मान गर्न नसकेको अवस्था थियो हामी राजनीति गर्ने व्यक्तिहरु राजनीतिक प्राणीहरु र त्यो दलको प्रतिनिधित्व यहाँ भइसकेपछि त्यो पदाधिकारी भित्र समेटिनुपर्छ भन्ने कहिं कतै लागेको थियो यसले त्यसलाई समेटेको पाइएको छ त्यस्तै अर्को एउटा मलाई कहिं कतै खड्केको थियो वास्तवमा यो सानो बिषय हो तर अनुशासनमा राख्ने कुरो एक घण्टा अगाडि हाजिरी

खोल्नेकाम र सदन सकिएपछि त्यो रोक्नुपर्छ भनेर अहिले चाहिं अलिकति हामीलाई अनुशासन बाँध्ने काम गरेको छ । कहिं कतै गुनासाहरु आउने गर्थ्यो लास्ट सम्म पनि आउने सदनमा आउने यताबाट सदन सकिएर फर्कदै गर्दा पनि कोहि आएर हस्ताक्षर गरिरहेका भन्या कहिं कतैबाट त्यस्ता गुनासाहरु सुनिने गर्थ्यो साँच्चै नै त्यो गुनासाहरुलाई मेट्नेगरि आको छ त्यल्ले हामीलाई एउटा अनुशासनमा बाँध्छ । हामी जो कोहि भएपनि त्यो एउटा अनुशासनमा बसेनौं भने त्यो हामीले जहाँ प्रतिनिधित्व गरिरहेका छौं त्यसको गरिमा चाहिं रहँदैन त्यसैले पनि हामीलाई समेत बाँध्ने काम यस्ले गरेको छ भन्ने मलाई लाग्छ । हामी एक्काइसौं शताब्दीमा छौं कहिं कतै बिद्युतिय उपकरणका कुराहरु माथि बन्देज भएका थिए अहिले हाम्रो एउटा मोवाइलमा हामीले यहाँ दिनुपर्ने कुराहरु, हामीले यहाँ प्रस्तुत गर्नुपर्ने कुराहरु हामी त्यसैको माध्यमबाट विभिन्न डाउनलोड गरेर अथवा विभिन्न माध्यमबाट ल्याएर हेर्न सक्छौं कम्प्युटरबाट सक्छौं कम्तिमा पनि त्यो प्रतिकुल असर नपर्ने गरि । प्रदेश सभा सञ्चालनलाई प्रतिकुल असर नपर्ने गरि हामी जिम्मेवार भाको हुँदा हामीले गर्ने काम हामीले दिने अनुशासनमा मलाई लाग्छ प्रतिकुल असर पर्नेगरि हामीले काम गर्नु हुँदैन गर्ने छैनौ नै त्यसो भएसि अनुकुल हुनेगरि त्यो बिद्युतिय उपकरणहरु प्रयोग गर्न पाउने भनेर नियमावलीले खोलेको छ मैले यसलाई पनि स्वागत योग्य ठानेको छु । वास्तवमा संसदको गरिमा भनेको संसदले आँफुले जिज्ञासा आफना जिज्ञासाहरु मन्त्री र मुख्यमन्त्रीसँग राख्न पाउने हो यसले यो नियमावली त्यो पनि खोलिदिएको छ कम्तिमा अनिवार्य गरेको छ कम्तिमा पनि जिज्ञासाहरुलाई कम्तिमा पनि एक महिनामा चाहिं मुख्यमन्त्री र पन्ध्र दिनमा मन्त्रीहरुसँग भएका जिज्ञासाहरु पन्ध्र दिनमा चाहिं जवाफ दिनुपर्ने भनेर खोलेको छ यसले पनि मलाई लाग्छ हाम्रो यो सदनको गरिमा बढ्छ भन्ने मैले महसुस गरेको छु। त्यस्तै गरि कार्यविधि अघि पनि आको छ हामीले कुरा पनि उठायौं अघि मुख्यमन्त्रीज्यूले भन्ने क्रममा पनि भन्नुभाको छ । कार्यविधि के बन्याछ भनेर हाउसले थाहा पाउन जरुरी छ । काम कसरी भैराखेको छ सरकारले त्यो कार्यविधि के बनाको छ र त्यो कार्यविधि अनुसार काम भाको छ कि छैन भनेर हाउसले थाहा पाउन जरुरी छ यो नियमावलीले त्यस्को पनि व्यवस्था गरेको छ कम्तिमा पनि कार्यविधि बनिसकेपछि एकहप्ता भित्र हाउसलाई जानकारी दिने र त्यो कार्यविधि के कसरी बनेको छ र त्यो कार्यविधि अनुसार काम भाको छ कि छैन भनेर बिधायन समितिले हेर्न पाउने अधिकार पनि यसले खोलिदिएको छ त्यस्ले पनि अब हुने काम कारवाहीमा कार्यविधि यसरी भयो र

मनपरि कार्यविधि बन्यो भनेर गुनासो गर्ने ठाउँ रहन्न कि भन्ने मलाई लाग्छ ।त्यस्तै अर्को एउटा एउटा चाहिं यो मूल नियमावलीको १२६ मा मैले यहाँ चाहिं मैले यहाँ अलिकति उ गरें को पाँचमा के भन्या छ भने उपनियम १ बमोजिम प्रदेश प्रमुख समक्ष पेश भएको बिधेयक प्रदेश प्रमुखले पन्ध्र दिन भित्र प्रमाणिकरण गरि त्यस्को सूचना यथासम्भव चाँडो प्रदेश सभामा दिनुपर्नेछ भन्याछ अब मैले सरसर्ती केहि माननीयज्यूहरु सित पनि कुरा बुझ्दा यो यथासम्भव भन्ने शब्दलाई हटाएर यता पन्ध्र दिन भन्याछ भने हामीले पनि दिन तोक्न यति दिनभित्र भनेर भन्नपाको भए अझै राम्रो हुन्थ्यो कि भन्ने कुरा आको छ । यिनै कुराहरु राख्दै जे आको छ यो नियमावलीले साँच्चिनै हाम्रो सदनको हाम्रो हाउसको गरिमा लाई चाहिं अझै प्रभावकारी हुन्छ । प्रदेश सभा सञ्चालनको लागि यसले अझै थप मदत पुग्छ भन्ने विश्वास राख्दै यो नियमावलीलाई हाम्रो दलको तर्फबाट पूर्ण समर्थन भएको व्यहोरा अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

**माननीय सभामुखः**-

अब म, गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिका सभापति माननीय श्री मायानाथ अधिकारीलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मायानाथ अधिकारीः**-

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल जेष्ठ १५ गते बसेको बैठकमा प्रतिवेदन सहित प्रस्तुत भएको गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को मस्यौदा गण्डकी प्रदेश,  प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम ऽऽ माननीयज्यूहरुको सुझावहरुलाई आत्मसात गर्दै अब यो बैठकमा पारित गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । ऽऽ माननीय सभामुख महोदय, यहाँ चाहिं हामीले संबिधान के रे प्रदेश सभा नियमावलीलाई अलिकति थोरै कुरा प्रदेश सभा नियमावलीलाई संशोधन गर्ने सन्दर्भमा हामीले धेरैपटक छलफल गर्‍यौं । धेरै पटक बहस छलफल गरेर बैठक बसेर छ वटै प्रदेश, राष्ट्रिय सभा, प्रतिनिधी सभा नियमावली त्यो सबैलाई जम्मा गरेर हामीले छलफल गर्‍यौं र प्रदेश सभा माननीयज्यूहरुको पनि सुझाव सल्लाह लियौं, मन्त्रीज्यूहरुको पनि मुख्यमन्त्रीज्यूकै कार्यकक्षमा गएरै सुझाव सल्लाह

लियौं र अधिकाँश सुझाव सल्लाह लिने अझै बाहिर पनि प्रयत्न गर्‍यौं । यसले हामीले खोजेको कुरा के हो भने यो नियमावलीलाई छिटो छिटो परिवर्तन गर्न नपरोस् संशोधन गर्न नपरोस् भन्न त अघि एकजना कता सुनियो तेस्रोपटक संशोधन भन्ने भयो तर पहिलोपटक के भाथ्यो भने सात को ठाउँमा ५ गरियाथ्यो त्यो कुनै अरु छलफल भा थिएन । अर्कोपटक के भाथ्यो भने गण्डकी प्रदेश प्रदेश नं ४ लाई गण्डकी प्रदेश बनाइया थियो । त्यहाँ कुनै ठूलो छलफल बहस भा थिएन । हामीले के महसुस गर्‍यौं भने यसलाई अलि बढि महत्व छलफल गर्नुपर्‍यो यसलाई अलि व्यवस्थित परिपक्व परिमार्जित गर्नुपर्‍यो भनेर हामीले त्यसलाई प्रयास गर्‍याथ्यौं । यसमा हामीले एउटा आचार संहिता बनायौं विवादबाट यसमा नजाऔं विवाद गरेर यसलाई अल्पमत बहुमतको आधारमा चाहिं यल्लाई निर्णयमा नजाउँ त्यो कति वैज्ञानिक हो अल्पमत बहुमत पनि हुनसक्छ। बहुमतको आधारमा निर्णय पनि हुनसक्छ तर अल्पमत बहुमतको आधारमा नजाउँ हामीले यसलाई सहमतिको आधारमै कसरि परिपक्व बनाउन सकिन्छ त्यो सबैको जिज्ञासाको बिषय हो । सबैको आवश्यकताको बिषय हो । एउटा कुनै दल बिशेषको कुरा होइन यो प्रदेश सभालाई व्यवस्थित, परिमार्जित, वैज्ञानिक बनाउने कुरा हो त्यसकारणले सहमतिको आधारमा निर्णय गरौं भनेर हामीले जे कुरा छलफल गर्‍यौं सहमतिकै आधारमा गर्‍यौं । जे कुरा छलफल अहिले व्यवस्थित रुपले ल्याउन कोशिश गर्‍या छौं अघि माननीय भनेको चाहे त्यो महालेखा परिक्षकको प्रतिवेदन प्रदेश सभामा आउने बिषय होस् वा अरु महत्वपूर्ण बिषय सवालहरु हुन् ति सबै बिषयहरुमा चाहिं हामीले पर्याप्त छलफल गरेर एउटा निकास निकाल्ने गरि सहमति हुने गरि हामीले यो टुङ्गो लगाएका छौं यसमा सत्तापक्ष प्रतिपक्ष सबैको सहमतिको आधारमा हामीले यो निर्णय गर्‍याछौं त्यसकारण हामीले जति विवाद गर्‍यौं समिति भित्रै विवाद गर्‍यौं, जति बहस चलायौं समिति भित्रै बहस चलायौं तर हामी एउटा निष्कर्षमा पुगेर सहमति साथ यो आछौं यो अहिले छलफल हुँदाखेरि माननीयज्यूहरुले जुन सुझाव राख्नुभाछ उहाँहरुले सकारात्मक सुझाव राख्नुभाछ ती सकारात्मक सुझावहरुलाई हामी आत्मसात गर्छौं । त्यल्लाई उहाँहरुका सुझावहरुले यल्लाई अझै व्यवस्थित बनाउने काममा सहयोग पुगेको कुरा म जानकारी गराउँदै अघि मैले पढेको जस्तै यसलाई सम्मानित प्रदेश सभा समक्ष पारित गर्नको निम्ति अनुरोध गर्छु । धन्यवाद ।

**माननीय सभामुखः-**

अब यो छलफल यहिं समाप्त हुन्छ ।

अब म, नियमावलीको नियम १ देखि ४३ सम्म गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ नियमावलीको नियम १ देखि ४३ सम्म सर्वसम्मतिले गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को अङ्ग बनेको घोषणा गर्दछु ।

अब म नियमावलीको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः-** गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनिय भएकोले नेपालको संबिधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरि गण्डकी प्रदेशको प्रदेश सभाले देहायका नियमहरु बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमावलीहरुको नाम गण्डकी प्रदेश, प्रदेश सभा, तेस्रो संशोधन नियमावली, २०७६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

अब म नियमावलीको प्रस्तावना र नाम गण्डकी प्रदेश, प्रदेश सभा, तेस्रो संशोधन नियमावली, २०७६ को अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ नियमावलीको नियम प्रस्तावना र नाम सर्वसम्मतिले गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को अङ्ग बनेको घोषणा गर्दछु ।

अब म प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिका सभापति माननीय श्री मायानाथ अधिकारीलाई गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मायानाथ अधिकारीः**-

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल जेष्ठ १५ गते बसेको बैठकमा प्रतिवेदन सहित प्रस्तुत भएको गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ को मस्यौदा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**-

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश, प्रदेश सभा तेस्रो संशोधन नियमावली, २०७६ सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब, २०७६ साल जेष्ठ १७ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङले सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७६/७७ को नीति

तथा कार्यक्रम र बजेट निर्माणको क्रममा विनियोजन बिधेयकको सिद्धान्त र प्राथमिकता माथि छलफल प्रारम्भ हुन्छ । प्रत्येक माननीय सदस्यलाई छलफलमा भाग लिनको लागि १० मिनेटको समय निर्धारण गरेको छु ।

अब म, सर्वप्रथम, माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडीः-**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो अधिवेशनमा आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले जेष्ठ १७ गते प्रस्तुत गर्नुभएको विनियोजन बिधेयक २०७६ का सिद्धान्त र प्राथमिकताका सन्दर्भमा आफ्ना विचारहरु राख्न चाहन्छु । माननीय सभामुख महोदय, हामी संघीयताको अभ्यासमा छौं । हाम्रो संघीयताले समन्वय, समझदारी र सहकार्य खोज्दछ ।संबिधानले त्यसै भन्छ त्यसकारणले संघ प्रदेश र स्थानीय तहले लिने आर्थिक नीति र बनाउने योजनाहरुको आधारमा मुलुकको अग्र भविष्य निर्धारण गर्छ । मुलुक कसरि अगाडि बढ्छ भन्नेकुराको टुङ्गो गर्छ ।लामो राजनीतिक द्वन्दमा गुज्रेको कारणले गर्दा भर्खर भर्खर स्थायित्व तर्फ अगाडि बढेका कारणले मुलुक बिस्तारै आर्थिक रुपले तग्न खोज्याछ र अर्थतन्त्रले आकार र गति प्राप्त गर्‍याछ र लिंदैछ यस्तो अवस्थामा हाम्रा बिच हाम्रा बिच हामीले गर्ने विधि र हाम्रा व्यवहारहरु उन्नत सोचयुक्त हुन जरुरी छ । राजनीतिक क्रान्तिपछि आर्थिक रुपमा समृद्धि प्राप्त गर्नका लागि धेरै चरण र उपचरणहरु पार गर्नुपर्छ यसकारणले हामीले बनाइरहेका योजनाहरुले ती चरण र उपचरणहरुलाई पुरा गरेर हामी राजनीतिक क्रान्तिलाई पूर्णता दिन सक्छौं र त्यो बाटोमा जान सक्छौं यसका निमित्त हामीले तय गरेको बाटो, हामीले बनाएका योजनाहरु र ती योजनाबाट दिने प्रतिफलहरुले हाम्रा भविष्यलाई निर्धारण गर्छन् भविष्यलाई समृद्धिको नजिक या पर कहाँ पुर्‍याउँछन् भन्ने कुराको पनि टुङ्गो गर्ने भएका कारणले हामीले त्यता तर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ यतिबेला मुलुकले लिइरहेको नीतिले हामी ठीक ठाउँमा छौं भन्नेकुरा प्रमाणित भएको छ र मुलुकले सात प्रतिशतको वृद्धिदर प्राप्त गरेको छ यस्को सँगसँगै गण्डकी प्रदेशले आफ्नो वृद्धिदर हासिल गरेको छ जुन चाहिं प्रदेश नं ५ पहिलो भाको छ ।प्रदेशका हिसाबले गर्दा भन्दा गण्डकी प्रदेश दोस्रो छ यद्यपि कुल ग्राहस्थ उत्पादनमा

गण्डकी प्रदेश नै माथि छ यसले के देखाउँछ भन्दा गत बर्ष हामीले लिएका आर्थिक नीति र हामीले गरेका कार्यान्वयनहरु चाहिं ठीक थिए ठीक बाटोमा थियौं हामी भन्ने कुरालाई देखाउँछ त्यस्को रिजल्ट चाहिं त्यो हो त्यसकारणले प्रदेशगत योगदानका हिसाबले गण्डकी प्रदेश जुन योगदान राष्ट्रिय ग्राहस्थ उत्पादनमा गरेको छ त्यो गतिमा, त्यो बाटोमा हामीले हिंड्दाखेरि हाम्रा आगामीदिनहरु अझ बढि प्रभावकारी हुनेछन् भन्ने विश्वास व्यक्त गर्न चाहन्छु । यसका निमित्त गण्डकी प्रदेशले जे चिजमा आफ्नो ध्यान केन्द्रित गऱ्याथ्यो वित्तिय उत्तरदायित्व बहन गर्ने जुन काम गऱ्याथ्यो वित्तिय उत्तरदायित्व बहन गरेका कारणले नै यो दिगोपन तर्फ अगाडि बढिरहेको छ भन्ने कुरा चाहिं देख्न सकिन्छ । गण्डकी प्रदेशको अर्थतन्त्रलाई हेर्ने हो भने चाहिं यसको शहरिया अर्थतन्त्र चाहिं मुनाफामुखि छ । नाफामुखि छ नाफामुखि शहरिया अर्थतन्त्र छ ग्रामिण अर्थतन्त्र चाहिं निर्वाहमुखि छ । यो ग्रामिण र शहरिया अर्थतन्त्रलाई चाहिं चलायमान बनाउनुपर्छ । चलायमान बनाउनलाई यसलाई उत्पादनमुखि बनाउनु पऱ्यो आत्मनिर्भर बनाउनको लागि समाजवाद उन्मुख हुनका निमित्त प्रस्थान विन्दु चाहिं आगामी बजेटमा हामीले पहिल्याउन जरुरी छ कतिपय अगिल्ला अगिल्ला कार्ययोजनाका आधारमा हामी अगाडि जान्छौं र आगामी बजेटमा हामीले यो प्रस्थान विन्दुलाई चाहिं प्रष्ट गर्न जरुरी छ । यसो गऱ्यौं भने हाम्रो अर्थतन्त्र चलायमान हुन्छ चलायमान अर्थतन्त्रले नै गति प्रदान गर्छ र हामी अगाडि बढ्न सक्छौं तर हामीसँग एउटा समस्या छ हामीसँग मनसुनमा आधारित कृषि प्रणाली छ । मनसुनमा आधारित कृषि प्रणालीका कारणले कृषि कृषिमा प्रविधिकरण सिंचाईको व्यवसायिकरण कृषिको व्यवसायिकरण र बजारीकरण गरेनौं भने चाहिं त्यस्लाई चलायमान बनाउन सक्दैनौं यसकारणले हाम्रो बजेटले गर्नुपर्ने फोकस सिंचाई तर्फ कृषि तर्फ केन्द्रित हुन जरुरी छ किनभने अहिले पनि कृषिको राष्ट्रिय अर्थतन्त्रमा उसको चाहिं योगदान चाहिं अरु क्षेत्रको भन्दा बेसी छ यसकारणले यो क्षेत्रलाई हामीले ख्याल गर्नुपर्छ भन्ने लाग्छ तर हामीले जुन राजनैतिक परिवर्तनबाट यो ठाउँमा आइपुगेका छौं यो खालको व्यवस्थामा यो खालको ठाउँमा आइपुगेका छौं यसमा अर्थतन्त्रका केहि संरचनागत समस्या पनि बो केर ल्याछौं हामीसँग केहि संरचनागत समस्या छन् । हामीसँग न्यून आर्थिक विकास छ दुई अंकको वृद्धि हामीले हासिल गर्नुछ हिजो न्यून थियो हामी १९७० को दशकमा त हामी जम्मा २.६८ प्रतिशत थियौं आज हामी ७ प्रतिशतमा छौं हामी भने २ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नुछ । यो यो कुरालाई ख्याल गरेर हाम्रो योजना बनाउनु छ भने हामीसँग उच्च

मूल्यवृद्धि पनि छ, घट्दो व्यापार घाटा बढिरापनि छ र विकास खर्च न्यून छ विकास खर्चका सन्दर्भमा केहि केहि हाम्रा समस्या रैछन हाम्रो समस्या साउनमा हामी बजेट ल्याउँछौं माघ या फागुनमा गएर हामी टेण्डर गर्छौं या सम्झौता गर्छौं यसकारणले यो छ सात महिनाको ग्याप पिरियडमा बजेट खर्च नहुँदा पुँजीगत खर्च नहुँदा सधैं यो बजेट समयमा खर्च नहुने समस्याबाट ग्रस्त छौं त्यसकारणले आगामी बर्ष हामीले अझ सुधार गर्नुपर्छ र यो सुधारको काम चाहिं अगिल्ला साल नै टेण्डर भइसकेका बहुबर्षिय भइ सकेका योजनाहरुलाई चाहिं निश्चित समयबाट यसलाई कार्य प्रारम्भ गरेर पुँजीगत खर्च गर्न सकियो भने सायद हामीले अपेक्षित उपलब्धी चाहिं प्राप्त गर्नेछौं त्यो बाटोमा जान सक्छौं होला त्यसकारणले दीर्घकाल बैंकहरु हामीसँग छन् तर बैंकहरु चाहिं दीर्घकालिन अर्थतन्त्र निर्माणमा भन्दा चाहिं तत्कालको नाफामा बढि केन्द्रित भाछन् त्यसकारणले दीर्घकालिन अर्थतन्त्र निर्माणका लागि बैंकहरुलाई कसरि प्रोत्साहित गर्न सकिन्छ भन्नेकुरा चाहिं हामीले ध्यान दिनुपर्छ । कृषि हाम्रो निर्वाहमुखि छ यो कृषि निर्वाहमुखि कृषिलाई चाहिं आयात प्रतिस्थापन गर्ने तरिकाबाट जानुपर्छ होला हामी । एकैचोटि बजारलाई हस्तक्षेप गर्न सक्ने गरेर हाम्रो धेरै चिजले गर्न सक्दैन भने हाम्रो जे जे चिजको आयात छ त्यल्लाई प्रतिस्थापन गरि जान सक्यौं भने धेरै आयात गर्नुपरेको बजेट चाहिं हामी के गर्न सक्छौं जोगाउन सक्छौं र विकासमा लगाउन सक्ने स्थितिमा पुग्छौं भन्ने लाग्छ । अव्यवस्थित बसोबास छ हाम्रो । छरिएको पहाड छ , छरिएका स-साना बस्ती छन् त्यहाँ बाटो, बिजुली, पानी सब पुऱ्याउनुपर्छ त्यस्ले खर्च धेरै खर्च भैरहेको छ त्यसकारणले एकिकृत बस्ती बनाएर अगाडि जानसक्ने वातावरण हामीले तय गऱ्यौ भने चाहिं हाम्रा विकासका क्षेत्रमा भैरहेका न्यून खर्च या विकासको क्षेत्रमा भैरहेको फजुल खर्च चाहिं जोगिएर उत्पादनमुलक र श्रम र रोजगारी केन्द्रित भएर अगाडि बढ्न सक्छ त्यता तर्फ हामीले ध्यान दिनुपर्छ होला त्यतातर्फ ध्यान केन्द्रित गर्नुपर्दछ र सबभन्दा समस्या सुशासनमा जुन खालको बाधक तत्व देखापरेको छ बर्षेनी देखा पर्ने भ्रष्टाचार छ त्यस्लाई न्यूनीकरण गर्नलाई चाहिं आउने बजेटमा त्यस्को व्यवस्थापन गर्नुपऱ्यो यसको डरलाग्दो पक्षचाहिं केहो भने हाम्रो देशमा जो नयाँ धनीहरु छन् ती परम्परागत धनी भन्दा चाहिं हिजोका पुराना बैंकका कर्मचारी पुराना कर्मचारीहरु चाहिं छयालिस साल पछि सबभन्दा बढि धनी बनेर देखापऱ्या छन् । यसकारणले यहाँनेर कहिं न कहिं हाम्रो बिचमा काम गर्ने कार्यशैलीमा कहिं कहिं समस्या छन् त्यो कुरालाई ख्याल गरेर जानुपर्छ होला भन्ने लाग्छ । यसका लागि हामीले

जलस्रोतको सदुपयोग गर्नुपऱ्यो उर्जामा सदुपयोग जलस्रोतको चाहिं बहुउपयोग गर्नुपऱ्यो यसकारण हामी बिजुलीका कुरा गऱ्याछौं । यो खानेपानीमा पनि हामी उपयोग गर्न सक्छौं । पशुपालन र जडिबुटीलाई एकिकृत गरेर हामी अगाडि जान सक्छौं । यसकारणले बार्षिक १५ अर्ब को मासु हामीले विदेशबाट आयात गऱ्याछौं भने प्रतिस्थापन गर्ने गरेर हामीले पशुपालनमा जोड दियौं भने त्यो चाहिं हाम्रा निमित्त सुखद हुन सक्छ ।गत बर्ष हामीले जति मोडल फार्मका कुरा गऱ्यौं जनस्तरबाट जुन माग आयो २२ सय २३ सय माग आयो त्यो अत्यन्त सुखद पक्ष हो किनभने आवश्यकता हामीले अपेक्षा गरेको चार सयको ठाउँमा २२ सय माग आउनु  के हो भने जनता त्यता तर्फ केन्द्रित रहेछन् उनीहरु काम गर्न चाहन्छन भन्नेकुरा देखिन्छ भने त्यस्लाई कसरी बढोत्तरी गरेर जान सकिन्छ भन्ने गरि हामीले प्रतिनिधित्व गर्नुपर्छ । जडिबुटी हाम्रो अर्को आधार हो किनभने यो देशमा पाइने संसारमा पाइने सबै जडिबुटीहरु मध्ये ६७ प्रतिशत जडिबुटी नेपालमा पाइन्छ त्यसको प्रवर्द्धन गर्नु, जगेर्ना गर्नु, त्यसको औद्योगिकरण गर्ने दायित्व चाहिं हाम्रो हुन्छ त्यो कुरामा हामीले ध्यान दिनुपर्छ होला यो बाटोबाट अगाडि बढ्नुपर्छ होला भन्ने मलाई लाग्छ त्यसकारणले साझा गन्तव्य हामी सप्पैको साझा गन्तव्य छ सुखी नेपाल समृद्ध नेपाली । त्यो साझा गन्तव्यमा जानका लागि सप्पै कुरालाई सहयोग गर्ने गरेर यो बजेटको जुन नीति र सिद्धान्तलाई अगाडि प्रस्तावित गर्नुभाछ त्यो बेटर छ । राम्रो छ भन्ने लाग्दछ । शिक्षा, पिउनेपानी र पर्यटनको बजारीकरण अहिलेको हाम्रो चाहिं आवश्यकता हो त्यहाँ हामीले जानुपर्छ । यसकारणले हामीले २०३० सम्ममा २०३० सम्ममा चाहिं अदम्य उत्साहका साथ क्रियाशिल स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीयहरुको चलायमान व्यवसायमैत्री न्यून र घट्दो निरपेक्ष गरिबी भएको प्रदेशमा हामीले रुपान्तरित गर्नुपर्छ । यो रुपान्तरणको यो यात्राका लागि चाहिं हामीले राजश्व, स्वदेशी निजी लगानी र वैदेशिक लगानीहरुको चाहिं वृद्धि गरेर, लगानी ल्याएर, लगानीलाई संरक्षण गरेर लगानीमैत्री वातावरण बनाएर मात्रै प्राप्त गर्न सक्छौं यसकारणले हाम्रो नीतिले त्यो कुरालाई चाहिं प्रतिनिधित्व गर्नुपर्छ त्यो नीतिलाई एड्रेस गर्नुपर्छ र त्यो कुरा नीति तथा सिद्धान्त र प्रथमिकतामा प्रष्टसाथ आएको पनि छ यसका निमित्त माननीय अर्थमन्त्रीलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु । यसैले राम्रा सडकहरु, प्रसार सेवा, बिद्युतिय पहुँच, आवश्यक मल बीउ र सामाग्रीको व्यवस्थाले खाद्य सुरक्षा व्यवस्थापन गर्दै व्यवसायिकरण तर्फ अगाडि बढ्नलाई हामीलाई सहयोग पुऱ्याउँछ यी कामहरुमा हामीले केन्द्रित हुनुपर्छ यसकारणले गत बर्ष हामीले जे नीति

लिएका थियौं त्यो ठीकै हिंडेका छौं ठीकै बाटोमा छौं भन्ने हामीलाई लाग्छ किनभने प्रारम्भमा थियौं शुरुका अभ्यासमा थियौं संघीयताको यो अभ्यास हामीले नयाँ गरेको र हामीले बनाएको यो अभ्यास हामी आँफैले सिक्दै हामी आफैंले निर्माण गर्दै जाने अभ्यास हो । यहाँ हामीले सिक्नको लागि न हिजोको परम्परागत संघीय शासन प्रणालीको अभ्यास छ न आज हामीसँग सिक्नका लागि चाहिं अरुकुनै थियो हामीले आँफैले बनाउने आँफैले निर्माण गर्ने अभ्यास भएका कारणले हामीले कतिपय ठाउँमा त्रुटि गरेका पनि हुनसक्छौं त्यो हाम्रा त्रुटी हुन सफलता हुन् भने हाम्रा हुन् यी हाम्रा साझा पुँजी हुन् भन्ने कुरालाई गर्वका साथ  लिंदै गत बर्षका नीतिका साथ हामीले आँफुलाई केन्द्रित गर्नुपर्छ । निजी, सहकारी र सामूदायिक सहकार्य यसको आवश्यकता हो । निजी निजी, सहकारी र सामूदायिक सहकार्यले चाहिं रोजगारी बढाउँछ, गरिबी निवारण गर्छ, संस्थागत विकासको सहयोग गर्छ र प्रशासनलाई सक्षम उत्तरदायी र पारदर्शी बनाउन पनि सहयोग गर्छ त्यसका निमित्त उच्च मनोबलका साथ काम गर्ने काम चाहिं हामीले गर्नुपर्छ सरकारले त्यो उच्च मनोबलका साथ चाहिं यी कामहरुलाई अगाडि बढाउनुपर्छ । नीतिमै स्पष्ट साथ संस्थागत संरचना विकास गर्ने कुरा आको छ प्रदेश लोक सेवा आयोग, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्युरो त्यसले गर्दाखेरि हाम्रो प्रदेशलाई हरेक टुल्सहरुका माध्यमबाट सक्षम बनाउने कुरामा जुन प्राथमिकता साथ यो बजेटलाई अगाडि प्रस्तुत गर्नुभाछ यसले आगामी दिनमा हामीलाई अलि अगाडि बढ्नका लागि र पछिल्ला २०३० सम्म पुग्नका लागि चाहिं स्पष्ट मार्गदर्शन गरेको छ भन्ने ठानेको छु यसकारणले सामाजिक सुरक्षाको क्षेत्रमा पर्यटनका हामीले भनेका छौं उन्नाइसलाई हामीले आन्तरिक पर्यटन बर्ष भन्याछौं, बिसलाई छिमेकी देशको भ्रमण बर्ष भन्याछौं, बाइसलाई अन्तराष्ट्रिय पर्यटक पर्यटन बर्षका हिसाबले अगाडि सारेका छौं त्यो गत बर्षकै हाम्रो नीति हो । यो कामका निमित्त चाहिं पर्यटनको बजारीकरण हाम्रो प्रमुख चिज हो । पर्यटन भनेको चाहिं बेच्ने कुरा हो बेच्नका निमित्त हामीले थरि थरिका चिजहरु उत्पादन गर्नुपऱ्यो त्यल्लाई बेच्नुपऱ्यो यो बेच्न सकिंदा चाहिं हाम्रो हामीकहाँ पर्यटकहरुको संख्या बढ्छ । गुणस्तरिय उच्चस्तरका पर्यटकहरुलाई कसरि ल्याउन सकिन्छ भन्नेकुरामा ध्यान केन्द्रित गर्नु जरुरी छ । पर्यटक आन्तरिक पनि, छिमेकी देशका पनि या अरु समुन्द्रपारका पर्यटकहरु पनि आउदाखेरि हामीले हेर्ने भनेको चाहिं हाम्रो अर्थतन्त्रमा उनीहरुले कति बढोत्तरी गर्छन् भन्ने प्रश्नमा हामी केन्द्रित हुनु जरुरी छ ।त्यहाँबाट हामी कति यो मुलुकका लागि यो प्रदेशका लागि आम्दानी प्राप्त गर्नसक्छौं भन्ने कुरामा ध्यान

केन्द्रित गर्‍यौं भने हाम्रो अर्थतन्त्र सबल हुँदा ढुकुटीमा पैसा हुँदा खर्च गर्ने आधार हुन्छ पैसा खर्च गर्न सक्दा चाहिं फेरि आम्दानीका स्रोतहरु बढ्छन् भन्नेकुरामा चाहिं हामीले आँफुलाई केन्द्रित गर्नुपर्दछ भन्ने लाग्दछ । उज्यालो प्रदेश गण्डकी प्रदेशको गर्व गर्न लायकको योजना हो गर्व गर्न लायकको योजना पहिलो सरकारको पहिलो पटकको प्रस्तावमा राखिएको यो २ बर्ष भित्र हामीले यो लक्ष्य कुनै पनि मूल्यमा प्राप्त गर्नुपर्छ यसका निमित्त बजेटले यसमा प्राथमिकता दिएको छ । यो बहुत महत्वपूर्ण कुरा हो र उज्यालोमा बसेको छु उज्यालोमा छु भन्नेका साथ भनेर गर्वका साथ अन्यत्र भन्न सक्नु अरु प्रदेशमा भन्न सकिनुले आफैंलाई गौरवबोध गराउँछ । यो महत्वपूर्ण कुरा हुन्छ किन अँध्यारो र उज्यालोको बिचको धेरै ठूलो भिन्नता छ यसकारणले उज्यालोमा ल्याउने कुरा महत्वपूर्ण हुन्छ जलवायू मुख्यमन्त्री जलवायूमैत्री वातावरण नमुना कृषि गाउँ कार्यक्रम र होमस्टे कार्यक्रमको प्रवर्द्धनका निमित्त चाहिं यो बर्ष नि बजेटले बढोत्तरी गर्न जरुरी हुन्छ भन्ने किन ठानेको छु भने हामीसँग शहरी अर्थतन्त्र छ, हामीसँग गाउँले अर्थतन्त्र छ गाउँले अर्थतन्त्र होमस्टेका आधारबाट हामीले प्रवर्द्धन गर्न सक्छौं । एउटा होमस्टेलाई बजारको केन्द्रमा ठानेर त्यसको वरिपरि व्यवसायिक कृषि, व्यवसायिक पशुपालन, अरु धेरै गतिविधिहरु केन्द्रित गर्न सकिन्छ जसका कारण धेरै परिवारलाई श्रममा जोड्न सकिन्छ, स्वरोजगार गराउन सकिन्छ र व्यापारमा जोड्न सकिन्छ । जबसम्म व्यापारमा जोड्न सकिन्न जबसम्म पैसामा जोड्न सकिन्न आम्दानीमा जोड्न सकिन्न समृद्धीको यात्रामा लान सकिन्न पैसामा जोड्न सकिन्न, व्यवसायमा जोड्न सकिन्न, समृद्धिको यात्रा चाहिं पर हुन्छ यसकारणले नमुना मैत्री कृषि गाउँ बनाउने अनि होमस्टेलाई प्रवर्द्धन गर्नेकुरामा चाहिं बजेटले अलि बढि जोड दिनुपर्दछ भन्ने चाहिं मेरो विचार छ मेरो आग्रह छ । एकिकृत बस्तीका कुरा अगि नै मैले भने छरिएको बस्तीका कारणले हामीले दुख पायौं । बस्तीलाई कसरी एकिकृत गर्न सकिन्छ सप्पै स्थानीय तहसँग सहकार्य गर्दै हामी अगाडि जानसक्छौं भन्ने मेरो आग्रह छ अनुरोध छ शिक्षा प्रविधी मैत्री शिक्षाको लागि हामीले जोड दिनुपर्छ । प्रदेशका गौरवका सडकहरु जिल्ला र पालिका केन्द्र जोड्ने सडकको जुनखालको प्रस्ताव आछ यो सिद्धान्तले महत्वपूर्ण क्षेत्र ओगटेको छ खानेपानी सरकारको अभिभारा हो दायित्व हो सबैलाई शुद्ध पिउनेपानी पुर्‍याउने दायित्वबाट सरकार उभिएको कुरा उल्लेख भएको छ सिद्धान्तमा यसकारणले हाम्रा समृद्धिका केहि वाहक छन् । गण्डकी प्रदेशको हकमा भन्छु हाम्रो समृद्धिको वाहक पर्यटन हो, कृषि हो, उर्जा हो, उद्योग हो, पूर्वाधार हो,

जनशक्ति विकास र सुशासन हो यो कामलाई पुरा गर्नलाई हाम्रा सहयोगी अरु पाटा पनि छन् । सुन्दर प्रकृति छ, जैविक विविधता हामी सँग छ । जैविक विविधता र जनसाँस्कृतिक जानसाँख्यिक लाभ हामी सँग छ यी कामका आधारमा हामी यो प्रदेशलाई समृद्ध प्रदेश निर्माण गर्न सक्छौं ।यसकै आधारमा प्रदेशको विकास गर्न सक्छौं यसै लाई टेकेर जुन ढंगले सिद्धान्तर प्राथमिकता आको छ यसले आगामी दिनमा यो प्रदेशलाई समृद्ध बनाउन सहयोग गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै यो सिद्धान्त र प्राथमिकता जुन ढंगले तयार भएर **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** माननीय मन्त्रीज्यूले प्रस्तुत गर्नुभाछ दलको तर्फबाट पार्टीको तर्फबाट यसलाई पूर्ण समर्थन गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः-**

माननीय सदस्य श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कुमार खड्काः-**

माननीय सभामुखज्यू, २०७६ को गण्डकी प्रदेशको विनियोजन बिधेयकको सिद्धान्त र प्राथमिकतामा चर्चा प्रारम्भ गर्नुभन्दा पहिला संघीय बजेटको सामान्य एनलाइसिस गर्न आवश्यक मैले ठानेको छु । संघ सरकारले जेष्ठ १५ गते प्रस्तुत गरेको बजेटलाई अध्ययन गर्दा प्रदेशमा जाने रकम जम्मा २.९३ प्रतिशतले अझै घटाएर पठाएको स्थिति छ ।सशर्त अनुदानका कुरा गर्दा चालु आ.ब.मा ६३ अर्ब १३ करोड भएको सशर्त अनुदान प्रदेशहरुलाई घटेर ४४ अर्ब ५५ करोड भाको छ जुन ४२ प्रतिशतले घटेको छ । राजश्वको बाँडफाँडलाई हेर्दाखेरि ७६० वटा सरकारलाई १२.७१ प्रतिशत छुट्याइदिएको छ भने संघ सरकार आँफैले ८७.२९ प्रतिशत ओगटेर राखेको छ । संघीयता पवर्द्धन गर्ने, संघीयतालाई बलियो गर्ने कुरा त छोड्दिनुस संघीयता त अब संघ सरकारको एजेण्डामा रहँदै रहेन अब यसले चित्र बहादुर के.सी.हरुले भन्नुभएको बिकेन्द्रीकरण र राजा महेन्द्र र ज्ञानेन्द्रले चलाएको बिकेन्द्रीकरण भन्दापनि यो पश्चगामी तर्फ गैरहेको छ भन्ने संकेत यो संघ सरकारको बजेटले दिइरहेको छ । जहाँसम्म विनियोजन बिधेयक २०७६ को गण्डकी प्रदेश सरकारले ल्याएको सिद्धान्त र प्राथमिकता छ यसको बुँदा नं ५ मा बजेट कार्यान्वयन गर्ने इकाई, विनियोजित रकम र क्रियाकलाप स्पष्ट तोकेर पारदर्शी बनाउँछु भनेर यो वक्तव्यले बोलेको छ यो अत्यन्त प्रशंसनिय छ । अत्यन्त सराहनिय छ । बास्केट बजेटकै कुरा गर्नुस पोके बजेटकै कुरा गर्नुस

नाम जेसुकै दिनुस् यो यति बदनाम भयो कि सिंगो प्रदेश सभा यसैको वरिपरि रल्मलियो । पोके बजेट ल्याएर दुरुपयोग गर्ने भनेर आरोपित मन्त्रीहरुधरि यो पोके बजेटका कारणले असन्तुष्ट छन् । तसर्थ अहिले माननीय अर्थमन्त्रीले आफ्नो दस्तावेजमा के भन्नुभाको छ त भन्दा बजेट कार्यान्वयन गर्ने इकाई पनि म खोल्छु । विनियोजित रकम पनि त्यहाँ खोलिएको हुन्छ र क्रियाकलाप के हो त्यो पनि प्रष्ट तोकिन्छ भनेर त्यसलाई पारदर्शी बनाउने कुरा गर्नुभाको छ त्यो सराहनिय छ तर आज मुख्यमन्त्रीजीले आफ्नो वक्तव्य दिइरहने बेलामा पनि पोके बजेटको बिरोध गरिरहँदा रहँदै पनि होमस्टे जस्ता कार्यक्रमहरु त बल्कमै आउँछ बास्केटमै आउँछ भनिरहँदा के हो तनि पोकोमा नआउने त्यसोभए । सडक पोकोमा आउने, तटबन्ध आउने, सिंचाई आउने त्यसपछि खानेपानी आउने, होमस्टे, फुटट्र्याक, भूसंरक्षण, पर्यटन पूर्वाधार, औद्योगिक क्षेत्र, अस्पताल, पुस्तकालय, ल्याब, खेल मैदान, मन्दिर, स्वास्थ्य शिविरका नाम दिएर त्यहाँ ठुल्ठुलो रकम राख्दिनेहो भने कूल बजेटको वन परसेन्ट भन्दा बढ्ता रकमहरुलाई चाहिं एकमुष्ट राख्दिनेहो भने त्यो पोके बजेट हिजो हरियो फ्लेवरमा आथ्यो भने अब रातो फ्लेवरमा आउँछ । समस्या के छ त हामीले पनि बुझ्छौं के भन्दाखेरि प्रदेश सरकार सँग इनफ आयोजना बैंक छैन यसको पूर्वाधार पनि छैन जसले उस्को तल्लो यूनिटबाट यसलाई चाहिं सपोर्ट गरोस् कि गाउँको आवश्यकता प्रदेशको आवश्यकता यो हो भनेर सपोर्ट गर्ने स्थिति छैन तर प्रदेश सभा सदस्य त के भनिराख्नु भाछ त भन्दाखेरि मैले सिफारिस गरेका कार्यक्रम मन्त्रीज्यूहरुले समावेश गरिरहनु भाछैन भनेर गुनासो गरिराख्नुभाको छ । सरकार के भनिराको छ त भन्दाखेरि मलाई के कार्यक्रम राख्ने त्यसको जानकारी नै छैन भनिरहेको छ । अब ६० वटै प्रदेश सभा सदस्यलाई मन्त्रीहरुलाई हटाइदिने हो भने पचास बाउन्न वटा माननीय सदस्यहरुलाई तटबन्धमा के कार्यक्रम राख्ने सडकमा के कार्यक्रम राख्ने होमस्टे कहाँ दिने ल्याव कहाँ राख्ने पुस्तकालय कहाँ राख्ने सिंचाई कहाँ गर्ने यो बारेमा तपाईंहरुले सल्लाह दिनुस् भन्ने हो भने सात दिनको समय पाउने हो भने माननीय सदस्यहरुले विनियोजित बजेटमा रातो किताबमा सबै खुल्ने गरेर कार्यक्रम दिनसक्ने सामर्थ्य राख्छन तर त्यतातिर सोच्नपर्छ भन्ने म यहाँ निवेदन गर्न चाहन्छु । बुँदा नं ३० मा कालीगण्डकी बुढीगण्डकी सेती मादी मर्स्याङ्दी दरौंदी र त्रिशुली नदीको प्राकृतिक स्रोत तथा पारिस्थितिक प्रणालीमा असर पर्ने आयोजनालाई मान्यता नदिने भनेर उल्लेख गर्नुभाको थियो भाको छ । यो एकदमै राम्रो छ ।कि त्यत्रो भाका मिलाउनै पर्थेन कालिगण्डकी डाइभर्सन भन्दिएमात्र पनि पुग्थ्यो । त्यो

संघले कालीगण्डकी डाइभर्सन जुन लिएर आको छ त्यो कालीगण्डकी डाइभर्सन हुन नदिने भनेर अघि मुख्यमन्त्रीज्यूको पनि प्रतिबद्धता आएको छ । आर्थिक मामिला तथा योजना मन्त्रीले पनि आफ्नो सिद्धान्त र प्राथमिकतामा राख्नुभाको छ । नेपाली काँग्रेसको प्रमुख प्रतिपक्षी दलको नेताले पनि त्यसलाई बहुत जोडदारका साथ उभ्याउनुभाको छ हाम्रो सिङ्गो प्रदेश एकै ठाउँमा छौं । यसमा हाम्रो चाहिं बहुत कडाईका साथमा प्रदेश जानुपर्छ भन्नेछ । बुँदा नं ३१ मा क्रसर, दहत्तर बहत्तर कडाईका साथ नियमन गर्ने भनेका छौं क्रसरको जुन बेथिति छ अर्थ तथा विकास समितिले यसमा बहुत सकारात्मक भूमिका खेलेर बहुत गहन अध्ययन अनुसन्धान अनुगमन गरिरहेको छ । हामीले राजश्वको बाँडफाँडका ऐन पनि ल्यायौं त्यो ऐन अनुसार अहिले चाहिं स्थानीय तहले प्रदेशलाई आँफुले दिनुपर्ने दायित्व नदिएका कुराहरु पनि बाहिर आइरहेका छन् यो बारेमा पनि अब बजेट भाषण गर्ने बेलामा चाहिं माननीय अर्थमन्त्रीजीले अलिकति सोच पुर्‍याउनुपर्छ जस्तो लाग्छ मलाई । बुँदा नं ३९ मा आयोजना तथा कार्यक्रमको छनौट कार्यक्रमको अनुगमनमा सांसदको भूमिकालाई प्रभावकारी बनाइने छ भन्याछ अघि मैले भनेको यहि होला जस्तो लाग्छ । सडक के के राख्ने तपाईंहरुले दिनुस् रातो किताबमा राख्छौं तटबन्ध, सिंचाई लगायतका कार्यक्रमहरु हामी राख्छौं भन्ने स्थिति हो भने यो उपयुक्त छ यहाँ यसो भन्ने भूमिका प्रभावकारी भन्ने माननीय सदस्यहरुले चाहिं ठेलीका ठेली दिएका निवेदनमा दशपल्ट रातो किताब हेर्दा नि आफ्ना एउटा पनि आयोजना नपरेर प्रेसर बढ्ने गरेर लिएर आउने हो भने यस्ता किसिमका मन्तव्यको कुनै औचित्य छैन जस्तो मलाई लाग्छ । अब अलिकति सुझाव २४ अर्बको बजेट जुन अहिले चालु आ.ब.मा गको छ । छ अर्बको हाराहारीमा बजेट खर्च भाको छ । मेरो व्यक्तिगत बिष्लेषणमा असार सम्ममा चमात्कार भयो भने १३ अरब मात्र खर्च हुने स्थिति छ, अब खर्च गर्ने सामर्थ्य संरचना र आधार बढाउनका निम्ति अब माननीय अर्थमन्त्री र अर्थ मन्त्रालय लाग्नपर्छ जस्तो मलाई लाग्छ ।कर्णप्रिय कार्यक्रम, नारामुखी कार्यक्रम, वितरणमुखी कार्यक्रम भन्दापनि जमिनी आवश्यकतालाई सम्बोधन गर्ने र सम्पन्न गर्ने सक्ने सम्भव कार्यक्रमलाई अगाडि बढाउनुपर्छ भन्ने मेरो सुझाव छ ।कूल जिडिपिको ५ प्रतिशत आन्तरिक ऋण लिनसक्ने नयाँ मापदण्ड अनुसार प्रदेशहरुले १९ अर्ब ५० करोड ऋण लिन सक्ने स्थिति छ, सात ले भाग गर्ने हो भने हाम्रो प्रदेशले पनि २ अर्ब ८० करोड आन्तरिक ऋण लिनसक्ने कानूनी हैसियत राख्छ तर मेरो के सुझाव छ भन्दाखेरि तत्काले आन्तरिक ऋण लिएर घाटा बजेट पेश गर्ने बाटोमा प्रदेश सरकार जान हुँदैन । बजेटको

सिलिङ ३५ अर्ब नाघियो भने यो हाम्रो लागि दुर्भाग्य हुन्छ ३३ देखि ३५ अर्बको बिचमा बजेट आउनुपर्छ भन्ने हामीलाई लाग्छ ।मुख्यमन्त्रीज्यूले सदनमा उभिएर अब म निर्वाचन पूर्वाधार कार्यक्रम संघले दियो भने दिन्छु संघले दिएको ५० देखि ७० प्रतिशत त्यो रकम हुन्छ भनेर बोल्नुभाको छ । संसदीय परम्परामा मन्त्री र मुख्यमन्त्री र प्रधानमन्त्री सदनमा बोलिसकेपछि त्यो कानून हुन्छ त्यो ऐन हुन्छ । अब ६ करोड संघ सरकारले दिएको हुनाले ७० प्रतिशतले हिसाब गर्दापनि ४ करोड २० लाख रुपैयाँ यो प्रदेशका सांसदहरुले योजना तर्जुमा गर्ने हिसाबले जाँदाखेरि पनि २ अरब ५२ करोड रुपैयाँ खर्च हुनेरैछ यस्ले के गर्छ त भन्दाखेरि ७ दशमलव २ प्रतिशत बजेट खर्च पनि बढाउँछ । बजेट खर्च गर्ने सामर्थ्य प्रदेश सरकारको पनि बढ्छ । प्रत्येक माननीयलाई यो निर्वाचन पूर्वाधार भनेर एउटै क्षेत्रमा सबै माननीय समावेश भएर अझ यसमा पनि फेरि पहिला पहिला त केन्द्रले चाहिं गएको बर्ष निर्वाचितले मात्र गर्न पाउने समानुपातिकले गर्न नपाउने भन्याथ्यो अहिले त सच्याएर निर्वाचित समानुपातिक, प्रत्यक्ष निर्वाचित समानुपातिक र राष्ट्रिय सभालेपनि समान रुपले जाने भनेपछि त्यो बाटोमा त प्रदेश सरकार नजाला तैपनि त्यो निर्वाचित प्रत्यक्ष एउटा निर्वाचन क्षेत्रको आधारमा दिने हो भने पाँच सात ओटा निर्वाचन सांसदहरु त्यहि क्षेत्रमा हुँदाखेरि त्यो कार्यक्रमको जवाफदेहि तय नहुने, यदि सांसदका नाममा निर्वाचन क्षेत्र विकास कार्यक्रम गरेर त्यो रकम राख्न दिन सकियो भने उस्ले त्यो कार्यक्रमको उत्पादक क्षेत्र छ कि अनुत्पादक क्षेत्र छ त्यसका चाहिं आर्थिक अनियमितताका कुरा छन्, आवश्यकताको, अनावश्यकताको कुरा छन् त्यसलाई सार्वजनिक रुपमा जवाफदेही हुनाले त्यो बाटो तर्फ निर्वाचन क्षेत्र विकास कार्यक्रम जानुपर्छ भन्ने मेरो अनुरोध छ । अब संस्थागत कृषि अनुदानका कुरा गर्दाखेरि संस्थागत र सहकारी मार्फत आउने हो भने त्यस्लाई कृषि अनुदान दिने, व्यक्तिलाई र फर्मलाई अनुदान दिने कुरा तत्कालै रोकिनुपर्छ हाम्रो एकदमै तीतो विश्लेषण छ मुख्यमन्त्रीजीले यहाँ आफ्नो मन्तव्यमा धेरै कुरा गर्नुभयो र धेरै कुरा थाहा पाउन बाँकी छ तसर्थ के गर्न सकिन्छ त भन्दाखेरि हामीले २५ करोड रुपैयाँ अनुदान दिएका रहेछौं यदि यो २५ करोड सही व्यक्ति, सही कृषकलाई हामीले अनुदान दिने हो भने ऋण मिनाहा गर्दिने, व्याजदरमा छुट दिने हो भने लगभग ३ अरब १२ करोड ५० लाख रुपैयाँको ऋणको हामीले व्याजदर मिनाहा गर्नसक्ने रैछौं न्युनतम् या शुन्य व्याजदरमा हामीले ऋण सक्ने हो भने ३ अरब १२ करोडको बराबरको ऋणमा व्याज छुट आउँदा त्यस्ले कृषकलाई प्रत्यक्ष रुपमा सहि कृषक छन् उनीहरुलाई सुबिधा दिन्छ । बुँदा नं २४ मा ठूला पूर्वाधारका

आयोजनाका कुरा गर्नुभाको छ प्रदेश सभा भवन बाहेक त्यो अस्पताल होस्, प्रशासनिक टावर होस्, प्लाजा होस्, प्रतिष्ठान होस्, विश्वबिद्यालय होस्, महाबिद्यालय होस् त्यो पोखरामा कुनैपनि हालतमा राख्नुहुँदैन पोखराले अब अन्य थप संरचनाको थप भार सहन सक्दैन यसका पर्यटनका पूर्वाधार पनि समाप्त भएर जान्छन तसर्थ सम्भव हुन्छ कोत्रे पारि सम्भव हुँदैन विजयपूर पारि लिएर जाने स्थितिमा यी संरचनाहरुलाई लिएर जानुपर्छ । धेरै पर्यटनका कुरा गर्दा बुँदा नं २१ मा फेवाताल छुट्यो त्यस्लाई समावेश गर्नुपर्ने फेवातालका बारेमा अरु थुप्रै जिम्मेवारी म माननीय राजिव पहारीजीलाई दिंदै **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** रकमान्तर गर्ने कुरा छ रकमान्तर गर्ने कुरा मलाई लाग्छ गलत छैन । रकमान्तर आवश्यक छ । रकमान्तरको धेरै आलोचना गर्न आवश्यक छैन तर त्यो जेठ १५ गते जेठ २१ गते रकमान्तर गर्ने होइन । चैतको मसान्त भित्रमा बजेट खर्च गर्न नसक्ने बजेट सरेन्डर गर्न लगाएर वैशाखको पहिलो साता रकमान्तर गर्न सकिने हो भने त्यो बजेट खर्च गर्न सकिन्छ यहि आलोकमा बजेट आउँछ भन्ने आशाका साथमा म यहाँ विदा हुन चाहन्छु । धन्यवाद । जयनेपाल ।

**माननीय सभामुख**ः-

माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनमाया पोखरेल लामा**ः-

माननीय सभामुखज्यू, विनियोजन विधेयक, २०७६ का आर्थिक बर्ष २०७६/७७ का सिद्धान्त र प्राथमिकता अन्तरगत मेरो केहि भनाईहरु राख्ने अनुमति चाहन्छु । माननीय सभामुखज्यू, मन्त्रालय मातहतका संरचना स्थापना नहुँदै चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कतिपय बजेट तथा कार्यक्रम बिषयगत मन्त्रालयमा एकमुष्ठ राख्नुपर्ने अवस्था रहेको भन्ने छ संरचना नबन्नु र कर्मचारीको अभाव हुनुमा कस्को कमजोरी हो यसमा आत्मसमिक्षा गर्न जरुरी छ भन्ने मलाई लाग्छ । देशमा दुई तिहाईको सरकार छ कस्ले रोक्यो कर्मचारी समायोजन र प्रदेश सरकारले केन्द्रतिर र केन्द्र सरकारले प्रदेशतिर र स्थानीय तहतिर फर्कने । आरोप र प्रत्यारोप गरेर समस्याको समाधान हुदैन सबै तह गम्भिर हुन आवश्यक छ भन्ने राख्न चाहन्छु । गत चालु आर्थिक बर्षमा बजेट तथा कार्यक्रमहरु कतिपय मन्त्रालय अन्तरगत पोके बजेट राखियो त्यसलाई म अझै धोके बजेट

भन्न चाहन्छु । किनकी त्यस्ले सरकारलाई पनि धोका दियो र सांसदलाई पनि धोका दियो र आम जनतालाई पनि धोका दियो । सरकारको नीति र कार्यविधी अनुसार भएन, सांसदको सहभागिता भएन र जनता र लक्षित वर्गमा पुग्नै सकेन त्यसैले आगामी बजेटमा आगामी बजेट विनियोजन गर्दा बिषयगत मन्त्रालयमा एकमुष्ठ बजेट वा कार्यक्रम राख्न नहुने मेरो जोडदार माग छ ।संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका गतिशिल र महत्वपूर्ण हुनेछ भनिएको छ । संघ सरकारको कूल बजेट १५ खर्ब ३२म अर्ब ९६ करोड ७१ लाखमा संघमा १२ खर्ब १९ अर्ब ३० करोड १६ लाख प्रदेशमा ९९ अर्ब ८४ करोड ४४ लाख, स्थानीय तहमा २ खर्ब १३ अर्ब ४२ करोड ११ लाख छ । प्रदेशमा बजेट न्यून किन ऽऽ किन न्यून छ संघीयतामा प्रदेशको क्षेत्र र भूमिका प्रतिको संघको बुझाई के हो र प्रदेशको भुमिका समन्वय मात्र हो कि निर्णायक हो यो पनि म यो सम्मानित सभामा राख्न चाहन्छु ।प्रदेश लगानीलाई स्वदेशी लगानीलाई प्राथमिकता र विदेशी पुँजी लगानीलाई भित्र्याउने प्रदेश सरकारको छ यो एकदमै सराहनिय पक्ष हो तर यसको सुरक्षा कस्ले दिन्छ दिनदिनै हत्या हिंसा बढ्दो छ राजधानीमा बम विष्फोटन हुन्छ । एउटै परिवारको ९ जनाको हत्या हुन्छ जुन पाँचथरको घटना हो । सरकारले दोषीलाई छानविन गरि कारवाहीको दायरामा ल्याउन सक्दैन । सुरक्षा नीति एकदमै फितलो छ वैदेशिक लगानी भित्र्याउन सुरक्षाको चुनौती मैले देखिरहेको छु । अधिकार क्षेत्रको कुरा गर्दा प्रदेश लोक सेवा आयोग, प्रदेश प्रहरी र प्रदेश अनुसन्धान व्युरो गठन गर्ने संबिधानतः प्रदेश सरकारको अधिकार क्षेत्र भित्र छ तर सेना प्रहरी र अनुसन्धान व्युरो चलाउने सिडिओ भने संघ सरकारको मातहत छ त्यो कसरी सम्भव छ यो पनि चुनौतीको बिषय रहेको छ । स्रोत र साधनको समन्यायिक परिचालन गर्ने भन्ने जुन असमानतालाई न्यूनिकरण गर्ने हो भने सुगम र दुर्गम हेरि बजेटको विनियोजन आगामी बजेटमा गरिनुपर्छ ।सांसद विकास कोषको नाम परिवर्तन भएर विकसित रुप निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम जुन सरकारले प्रदेश सरकारले ल्याउने यो कार्यक्रममा ल्याएको छ ।सांसद विकास कोष राखिनु सिद्धान्ततः गलत हो भन्ने हाम्रो पार्टीको धारणा छ । विकास छनौट कार्यान्वयन र अनुगमनको लागि संघ, प्रदेश र स्थानीय तह हुँदाहुँदै यो संसद विकास कोषको नाममा एउटा यो भ्रष्टाचार तिर लैजानको लागि यसले संकेत गर्छ त्यसैले यो हुनुहुन्न सिद्धान्ततः यो भन्न चाहन्छु र नेपालको संबिधानको भाग १४ र धारा १७६ को उपधारा ६ मा व्यवस्था भए बमोजिम हामी यहाँ उपस्थित भएका छौं र हामी सबैको हैसियत प्रदेश सभा सदस्य हो तर संबिधानले दिएको अधिकारलाई कटौती गरि प्रत्यक्ष निर्वाचित

सांसदलाई साक्षी बस्नुपर्ने गरि निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम सञ्चालन गर्ने प्राथमिकता प्रदेश सरकारले ल्यायो त्यस कार्यक्रममा सबै सांसदको भूमिका र अधिकार समान हुनुपर्छ विगतमा जस्तै सरोकारवाला र प्रत्यक्ष निर्वाचितको मनोमानी हुने हो भने यो कार्यक्रम खारेज हुनुपर्छ यसमा म जोडदार माग गर्न चाहन्छु र आगामी बजेटमा चाहिं म केहि सुझावहरु राख्ने अनुमति चाहन्छु, सभामुख महोदय, आगामी प्रदेश नीति तथा कार्यक्रममा चाहिं महिलामैत्री कृषि कार्यक्रम समावेश गरिनुपर्छ र युवा मैत्री लगानीलाई संरक्षण र जोड गरिनुपर्छ । ज्ञान र प्रविधिमा युवाको पहुँच र स्थानीय युवाको पहुँचलाई स्थापित गर्न र आईटी पार्कको निर्माण गर्न मैले आवश्यकता ठानेको छु र आगामी बजेट सबैको सर्वमान्य हुने हिसाबले ल्याउने छ भन्ने म प्रदेश सरकारलाई अनुरोध गर्दै मेरो भनाईहरु यहिं अन्त गर्दछु हवस् त धन्यवाद ।

**माननीय सभामुखः**-

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कृष्ण बहादुर थापाः**-

सभामुख महोदय, विनियोजन विधेयक, २०७६ को आर्थिक बर्ष २०७६/७७ सिद्धान्त र प्राथमिकता बारेमा हाम्रो आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङज्यूद्वारा प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको यो बिषयमा धैरै सभासद् ज्यूहरुले आफ्नो भनाई राखिराख्नु भएको चाहिं छ । विगतको बजेटमा समय अभावको कारण भोग्नुपरेका केहि समस्याहरु जस्ते बास्केट बजेट आगामी दिनमा नदोहोर्‍याउने मात्र होइन कि योजनाको छनौट, समय अवधी कस्ले सञ्चालन गर्ने र कहाँ सञ्चालन गर्ने सबै किटानी गर्ने विधी अपनाउने सुशासनको लागि थप बल पुगेको चाहिं छ । सभामुख महोदय, एउटा भनाई छ संसारका धनी विल गेट्सले एक ठाउँमा के भन्नुभएकोछ भने मान्छे गरिब परिवारमा जन्मनु उस्को कुनै दोष होइन तर सधैंभरीनै मान्छे गरिब हुनुचाहिं उस्को पनि दोष हो भन्ने भनाई छ । त्यस्तै गरेर अर्को एउटा फेरि भनाई छ चिनिया क्रन्तिका नायक अध्यक्ष माओत्सेतुङले एक ठाउँमा के भन्नुभएको छ भने कुनै पनि मान्छेलाई एक तला माथि लानुभन्दा सबै जनतालाई एक इन्च भनेपनि माथि लानु राम्रो हुन्छ विकासको नियमको हिसाबले भनेर भन्नुभाछ मैले यो प्रसंग यहाँ किन उठाउन खोजेको छु भने अब हामीले प्रदेश सभामा पेश

गर्ने बजेटले पनि अब यो सधैं जनतालाई गरिबको गरिब नै भैरहने धनी धनी नै भइरहने त्यस्तो नीति होइन कि अब सबै जनताहरु एक इन्च भनेपनि माथि उठ्ने त्यस्तो नीति अवलम्वन गर्ने तर्फ हाम्रो यो विनियोजन विधेयक, २०७६ का आर्थिक बर्ष २०७६/७७ को सिद्धान्त र प्राथमिकतामा धैरै बिषयहरु त्यस्ले समेटेको हुँदा यस प्रति म र हाम्रो पार्टीको पूर्ण समर्थन रहेको कुरा म जानकारी गराउन चाहि चाहन्छु र मुलतः हाम्रो वर्तमान सरकारले जुन एउटा नीति अवलम्वन गरेको छ समृद्ध नेपाल र सुखी नेपाली र यो यसलाई चाहिं वास्तवमा यो प्राथमिकताको पहिलो पृष्ठमा नै यसलाई महसुस गरेको हुनाले मलाई लाग्छ यो एकदमै राम्रो छ र त्यसको साथसाथै आठौं नम्बरमा यसले संघीयताको सिद्धान्त आधार संघीय इकाई बिच सहकारिता सहअस्तित्व र समन्वयको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्ने जुन लक्ष्य राखेको चाहिं छ वास्तवमा यो हाम्रो संबिधानको मर्म अनुसार एकदमै उपयुक्त छ भन्ने मलाई चाहिं लाग्छ र त्यस्तै गरेर ११ नम्बरमा जनताको सारवभौम अधिकार, स्वायत्तता, स्वशासनलाई प्रत्याभुत गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न स्वतन्त्र, सारवभौमिक भौगोलिक अखण्डता र स्वाधिनता, स्वाभिमानलाई अक्षुण्ण राख्ने जुन बिषय यसले प्रस्तुत गरेको छ मलाई लाग्छ यसले अझै हाम्रो संबिधानको भावनालाई एकदम आत्मसात गरेर यो अगाडि बढेको चाहिं छ तसर्थ यसमा हाम्रो पूर्ण समर्थन चाहिं छ । सभामुख महोदय, प्रदेश लोक सेवा आयोग त्यस्तै गरेर १९ नम्बरमा प्रदेश लोक सेवा आयोग र प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्युरो गठन र संरचनाको निर्माणलाई सुरक्षाको कार्यक्रमलाई प्राथमिकता दिइनेछ भन्ने भनाईले यसले के गर्छ भने कार्यपालिका बिशेष गरेर महत्वपूर्ण रुपमा कार्यपालिकाको कामलाई अझै व्यवस्थित बनाउनको लागि बढि जोड चाहिं दिएको छ । त्यस्तै गरि २६ नम्बरमा स्थानीय तहको सेवा प्रवाहलाई सहज, मितव्ययी र प्रभावकारी बनाउन सहयोग पुर्‍याउने गरि जग्गा व्यवस्थापन र प्रशासनिक भवन नभएका स्थानीय तहलाई भवन निर्माणको अनुदान उपलब्ध गराउने भनेर जुन व्यवस्था गरेको छ यस्ले गणतन्त्रको जगलाई अझै बलियो बनाउने काममा लागेको कुरा हामीले महसुस गर्न चाहिं सक्छौं ।त्यस्तै गरेर २७ नम्बरमा सबै घरधुरी आधारभुत खानेपानी सुबिधा पुर्‍याउने लक्ष्यलाई कार्यान्वयन गर्न संघ स्थानीय तहसँग समन्वय गरि आवश्यक स्रोत परिचालनलाई प्राथमिकता दिइनेछ र स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यक्रमलाई बिशेष जोड दिएको छ यसले आधारभुत वर्गका जनताको आवाश्यकतालाई महसुस गरि त्यो

आवश्यकता पुरा गर्नेतर्फ हाम्रो यो चाहिं वास्तवमा बजेटको यो कार्यक्रमले व्यवस्थित भएको कुरा जानकारी गराउन चाहन्छु र सिद्धान्त र प्राथमिकतामा यी धेरै बिषयहरुलाई यसले चाहिं समेटेको छ । त्यस्तै गरेर बिशेष गरेर राष्ट्रिय अर्थतन्त्रको विकासको निम्ति स्वदेशी लगानीलाई जुन प्राथमिकतामा राखेको छ यो एकदमै सराहनिय छ । सभामुख महोदय, सिद्धान्त र प्राथमिकता जुन यो अगाडि चाहिं सारिएकोछ आगामी बजेटमा हामीले चाहेजस्तै हाम्रो गण्डकी प्रदेशलाई एउटा समृद्ध प्रदेश बनाउनको लागि, गण्डकी प्रदेशका जनताको सुखी नेपाली र समृद्ध नेपालको आकांक्षालाई यसले अझै बलियो बनाउँदै आगामी दिनमा हाम्रो बजेटहरुलाई बिशेष गरेर आधारभुत जनताहरुमा पुर्‍याउनको लागि जुन नीति अवलम्वन गरिएको छ यो एकदमै सराहनिय छ तसर्थ यो र यसको लागि म र हाम्रो पार्टीको तर्फबाट पूर्ण समर्थन गर्न चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः**- (माननीय उपसभामुख श्री श्रृजना शर्मा पीठासिन)

माननीय सदस्य श्री मधुमाया अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मधुमाया अधिकारी गुरुङः**-

माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा विकास मन्त्रीज्यूले २०७६ जेष्ठ १७ गते यस गरिमामय सभामा विनियोजित विधेयकका सैद्धान्तिक र प्राथमिकता प्रस्तुत गर्नुभयो । उक्त बिषयमा आज हामी छलफलमा सहभागी भएका छौं । माननीय सभामुख महोदय, आज हामी सरकारको स्थापना भएको एक बर्ष पार गरि दोस्रो बर्षमा प्रवेश गरेका छौं । पहिलो बर्षमा स्वभाविक रूपमा एकात्मक राज्यव्यवस्थाको अवयवहरुको अन्त्य गरि संघात्मक राज्य प्रणालीको जो चरण थियो त्यो अवस्था कार्यान्वयनको चरणमा हामी रहयौं र तापनि सरकारका लागि आवश्यक कानून तर्जुमा, संरचनागत प्रबन्ध र कर्मचारीको व्यवस्थापन गरि प्रादेशिक नीति नियम तथा कानून तर्जुमा र प्रशासनिक संरचना निर्माण गर्ने आधारको रुपमा हामीले पहिलो बर्ष लिएका थियौं र २०७६/७७ को बजेटलाई प्रशासनिक संयन्त्रको क्षमता विकास सार्वजनिक सेवा, प्रवाहमा क्षमता प्रवाहमा सुधार, दिगो विकास कार्यक्रम तथा भौतिक पूर्वाधार निर्माणमा केन्द्रिकृत गरि लगिनेछ भन्नेकुरा जो उल्लेख गरिएको छ त्यसले आगामी बजेटलाई कसरी विनियोजन हुँदैछ भन्ने कुरा पनि प्रष्ट पारेको छ । यसरि आकोछ तसर्थ यो सकारात्मक र वैज्ञानिक छ र यो बिषयमा म र मेरो दल

सहमत छ भन्नेकुरा जानकारी गराउन चाहन्छु । सभामुख महोदय, दोस्रो बिषय समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोच पुरा गर्न हामी कुन ठाउँमा छौं र हामीले के गर्दैछौं र हाम्रो उद्देश्य के हो र हामी कहाँ पुग्छौं भन्ने सन्दर्भमा गण्डकी प्रदेशको गरिबीको अववस्था के, शिक्षाको अवस्था के, स्वास्थ्यमा हामी कहाँ छौं, भौतिक पूर्वाधारको अवस्था कहाँ छ, उर्जाको अवस्था कस्तो छ, कृषिको अवस्था कस्तो छ र यो समाजमा रहेको दलित, महिला, उत्पिडित, उपेक्षितहरुको अवस्था कस्तो छ भन्ने कुरालाई राम्रोसँग मूल्यांकन गरि यो चाहिं बजेटको सैद्धान्तिक पक्ष आएको छ । माननीय सभामुख महोदय, संबिधानको प्रदत्त मौलिक हकमा मानव अधिकार, कानूनी शासन, मूल्य र मान्यतामा आधारित लैङ्गिक समानता, समानुपातिक समावेशी सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोक कल्याणकारी राज्यव्यवस्था स्थापना गर्ने जो जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनलाई प्रत्याभुत गर्दै सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्ने प्रदेश सेवा प्रदेश लोक सेवा आयोग, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्यूरो गठन आदिले प्रदेशको कैयन समस्या हल हुनेछ । माननीय सभामुख महोदय, कृषि क्षेत्रमा देखिएको सकारात्मक सोचले पक्कै आर्थिक समृद्धिको क्षेत्रमा टेवा पुऱ्याएको छ । उद्योग पर्यटन पवर्द्धनका कारण आर्थिक क्षेत्र स्थापित हुनेछ । आयात प्रतिस्थापन तथा निर्यात पवर्द्धन गर्ने, उत्पादन, प्रशोधन गर्ने र भण्डारण गर्ने, बजारिकरण गर्ने अभिवृद्धिमा टेवा पुऱ्याउनेछ यसले पक्कैपनि आर्थिक व्यवस्थापनको पाटोलाई सुधार गर्नेछ । भौतिक पूर्वाधारलाई दुर दराजका बस्तीहरु सम्म पुऱ्याउन सक्दा जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका जो भौतिक पूर्वाधार सँग जोडिएका छन् यसलाई ग्रामिण समूदाय सम्म पक्कैपनि जानेछ र यस्ले वास्तवमा जनताहरुले संघीयताको चाहिं एउटा कार्यान्वयनको पाटो अथवा संघीयता आएको महसुस गर्नेछ ।महिला, दलित, पिछडिएको क्षेत्र, सिमान्तकृत, अति विपन्न, अल्पसंख्यक, असाहाय, वृद्धा, अपाङ्गता भएका व्यक्तिहरुका, घर समाजबाट वहिष्कृत, हिंसा पिडित तथा जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिलाई पुनर्स्थापना र सामाजिक संरक्षणका सुरक्षाका कार्यक्रमहरुलाई कार्यान्वयन गरियो भने पक्कैपनि त्यो समूदायमा संघीयताको मर्मबोध हुनेछ । सभामुख महोदय, उक्त विधेयकमा पर्यटकिय क्षेत्र, पेट्रोलियम पदार्थ, प्रदेश गौरवका आयोजना, निजि सहकारी सामूदायिक क्षेत्रसँग सहकार्य गर्ने बिषय, सार्वजनिक प्रशासनलाई सक्षम बनाउने बिषयमा स्थानीय तहसँग सेवा प्रवाहलाई सहज बनाउने आदि बिषय जो छ यी यसले यी बिषयले पक्कैपनि न्यायोचित वितरण मार्फत

आर्थिक असमानताको अन्त्य गर्दै समाज उन्मुख समृद्ध अर्थतन्त्रको विकास गर्नेछ भन्ने विश्वास लागेको छ । माननीय सभामुख महोदय, अन्त्यमा ५९ जना माननीयहरुको समान सहभागिता रहँदा प्रदेश सरकार सफल रहनेछ । बजेट विनियोजन गर्दा त्यो बिषयलाई समावेशितालाई ध्यान दिनेछ हामीले आज सरकारको नेतृत्व गरेका छौं केहि राष्ट्रिय इस्यु छ यसको समाधान हामीले नै गर्नुपर्छ र यो बिषयमा मुख्यत जनयुद्ध र जनआन्दोलनका घाइते, शहिद, वेपत्ता लगायतको बिषयलाई व्यवस्था गर्न जरुरी छ यसको प्याकेजको कार्यक्रम बनाउन जरुरी छ । आधा हिस्सा ओगटेका महिलाहरु, बालबालिकाहरु यो क्षेत्रको यो क्षेत्रमा छन् र वास्तवमा आधा हिस्सा ओगटेका छन् यसलाई बिशेष ध्यान बजेटमा बिशेष ध्यान दिन जरुरी छ ।बजेटमा नारा बजेटहरु नारामुखि लोकप्रियता भन्दा पनि वास्तविक जनप्रिय हुन जरुरी छ भन्दै मेरो बिषय अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**ः-

माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय ओमकला गौतम**ः-

माननीय सभामुख महोदय, यो गरिमामय सभामा आर्थिक बर्ष २०७६/७७ को विनियोजित विधेयक माथि छलफल गर्ने सुअवसर प्राप्त भयो यसको लागि म माननीय सभामुखलाई धन्यवाद दिन चाहन्छु र यसमा छलफल गरिरहँदा ४५ वुँदे सिद्धान्त तथा प्राथमिकताको बिषयमा छलफल गरिरहँदा हामी विकास विरोधी होइनौं, नियत विरोधी हौं र विकास र समृद्धिको लागि कुनैपनि दल विरोधी हुन सक्दैन नियतिको विरोधी हो त्यसकारणले गत बर्ष पनि हामीले भनेका थियौं र मैले त पहिल्यै बोल्दा यो चाहिं पिठो छरेर परेवा डाक्नेखालको बजेट नआइयोस् प्रभावकारी होस् । समृद्ध प्रदेशको निम्ति लगानी होस् भनेर भनेको थिएं र धेरै कुराहरु मलाई लाग्छ मैले भनेजस्तो मलाई लाग्छ र जुन हामीले अपेक्षा गरेका थियौं, जुन हाम्रो अपेक्षा थियो त्यो पुरा हुन सकेन । माननीय सभामुख महोदय, आगामी बर्षमा ७६/७७ मा मुलुकले समृद्धि हासिल गर्दैगर्दा प्रदेशको समृद्धि हासिल गर्नलाई यो विकास यो बजेट यहाँ त पोके र बास्केटका नाम दिए कोखे र धोके नहोस् । मेरो शुरुमा शुभकामना छ र आसपास र कोखाका मानिसलाई मात्रै नहोस् ।माननीय सभामुख महोदय, हाम्रो दलको तर्फबाट माननीय कुमार खड्काज्यूले थुप्रै कुराहरु

सैद्धान्तिक कुराहरु राखिसक्नुभएको छ त्यो कुरामा म पूर्ण रुपमा सहमत छु र म त्यसलाई रिपिट गर्न चाहन्न मेरोपनि धारणाहरु यसमा आइसकेका छन् तथापी भौतिक पूर्वाधार भनियो खोई नयाँ योजनाको शुरुवात मैले त्यो सरसर हेरें त्यो चाहिं समावेश होस् माननीय अर्थमन्त्रीज्यूले अत्यन्तै मेहनतका साथ प्रस्तुत गर्नुभाछ त्यसलाई प्राथमिकताका साथ भौतिक पूर्वाधारमा जोड दिईयोस् ठाउँठाउँमा बाटोघाटो नबनेर उत्पादन भएका चिजहरुलाई पनि मार्केट सम्म लान नसकेर त्यहाँचाहिं उत्पादन भएका वस्तुहरुले बजार नपाउदा त्यहिं कुहेर नष्ट हुने अवस्था पनि छ यसकारणले त्यो भौतिक पूर्वाधारलाई जोड दिइयोस् र वित्तिय अनुशासन कायम मानव अधिकार र समानुपातिक विकास । वास्तवमा अगि पनि आएको छ । मानव अधिकारको क्षेत्रमा, समानुपातिक विकासमा अगि पनि कुरा आएको छ के भने मलाई के लाग्छ भने यो गरिमामय सभामा मलाई लाग्छ चाहे त्यो प्रत्यक्ष होस् चाहे त्यो समानुपातिक होस् भन्दा एउटै हो । उत्तरदायी, वफादारी, जिम्मेवारी भनेको चाहे प्रत्यक्ष होस् चाहे समानुपातिक होस् त्यसैलै यो बजेट विनियोजन गर्दा र विकासका योजना दिंदा प्रत्येक माननीयजी सँग अहिले चाहिं त्यो प्रत्येकले एक एक ठेली लिएर मन्त्रालयगत लानुभाकोछ त्यस्मा विभेद नगरियोस् । चाहे त्यो समानुपातिक होस् चाहे त्यो सत्तापक्ष होस् चाहे त्यो प्रतिपक्ष होस् । ल्याएको योजनाहरु कत्तिको उपयोगी छ । त्यो त हेर्न सकिन्छ नि अनुपयोगी र त्यहाँबाट क्षेत्रगत रुपमा आवश्यक नपरेको योजनाहरु कुनैपनि माननीयज्यूहरुले ल्याउनुभाको छैन त्यसमा विभेद नगरियोस् । विगतमा प्रत्यक्ष र समानुपातिकलाई अत्यन्तै विभेद भाको छ । म अब त्यो कुराहरु फेरि दोहोर्‍याइरहन चाहन्न हाम्रो सामु प्रष्ट छ मलाई लाग्छ मैले म के भन्न चाहन्छु भने मेरो क्षेत्र होस् अर्काको क्षेत्र होस् त्यहाँ भएका क्रियाकलाप, त्यहाँ भएका विकासका काम चाहे प्रत्यक्षले लिएपनि त्यस्को विरोधी होइन ती पनि त्यहिंका जनताले लिनेहुन् तर समानुपातिकलाई पनि अलिकति मर्यादा त राखिनुपर्‍यो नि त्यो विगतमा कत्ति भएन अब त्यसलाई समावेश गरियोस् मैले माननीय सभामुख मार्फत मैले सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । अहिले वर्तमान अवस्थामा आएर जनताको विश्वास टुटेको अवस्था छ । शान्ति सुरक्षाको प्रत्याभुति गर्न नपाएको अवस्था छ । शान्ति सुरक्षाको प्रत्याभुति आउनेखालको एउटा सुरक्षित खालको कार्यक्रमहरु पनि ल्याइयोस जहाँ कि महिलाहरु अत्यन्तै हिंसामा परेका छन् बालबालिकाहरु पनि हिंसामा परेकाछन् मुलुक र यो मुलुकमा कानूनी राज्य छैन कि भन्ने अवस्थामा त्यसलाई समेत स्थापना गर्नेखालको कार्यक्रम ल्याइयोस् । भ्रष्टाचार र

महंगीको त के कुरा गर्ने यहाँ वास्तवमा नेपालमा त नयाँ रेकर्ड कायम भएको अवस्था छ अहिले यो भन्दा बढि त के खेप्ने हो जनताले के थेग्ने हो भन्ने मात्रै परिस्थिति छ यसलाई पनि निरुत्साहित गर्नेखालको चाहिं योजनाहरु ल्याइयोस् । समानुपातिक विकास गर्दै लोकतन्त्रको स्थायित्व गर्ने कुरामा मैले यो गरिमामय सभामा सरकारको के ध्यान आकर्षण गर्न चाहन्छु भने मुखमा राम राम बगलीमा छुरा चाहिं नहोस् मैले अगि नै भने समावेशी होस सबैलाई समान रुपले जाओस् भन्ने पुन मेरो यसमा जोड छ ।समतामुलक समाज र उच्च आर्थिक वृद्धिदर भन्या छ कार्यक्रम के हो त ल्याएर गर्नुपर्‍यो नि विदेशको ऋण विदेशबाट हात थापेर मात्र हो त हाम्रो देशमा भएका चिजलाई त्यसलाई जोड दिने हो । यहाँ आइसकेको छ जल, जमिन, जंगल, जडिवुटी यिनको बिषयमा सोच्नुपर्‍यो नि हामी सँग जति नि जमिन छ, जति पनि जल पनि छ, जडिवुटी पनि छ त्यस्को लागि एउटा ठोस कार्यक्रम ल्याएर हाम्रो आर्थिक प्रदेश धान्ने आर्थिक वृद्धिदर हामीले यहिं गर्न सकिन्छ न कि अर्काको विदेश सँग मात्रै हात थापेर काम गर्ने सोचमा हामी जाने त्यसलाई पनि बढि जोड गरियोस् । जनताको सार्वभौमिक अधिकार र स्वाभिमान कुण्ठित भएको अवस्था छ अहिले यो कुण्ठित नगरियोस् । पत्रकारलाई लेख्ने अधिकार दिइयोस्, प्रेस स्वतन्त्रताको मर्यादा गरियोस्, न्यायालयलाई अंकुश नगरियोस् यसकारणले मानव अधिकारको समेत रक्षा गरियोस् भन्न मैले चाहन्छु । माननीय सभामुख महोदय, लक्ष्य प्राप्ति, आयात प्रतिस्थापन, निर्यात बढाउने, कुनै योजना विनाको हामीले सपना देखेर मात्रै हुँदैन हामीले एउटा ठोस योजना ल्याएर मात्रै सपना देख्नुपर्छ सपना देख्ने कुरा नराम्रो त हैन तर सपना देख्नलाई एउटा योजना विनाको सपना देखेर त्यसले लक्ष्य प्रप्त गर्न सक्दैन त्यसैले योजना ल्याएर मात्रै हामीले सपना देख्ने गरौं र प्रशासनिक कर्मचारीहरु आस्थाको शिकार बनेको कुरा चाहिं अगि माननीय मुख्यमन्त्रीज्यूले अगि भनेतापनि हामीले बुझ्दा त्यो सन्तुष्टि छैन त्यो सन्तुलन छैन आस्थाकै आधारमा अहिले सम्म विभेद गरिएको छ अब आगामी दिनमा त्यस्तो नहोस् अत्यन्तै आस्थाको आधारमा कर्मचारीहरु चाहे हिजोको सत्ताले होस् म यो भन्न चाहन्न चाहे आजको सत्ताले होस् परम्परागत रुपमा त्यसले निरन्तरता पाएको छ अझ बढि चर्को अहिले त आस्थाकै भरमा यहाँ त एउटा आस्था राख्ने कर्मचारीहरु त वास्तवमा बोल्न पनि डराउँछन् मलाई लाग्छ हामी सँग नजिक भएका कर्मचारीहरु अहिले कुनै कार्यालयमा छन् भने नमस्कार गर्दा पनि अर्कोले देख्छ कि भनेर डराउने स्थिति छ । त्यस्तो चाहिं नहोस् । सुशासन कायम होस् भन्ने समेत मैले यो सम्मानित गरिमामय

सभामा मैले आग्रह गर्न चाहन्छु र सरकारको समेत ध्यान आकर्षण गराउन चाहन्छु । अब कृषि आधुनिकरण र बिमाको व्यवस्था भनेको छ । कृषिमा आधुनिकरण कतै यो कार्यक्रमले पनि वास्तवमा सम्बन्धित मन्त्रीज्यू पनि यहिं हुनुहुन्छ मैले पटक पटक व्यक्तिगत भेट्दा पनि मैले अनुरोध गऱ्याथें माननीय सभामुख मार्फत अहिले पनि आग्रह के गर्न चाहन्छु भने आफ्नो कार्यकर्ता पोषण गर्ने, कार्यकर्तालाई प्रोटेक्सन गर्ने, कार्यकर्तालाई पाल्ने चाहिं योजना आगामी दिनमा नल्याइयोस् मैले सम्बन्धित सम्बन्धित मन्त्रीहरुलाई यो समेत मैले निवेदन गर्न चाहन्छु किनभने त्यो कार्यकर्ताहरुलाई मात्र पोस्ने त्यो पोकाले, त्यो कोखेले, कोखामा भएकालाई मात्र पोस्नेले त्यसले धोका मात्रै दिन्छ न त त्यसले सरकारको हित गर्छ, न त त्यसले जनताको हित गर्छ कसैको पनि हित गर्न सक्दैन यो मैले आग्रह र निवेदन गर्न चाहें । र एकिकृत बस्ती विकास प्रदेश गौरवको योजना भनेर भनेको छ यो कागजमा मात्रै सिमित भाछ एकिकृत बस्ती विकास भनेको अत्यन्तै राम्रो कार्यक्रम हो यल्ले एउटा टापुमा भएका अर्को टापुमा भएकालाई पानी, शिक्षा, स्वास्थ्य, खानेपानी दिनुभन्दा एकिकृत एकै ठाउँमा गरेर गर्दा अत्यन्तै हाम्रो लगानी कम लगानीले धेरै प्रभावित हुनेहुन्छ त्यसैले यसलाई कागजमा मात्र सिमित होइन साँच्चिकै कार्यान्वयनमा ल्याइयोस् यो मेरो आग्रह छ र सबैलाई खानेपानी, सबैलाई स्वास्थ्य भन्ने नाराहरु (माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी) भनेर मात्रै नारामा सिमित नहोस् यो पनि मैले आग्रह गर्न चाहन्छु र बिशेष गरेर यो निर्वाचन क्षेत्र विकासको बजेट वास्तवमा निर्वाचन क्षेत्र मै काम गर्ने हो त्यसैले समानुपातिक र प्रत्यक्षलाई विभेद नगरिकन समान रुपले यल्लाई चाहिं बाँडिनुपर्छ किनभने हैसियत एकै हो जनता प्रति उत्तरदायी सबैखालको माननीयज्यूहरु हो र सबैले सबैलाई समान हुनुपर्छ यसमा विभेद हुनुहुन्न भन्ने मेरा भनाई राख्दै अब यो चाहिं जुन किताबमा आएको छ मेरो पूर्ण रुपले यसलाई कार्यान्वयन गराउन सरकार माननीय अर्थमन्त्रीज्यूले मेहनत गरेर ल्याएको यल्लाई कार्यान्वयन गराउन लागोस् आगामी दिनमा सरकारको हाम्ले आलोचना गर्न नपरोस् जनताले आलोचना गर्न नपरोस् पूर्ण रुपमा यसलाई सफल कार्यान्वयन गराउन लाग्नुहुनेछ भन्ने माननीय सभामुख मार्फत सरकारको ध्यान आकर्षण गराउँदै मेरा भनाईहरु अन्त गर्ने अनुमति चाहन्छु । धन्यवाद ।जयनेपाल ।

**माननीय सभामुखः-**

माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पुष्पा के.सी. भण्डारीः-**

माननीय सभामुख महोदय, प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक बर्ष २०७६/७७ को विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता माथि छलफल गर्नुपर्दा बिहानीले दिन कस्तो हुन्छ भन्ने बुझाउँछ भनेजस्तै यो सिद्धान्त र प्राथमिकताले आगामी बर्ष आउने नीति कार्यक्रम र बजेट कस्तो हुन्छ भनेर दर्शाउँछ । समृद्ध नेपाल, सुखी नेपाली भन्ने राष्ट्रिय सोचलाई केन्द्रविन्दुमा राखि सिद्धान्त र प्राथमिकता तय गरिएको मेरो बुझाई छ ।छ वटा वुँदामा विधेयकका सिद्धान्तहरुलाई प्रस्तुत गरिएको छ जसमा पहिलो वुँदा संबिधान प्रदत्त मौलिक हक, मानव अधिकार र कानूनी शासनको मूल्य र मान्यतामा आधारित लैङ्गिक समानता, समानुपातिक समावेशी सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोककल्याणकारी राज्यव्यवस्था गर्ने भन्ने रहेको छ । यहि एक वुँदाले नै मात्र पनि आगामी बर्षको नीति कार्यक्रम र बजेटलाई चित्रित गर्न सक्दछ । बाँकी सिद्धान्तहरुपनि यत्तिकै महत्वपूर्ण छन् जस्ले समग्र बजेटलाई मार्ग प्रशस्त गर्नेछन् । त्यसैगरि राष्ट्रिय अर्थतन्त्रको विकासका निम्ति स्वदेशी लगानीलाई प्राथमिकतामा राख्नु यो विधेयकको अर्को सुन्दर पक्ष हो । उद्योगको स्थापना र लगानीमैत्री वातावरण तयार गरि वैदेशिक, निजी, सहकारी र सामूदायिक क्षेत्रहरुलाई पूर्वाधार देखि उत्पादकत्व बढाउने सम्म लगानी गर्न उत्प्रेरित गर्ने यो विधेयकको प्राथमिकता रहेको छ ।यो राम्रो कुरा हो र यदि कुनै उद्योग कलकारखाना या आयोजनाहरुको स्थापना गर्दा स्थानीय बासीको पनि लगानीमा सहभागिता रह्यो भने त्यो प्रोजेक्ट प्रति स्थानीयको माया हुने र सुरक्षित तवरले कार्यक्रमहरुले निरन्तरता पाउने पनि हुन सक्दछ भन्ने लाग्दछ यतापट्टि पनि ध्यान दिन सके अझ बेस हुन्छ कि भन्ने मेरो सुझाव छ । यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताले हरेक नागरिक र हरेक पक्षले आफुलाई छोएको पाउन सक्छ ।म छुटेको छु भन्ने आभास हुन दिएको म पाउँदिन ।कृषक, कर्मचारी, उद्योगी, व्यवसायी, लगानीकर्ता, नागरिकका अनेक स्वरुपहरु जस्तै महिला, दलित, विपन्न, सिमान्तिकृत, हिंसापीडित आदि हरेकले आँफूलाई यहाँ भेट्दछ त्यसैले आगामी नीति कार्यक्रम एवं बजेट सबैले अपनत्व महसुस गर्न सक्ने खालको हुनेछ भन्ने पनि यसबाट प्रष्ट हुन्छ । त्यसैगरि यो विधेयकको अर्को सुन्दर पक्ष कृषि बिमा पनि

हो अनावृष्टि र अतिवृष्टिले मारमा पर्ने किसानहरुलाई ध्यानमा राखि समग्र कृषि क्षेत्रलाई नै ओगटी बिमा गरिने कुराले कृषकमा ठूलो राहत हुनेछ । एकिकृत बस्ती विकासलाई सफल बनाउन आवश्यक नै छ यसो हुँदा देशले विकासको फड्को मार्नेछ भने जनताले समुन्नत जीवनयापन गर्न पाउनेछन् ।कठिन छ तर आवश्यकतालाई सरकारले बुझेको कुरा यहाँ प्रष्ट हुन्छ । त्यसैगरि आर्थिक, भौतिक विकास देखि शिक्षा, कला, साहित्य र अनुसन्धानलाई पनि यहाँ प्राथमिकतामा राखिएको छ । मलाई लाग्छ यहाँ समेट्न पर्ने सबैकुरा समेटिएको छ र गत बर्षका सिद्धान्त र प्राथमिकतालाई पनि निरन्तरता दिएको छ जुन आवश्यक पनि हो । आर्थिक बर्ष २०७५/७६ ऐन, कानून, नियमावली, कार्यविधिहरु बनाउँदा नै लगभग खर्च भयो । यो बर्ष गत बर्ष थालिएका र यो बर्ष शुरु हुने सबै कार्यक्रमहरुले समयमा नै गति लिने सबैको सोच रहेको पाइन्छ । यहाँ त्यहि बाटोमा यो विधेयकका सिद्धान्त र प्राथमिकता पनि देखिन्छन् ।अर्थमन्त्रीज्यूले चौतर्फी ध्यान पुऱ्याएर विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता तय गर्नुभएको छ । उहाँ र उहाँको टिमलाई धन्यवाद पनि दिन चाहन्छु र कालिदासले क चिनेजस्तै मैले पनि वनको व चिन्नेहुनाले वैज्ञानिक वन व्यवस्थापनलाई पनि यहाँ उल्लेख गरिएको छ।वन प्राविधिक भएर वनै रोप्ने वनै गोड्ने, हुर्काउने भएको आफ्नो लामो अनुभवले वन रोप्ने बेलामा मानिसहरुलाई वन जोगाउन भन्न धेरै गाह्रो थियो धेरै दुख र कष्ट गरेर हामीहरुले वन जोगाउँ वन जोगाउँ भनेर भन्यौं वन जोगाइसकेपछि यति धेरै मानिसहरु वन प्रति मोहित हुनुभयो कि वन गोडौं भन्दा मान्दै मान्नुभएन त्यतिखेर हामीहरुले कुटो छिर्ने घैया, डोको छिर्ने मकै हुनुपर्छ त्यस्तै घाम छिर्ने वन हुनुपर्छ र त्यसो भयो भने तलदेखि नयाँ विरुवाहरु हुर्किन पाउने अवस्था हुन्छ नत्र भने जंगल राम्रो हुँदैन त्यसैले गोड्नु पर्छ भनेर भन्यौं आजको दिनमा आइपुग्दा हामीहरुले अब खेती थन्क्याउने बेला भयो । जसरी धानको वोटमै रहन दियो भने झरेर जान्छ त्यस्तै गरि यदि हामीले अहिले जंगलमा उमेर पुगेको रुखहरुलाई हार्भेस्ट गरेन भने तिनीहरुको वृद्धि त हुन्छ तर घट्दो रुपमा हुन्छ र एकदिन तिनीहरु कुहिएर ढल्ने अवस्थामा हुन्छन । आजको दिनमा हामीहरु त्यसो भनेर वन प्राविधिकहरु आजको दिनमा त्यो कुरा भन्दै यसलाई वैज्ञानिक वन व्यवस्थापनलाई मुर्त रुप दिन लागिरहेका छन् । सरकारको ध्यान यसतर्फ पुगेको छ र यो जरुरी पनि हो भन्दै यो अर्थमन्त्रीज्यूको टिमले ल्याएको यो जुन विधेयक छ यसमा सरकार र आफ्नो पनि ए सरकार हैन नि पार्टि र आफ्नो पनि पूर्ण सहमति रहेको अवगत गराउँदै यहाँबाट आज्ञा चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः-**

माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय प्रभा कोइरालाः-**

सभामुख महोदय, २०७६ जेष्ठ १७ गते यस सभामा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूले पेश गर्नुभएको विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकताबारे केहि बिषय राख्न चाहन्छु ।माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आर्थिक बर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा प्रदेशमा नियमावली, २०७४ को नियम १३३ को उपनियम २ बमोजिम विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता यस गरिमामय सभामा गण्डकी प्रदेशका प्रदेश सभामा आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूले पेश गरिसक्नु भएको छ ।सर्वप्रथम त म वहाँ र वहाँको टिमैलाई हार्दिकतापुर्वक आभार व्यक्त गर्न चाहन्छु ।लोककल्याणकारी राज्य स्थापना गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सुदृढ गर्न संघीय इकाई बिच सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा समतामुलक समाज निर्माण गर्न, समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको विकास गर्न, स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता स्वाधिनता र स्वाभिमान अक्षुण राख्न, क्षेत्रिय असन्तुलन र गरिबी असमानताको न्यूनिकरण तथा वञ्चितिकरणको अन्त्य गर्न, स्रोत र साधनको सामान्य सामान्य न्यायिक परिचालन गर्दै गण्डकी प्रदेश समृद्ध समृद्धिका लागि बनाइएका योजना योजनाले सरकारले गहन जिम्मेवारी महसुस गरेको ठानेकी छु । सभामुख महोदय, गण्डकी प्रदेश सरकारले आफ्नो लक्ष्य प्राप्तिका लागि पूर्वाधार विकास, आयात प्रतिस्थापना र निर्यात प्रवर्द्धनका लागि स्वदेशी तथा विदेशी पुँजी लगानी प्रविधिमैत्री प्रविधि हस्तान्तरण र संस्थागत विकासका लागि प्राथमिकता दिंदै पूर्वाधार निर्माणमा तथा सेवा प्रवाहमा संघ र स्थानीय तहसँग वित्तिय पहुँच विस्तार गर्ने क्रममा निजी सहकारी समूदाय क्षेत्रसँग सहकार्य गर्दै जाने बिषय प्राथमिकता भित्र पारेको छ ।नीतिगत निरन्तरता सुमधुर श्रम सम्बन्ध र स्तरीय भौतिक पूर्वाधार र उर्जाको विकासमा बजेट विनियोजन गर्ने बिषय, सेवा प्रवाहलाई प्रविधीमैत्री पारदर्शी र जवाफदेही बनाउने बिषय, प्रदेश स्तरिय लोक सेवा आयोग, प्रदेश स्तरिय प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो

गठन, संरचना निर्माण, शान्ति सुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु बालबालिकाको सर्वोपरी हित, बालश्रम सडक बालबालिकाको पुनर्स्थापना तथा बिद्यालय भर्ना जस्ता कार्यक्रम प्राथमिकता भित्र पर्नु आफैमा राम्रा बिषय महसुस गरेको छु ।सभामुख महोदय, सामाजिक सद्भाव, ऐक्यबद्धता, सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने बिषयले समाज विकास गर्दै सार्वभौमिक समानताका आधारमा अन्तराष्ट्रिय सम्बन्ध कायम गर्दै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ हुन्छ भन्ने विश्वास लिएकीछु । उज्यालो प्रदेश, होमस्टे कार्यक्रम, कृषि मुख्यमन्त्री जलवायूमैत्री नमुना कृषि गाउँ, एकिकृत बस्ती विकास, आधुनिक शहर र उपशहरहरु भनिरहँदा सहकारी ग्राम समेत समेट्दा राम्रो हुन्छ र सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम् परिचालनद्वारा आर्थिक वृद्धीद्वारा वृद्धिदर हासिल गर्दै दिगो आर्थिक विकास गर्न तथा प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण मार्फत आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र स्वतन्त्र तथा उन्नतीशिल बनाउँदै हामीले चाहेको समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास सम्भव हुन्छ भन्ने मेरो ठहर हो । सभामुख महोदय, यति भन्दैगर्दा आज देशका विभिन्न ठाउँमा विभिन्न प्रकारका उद्यमशिलता मार्फत व्यक्ति व्यक्तित्वहरु, संघ संस्थाहरु अगाडि बढिरहेको यो सन्दर्भमा हामीले अझैपनि करको दायरामा धेरै भन्दा धेरै जनसमुदायहरुलाई ल्याउन नसकिरहेको यो अवस्था छ यो बिषयलाई ध्यानमा राख्दै प्रदेशको पुँजी वृद्धि गर्नका लागि सबै संघ संस्थाहरु, उद्योगी व्यवसायीहरुलाई, सबै क्षेत्रलाई करको दायरामा फराकिलो करको दायरमा ल्याउन सकियो भने प्रदेशले एउटा राम्रो आय वृद्धि हुन्छ भन्ने मेरो ठहर हो यति भन्दै यति भन्दै सिद्धान्त र प्राथमिकताको आधारको यो बिषयलाई मेरो दल र मेरो तर्फबाट समर्थन गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**-

माननीय श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय डोबाटे विश्वकर्माः**-

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण

गुरुङज्यूले प्रस्तुत गर्नुभएको सिद्धान्त र प्राथमिकता आधारमा हामी छलफल गर्दै छम् र वास्तवमा आज हामी चौंथो अधिवेशन र तेस्रो बजेट चाहिं सन्दर्भमा हामी सहभागी भएका छौं र वास्तवमा यो छलफलमा भाग लिंदै गर्दा जुन संघ सरकारले प्रदेशहरुलाई अगि नै पनि कुरा आइसकेको छ प्रदेश सरकारहरुमा छुट्याएको बजेटमा जसरी एउटा बडो अपमानित ढंगबाट प्रस्तुत बजेटहरु छुट्टीएको छ र हामी निश्चय पनि यो प्रदेशलाई निश्चय नै यल्ले चिन्तित तुल्याएको छ भन्ने मलाई लाग्दछ किनभने सम्माननीय प्रधानमन्त्रीज्यूले वक्तव्यमा प्रदेश सरकार भनेको यूनिट हो र इकाई हो भनेर जुन शुरुवात गर्नुभाको छ त्यस्ले गर्दा कतै यो प्रदेशको औचित्य माथि नै प्रश्न उठेको हो कि भन्ने चिन्ता चासोको बिषय परेको कारणले गर्दाखेरिमा पनि निश्चय पनि प्रदेशलाई त्यल्ले चिन्तित तुल्याएको छ भन्ने मलाई लाग्दछ । बिशेष गरेर गत बर्षको बजेटको खर्चको सन्दर्भमा निश्चय पनि पूर्ववक्ता माननीयज्यूहरुले भनेजस्तै हाम्रो लक्ष्य अनुसारबाट खर्च गर्न नसकेको अवस्था हामीलाई विदितै छ तथापी आगामी बर्षका बजेटहरु विनियोजन भैसकेपछि समयमा खर्च हुने वातावरण होस् भन्ने पनि म आग्रह गर्न चाहन्छु ।जस्तो हाम्रो यो जुन सिद्धान्त र प्राथमिकतामा जुन थुप्रै कुराहरु आएका छन् निश्चय पनि यो आगामी बर्षमा सन्तोषजनक ढंगबाट कार्यान्वयन हुनेछ भन्ने मैले विश्वास लिएको छु।बिशेष गरेर अव्यवस्थित बस्तीको व्यवस्थापन र बस्तीको व्यवस्थापन गर्ने भनिएको छ तथापी यसमा बिशेष गरेर दलित समूदायलाई लगायत विपन्न र सिमान्तिकृत सम्पूर्ण समूदायलाई एकै ठाउँमा राखेर एउटा भेगिय हिसाब किताबबाट यो बजेटमा प्रस्तुत भएको छ।त्यस्ले गर्दा अहिले पनि यो गण्डकी प्रदेशमा हामीले पटक पटक मैले यो प्रदेश सभामा उठाएको पनि छु र अहिले पनि थुप्रै यो गण्डकी प्रदेशमा झण्डै झण्डै पौने चार लाख जति दलितहरु छन् त्यो मध्येमा थुप्रै दलितहरु अहिले पनि सुकुम्बासी र विपन्न अवस्थामा छन् त्यस्ले गर्दा सुकुम्बासीहरुको सन्दर्भमा ठोस बजेटको व्यवस्था गरेर सुकुम्बासीहरुको तथ्यांक लिएर उनीहरुलाई आवास र भूमीको व्यवस्था गर्नका लागि पनि यो बजेटमा व्यवस्था होस् र उनीहरुलाई शिक्षा स्वास्थ्य देखि लिएर थुप्रै कार्यक्रम यहाँ आएको छ तथापी गत बर्षमा नि केहि बुँदाहरु झल्किएको तर त्यसमा बजेटको व्यवस्था हुन नसकेको कारणले गर्दाखेरिमा पनि गत साल दलितहरुको सम्बन्धमा निराशा छाएको थियो त्यसकारणले यसपालिको बजेट दलितमैत्री हिसाब किताबले पनि सम्बोधन होस् भन्ने म आग्रह गर्न चाहन्छु र अर्को जुन यो पोके बजेट र धोके बजेटमा अझै यो ढोके बजेट पनि होकि भन्ने लागेको छ किनभने जल्ले ढोकामा

धाउन सक्यो त्यसैले पायोकि भन्ने पनि लागेको छ त्यस्ले गर्दाखेरिमा आगामी बर्षमा यस्लाई कमसेकम संशोधन र परिमार्जन गरेर हुनत यहाँ आइसकेको छ तथापी त्यस्तो नहुने हुनेछैन भन्ने कुरापनि म यहाँ राख्न चाहन्छु। जब सम्म यो क्रसर उद्योग, ढुङ्गा, गिटि, बालुवा, इट्टा उद्योग र काठको कुराहरु यहाँ माननीय मन्त्रीज्यूले बजेटमा प्रस्तुत गर्दाखेरिमा कडाईका साथ लागु गर्ने भन्नुभाको छ तर मलाई लाग्छ म यो अर्थ विकास समितिको सदस्यको नाताले हामी यो क्रसर उद्योगको थुप्रै ठाउँमा अनुगमनमा नि गयौं मलाई लाग्छ यो जबसम्म मन्त्रीज्यूले भनेजस्तै गरेर कडाईका साथ गर्न सकियो भने ज्यादै राम्रो हुन्छ तर त्यो सक्ने आधारहरु धैरै कम भाको अनुभुति भाको छ।किनभने क्रसर उद्योग देखि लिएर धैरै उद्योगहरु धैरै धैरै ठूला ठूला व्यक्तिहरुको सहयोग र समर्थनमा ती उद्योगहरु चलेको कारणले गर्दा हाम्रो पहुँचले नभेट्ने र उनीहरुले अनियमित ढंगले सञ्चालन गरेपनि हामीले बन्द गर्न नसक्ने अवस्थाहरु त्यहाँ देखिएको छ ।त्यसले गर्दा कि अब हाम्रो यो असार १ गतेबाट हाम्रो यो उद्योगहरु क्रसर उद्योगहरु खोलामा जाने क्रम बन्द हुन्छ र हाम्रो असोज १ गतेबाट शुरु हुन्छ कि हामीले अब कार्यविधिलाई संशोधन गर्नुपर्ने हुन्छ कि भने यो हामीले यो पूर्ण रुपबाट रोकेर चाहिं उनीहरुलाई अब आगामी दिनमा चाहिं त्यो कुरालाई हामीले निरुत्साहित गर्ने वातावरण सिर्जना होस् हैन भने हामीले चाहिं यो कार्यविधि र हामीले  कानूनलाई संशोधन गरेर चाहिं हामीले यी क्रसर उद्योग र विभिन्न उद्योगहरुलाई चाहिं व्यवस्थित रुपले सञ्चालन गर्नको निम्ति पनि अब यो नीति र कार्यक्रम अगाडि बढोस् भन्नेपनि म आग्रह गर्न चाहन्छु।जुन करको दायरालाई फराकिलो गराउने कुरा छ यो निश्चयपनि हामीले करको दायरालाई फराकिलो सम्पूर्ण नागरिकलाई करको दायरामा ल्याउनु हाम्रो कर्तव्य हो तथापी हामीले हाम्रो प्रत्येक लाउने करमा चाहिं अझै न्युनतम कम बनाएर चाहिं कमसेकम जनतालाई त्योतिर हामीले चाहिं आकर्षण बढाउनको लागि पनि सहज होस् र त्यो कार्यविधिले र आगामी बजेटले त्यतातिर पनि पनि परिलक्षित गरोस् भन्ने म आग्रह गर्न चाहन्छु ।जब सम्म कृषिको अनुदानको कुरा छ विगत गत बर्षको यो बजेटले अनुदानले गर्दा मान्छेलाई धैरै आशामुखी र धैरै कसरी हामीले चाहिं त्यो अनुदान प्राप्त गर्न सक्छौं भन्ने मात्रै उद्देश्य भएर आफ्नो कुनैपनि लगानी नभएको कारणले गर्दाखेरिमा मान्छेहरुलाई एउटा त्यसको कुनै दायित्वबोध नभएको कारणले गर्दा आगामी दिनमा यो अनुदानको सन्दर्भमा हामीले पुनर्विचार र सोच्नपर्छ भन्ने मलाई लाग्दछ त्यसले गर्दा यो बजेटमा हामीले पूर्ण अनुदान हामीले राख्न हुँदैन भन्ने म आग्रह

गर्न चाहन्छु र अर्को कुरा अहिले पनि तमाम् यहि प्रदेशमा पनि भ्रष्टाचारका कुराहरु उठिराखेका छन् त्यसले गर्दा आगामी दिनमा हामीले भ्रष्टाचारलाई निरुत्साहित र यल्लाई चाहिं नियन्त्रण गर्ने कुरामा पनि अब यो हाम्रो प्रदेशले त्यतातिर पनि ध्यान दिओस् भन्ने म आग्रह गर्न चाहन्छु।अर्को यो बजेट खर्च गर्ने सम्बन्धमा जुन हामीले आगामी बर्षको बजेटलाई चाहिं अब हामीले बजेट चाहिं हाम्रो पारित भैसकेपछि भदौ, असोजबाट नै हामीले चाहिं खर्च गर्ने वातावरण सिर्जना गर्‍यौंभने हामीले खर्च जुन हाम्रो लक्ष्य छ त्यो खर्च गर्न चाहिं हामी सम्भव छ भन्ने मलाई लाग्छ त्यस्ले गर्दाखेरिमा हामीले भदौ, असोजबाट नै हामीले बजेटलाई चाहिं खर्चको वातावरण सिर्जना गरेर त्यल्लाई चाहिं काम गर्नुपर्छ भन्ने म राख्न चाहन्छु र अर्को कुरा यो अब यो चिडियाखानाको सम्बन्धमा पनि थोरै कुरा राखें जुन यो पचभैया चिडियाखाना यो प्लाम उद्योग भनेर जुन हामी यो माननीय मन्त्रीज्यूले राख्नुभएको छ हामीले गत सालमा नि राखेका थियौं यो जुन तनहुँको भानुमा रहेको चाहिं चिडियाखाना छ भानुको त्यो चिडियाखानालाई पनि यसपालीको कार्यक्रममा राखेर कार्यक्रममा समावेश गरेर चाहिं बजेटको व्यवस्था गरियोस् भनेर म आग्रह गर्न चाहन्छु।अर्को यो जुन निर्वाचन क्षेत्र कार्यक्रम छ मुख्यमन्त्रीज्यूले पनि धेरै पटक पटक सम्बोधन गरिसक्नु भाको छ यो निर्वाचन क्षेत्र कार्यक्रम विनियोजन छुट्याउँदाखेरिमा प्रत्यक्ष र समानुपातिकलाई कुनै विभेद नगरिकन समानजनक ढंगबाट त्यो बजेटहरु छुट्याइयोस् भन्नेपनि म आग्रह गर्न चाहन्छु र अर्को कुरा जुन यो होमस्टेको कुरा छ यो होमस्टेको कुरा थोरै मैले जोड्न चाहें र वास्तवमा हामीहरुले यो होमस्टे चलाउने हो भने झण्डै झण्डै २५ रोपनी भन्दा बढि जग्गा होमस्टे सञ्चालन गर्नेहरुलाई हामीले त्यो जग्गाको व्यवस्थापन गरेर हामीले कृषिमा अर्गानिक खेतीमा हामीले त्यल्लाई लगानी गर्न सकियो भने मात्रै ती होमस्टेहरु राम्रोसँग सञ्चालन हुन सक्छ जस्तो लाग्छ हैन हामीले होमस्टे चलाईदियो त्यस्को हाम्रो कार्यविधि र त्यहाँ जुन चलाउनुपर्ने जुन हाम्रो दायित्व हो त्यो अनुसारबाट चल्न नसकेर धेरै होमस्टेहरु बन्दहुने अवस्था हुन्छ त्यस्ले गर्दाखेरिमा हामीले यो होमस्टेहरुलाई कृषिमा नि जोड्न सक्यौं भने निश्चय पनि होमस्टेहरुले आफ्नो जुन एउटा हामीले सोचेको लक्ष्य हो त्यो लक्ष्यमा पुग्न सक्छ भन्ने मलाई लाग्दछ।यिनै कुराहरु राख्दै आगामी बर्षको बजेट निश्चय पनि सम्पूर्ण माननीय सांसदहरुले योजना गर्नुभएको यहाँचाहिं बजेटहरु योजनाहरु पेश गर्नुभाको छ त्यस्लाई कुनै सत्तापक्ष र प्रतिपक्ष नभनिकन सम्मानजनक ढंगबाट ती बजेटहरु चाहिं समावेश गरेर आगामी बर्षमा चाहिं यो प्रदेशमा

सम्पूर्ण ठाउँमा बजेटहरुले चाहिं आफ्नो चाहिं जुन लक्ष्य छ त्यो पुरा गर्न सकोस् यहि कुराको भनाई राख्दै आफ्नो भनाई टुङ्ग्याउँछु ।धन्यवाद।जयनेपाल।

**माननीय सभामुखः**-

माननीय सदस्य श्री जुना देवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय जुना देवी नेपालीः-**

माननीय सभामुख महोदय, म विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकतामा छलफल र समर्थन गर्न म यस गरिमामय सदनमा उपस्थित भएको छु।गण्डकी प्रदेशको विकास र समृद्धि, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोच पुरा गर्ने, सबै प्रकारका विभेद, भेदभाव, अभाव, गरिबी, असमानता र पछौटेपनको अन्त्य गर्दै समाजवाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य उद्देश्य हासिल गर्ने, विकासबाट प्राप्त लाभको समन्यायिक वितरण हुने, आम नागरिकको पहुँच पुग्ने कुरा सुनिश्चित हुने दिशा निर्देश गरेको छ त्यसकारणले म र अर्थमन्त्रीले मेहनतका साथ ल्याउनुभएको यो सिद्धान्त र प्राथमिकता विनियोजन विधेयकको म समर्थन गर्दछु।पर्यटनको विकास त्यसबाट प्राप्त हुने आयको न्यायपूर्ण वितरण जनसाधारण पनि त्यसबाट लाभान्वित होउन् र त्यसप्रति पनि ध्यान जानुपर्ने आवश्यकता छ।ग्रामिण पर्यटन विकास नेपाल गाउँ नै गाउँको देश हो प्रत्येक गाउँका आ-आफ्नै बेग्लाबेग्लै प्रकारका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक बिशेषताहरु छन् ती सबै पर्यटनका बिषयहरु हुन् ।व्यवस्थित र विकसित गरेर पर्यटनको धेरै विकास गर्न सकिन्छ सो कुरामा हाम्रो ध्यान जान जरुरी देखिन्छ। पर्यटन र उद्योगमा प्राथमिकता, सुरक्षित र भरपर्दो हवाई सेवाको सुनिश्चितता गर्ने, पूर्वाधारमा लगानी वृद्धि गर्ने, पर्यटन विविधकरण तथा गुणस्तरमा वृद्धि र परम्परागत मौलिक सँस्कृतिहरुको संरक्षण, सम्बर्धन र व्यवसायिक र दक्ष जनशक्ति विकास गर्ने र गन्तव्यहरुको जुन पहिचान भएको छ तिन्लाई बजारीकरण गर्नमा जोड दिंदै जानुपर्दछ र अर्थतन्त्रको मुख्य क्षेत्र कृषि अझैपनि पूर्णत मौसममा निर्भर छ।कृषि उत्पादन प्रणालीमै असर परेको छ।उत्पादन र उत्पादकत्व उल्लेखित रुपमा बढाउन नसक्नुमा परम्परागत खेती प्रणाली, आकाशे पानीमा निर्भर, सिंचाई सुबिधाको भूमिका छ।कृषिलाई सम्मानित पेशाका रुपमा व्यवस्थित गर्ने, समाजवादको आधार तयार गर्न उत्पादनको स्वामित्व सिमित व्यक्तिमा मात्र नभई

जनसाधारणमा पुऱ्याउन सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता विकासमा प्राथमिकता दिंदै अझै सहकारी भित्रपनि उत्पिडित, दलित र अतिविपन्न गरिबलाई उत्पादित वस्तुमा सहभागिता सुनिश्चित र लाभान्वित हुने कृषि तथा पशुपालन व्यवसायिक परियोजनामा, पूर्वाधारमा सडक, सिंचाई लगायत आवश्यक कार्यमा प्राथमिकता दिंदै जानुपर्ने जरुरी देखिन्छ।कृषिमा यान्त्रिकिकरण,आधुनिकिकरण र प्रविधिकरण गरेर विशिष्टिकरणमा अझै जोड दिनुपर्ने देखिन्छ र त्यसमा आवश्यक मल, बीउ र अझै मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रमलाई प्रवर्द्धन गर्न आवश्यक देखिन्छ र विकासमा युवाशक्तिलाई परिचालन, दलित तथा महिला सशक्तिकरण, उद्यमशिलतामा वृद्धि, दलित समूदायको परम्परागत पेशा व्यवसायको आधुनिकीकरण गर्ने र परम्परागत सीपहरुको चाहिं संरक्षणमा जोड दिंदै र ग्रामिण बिद्युत जुन प्रसारण लाइनमा क्षमता वृद्धि गर्दै त्यसमा थप गर्दै जाने तथा साना तथा मझौला उद्योग सञ्चालनमा सहज वातवरण सिर्जनामा जोड दिनुपर्ने देखिन्छ र निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम सञ्चालनमा प्रत्येक माननीय सदस्यहरुको विकास आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयनमा तथा अनुगमनमा प्रभावकारी भूमिका रहनुपर्छ यो आवश्यकता छ र विकास प्रक्रियामा जनप्रतिनिधिहरुको भूमिका स्थापित गर्न जरुरी देखिन्छ।एक अर्कामा घनिष्ठ सम्बन्ध र सहकार्य आवश्यक देखिन्छ र गुणस्तरीय उच्च शिक्षा, प्राविधिक र व्यवसायिक बिद्यालयहरु पर्याप्त साधन स्रोतले युक्त र पूर्वाधारको विकास गर्न आवश्यक देखिन्छ। यति भन्दै म र मेरो पार्टीको तर्फबाट समर्थन गर्दै मेरो भनाईहरु यहिं अन्त गर्दछु। धन्यवाद। नमस्कार।

**माननीय सभामुखः**-

माननीय सदस्य श्री विनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विनोद के.सीः-** माननीय सभामुखज्यू, हामी भर्खरै यो आर्थिक विनियोजित बजेट २०७६/७७ को सिद्धान्त र प्राथमिकताको छलफलको क्रममा छौं।बिशेषत मलाई एउटा याद आयो पहिला घरमा खाना खान गयो एउटा आमाले एउटा ताउलोमा भात एक ठाउँमा आटो पकाउनु हुन्थ्यो पहिला आटो खाएर भात खाँदा मीठो अनुभुति हुन्थ्यो कहिलेकाहीँ फेरि त्यो भात खाएर आटो खाँदा नमिठो जस्तो अनुभुति हुन्थ्यो त्यस्तै त्यस्तै भयो बोल्ने क्रममा

पहिल्यै अब माननीय मूख्यमन्त्री लगायत बोलिसकेपछि हाम्रो बोलि काहिं काहिं फिक्का फिक्का जस्तो अनुभुति भयो तैपनि अब आँफूलाई लागेको आफ्ना बिषयहरु म राख्न चाहन्छु।बजेटमा बिशेष गरि यो पृष्ठमा हाम्रो गण्डकी प्रदेशमा लगभग लगभग २५ लाख भन्दा बढि जनताहरु ११ वटा भन्दा बढि जिल्लाहरु रहेको र सबैलाई यहाँको भौगोलिक, आर्थिक, सामाजिक सबै स्थितिलाई समेट्ने गरि ल्याउनुपर्ने यो पृष्ठ पुस्तकमा ४५ वटा बुँदामा आएको चाहिं छ र हामीहरुलाई अर्थमन्त्रालयले धेरै मेहनत गरेर धेरै समयका बाबजुद हामी सबै माननीयहरुलाई पनि हाम्रा धारणाहरु राख्ने अवसर दिएको छ हामीले आफ्ना धारणाहरु पनि राखेका थियौं र आफ्ना धारणा राख्ने बेलामा आफ्ना प्रतिबिम्बहरु मैले यस पुस्तकमा देखेको चाहिं छु र सर्वप्रथम त अर्थ मन्त्रालय सबै मन्त्रीज्यू, मन्त्रालय परिवार प्रति म हार्दि आभार व्यक्त गर्न चाहन्छु।धेरै मेहेनेत गरि ल्याउनुभएको चाहिं छ र धेरै अब बिषयहरुमा म जान खोजिन किनभने यो बिषयमा मैले बिशेष गरि सम्भावनाका कुराहरु हामीले पर्यटनलाई हामीले पहिलो प्राथमिकतामा राखेका छौं र त्यसै आधारमा बजेट आउने तरिकाले मन्त्रीज्यूले गरेझैं छ र मैले बिशेष गरि सम्भावना र चुनौति हामी सँग सँगसँगै रहन्छ, सम्भावना हामीसँग पर्यटनको छ भन्दै गर्दा हामीसँग धेरै छन् सम्भावनाहरु धेरै कुराहरु सम्भावना आवश्यकता र अतिआवश्यकता के हो सबैभन्दा प्राथमिकिकरण के मा गर्ने हो मेरो चाहिं ध्यान र मेरो सोचाईको भन्नुहुन्छ भने मैले बिशेष गरि पूरवाधारको क्षेत्रमा यातायातको क्षेत्रमा यातायात नै हाम्रो पूर्वाधारको प्रमुख क्षेत्र हो र हामीले यातायातलाई राम्रो, सहज र व्यवस्थित र एउटा चाहिं बाह्रै महिना अथवा सम्पूर्ण सुरक्षित खालको यातायात बनाउन सकियो भने पक्कै पनि हाम्रो ठाउँको पर्यटन भित्रन अथवा हाम्रो ठाउँको जनताहरुमा पक्कै पनि राम्रो प्रभाव पर्न सक्छ त्यसै मध्येमा पनि अझ मैले बिशेष गरि हाम्रो गण्डकी प्रदेशको यातायातको एउटा मेन मेरुदण्डको रुपमा यो जुन कालिगण्डकी करिडोर चाहिं छ यसलाई अझ नेपाल सरकारले प्रमुख उसमा राखेता पनि हाम्रो गण्डकी प्रदेशले अझ यस्को चाहिं शिर देखि टुप्पो त जरो त गण्डकी प्रदेशमा रहने ५५३ किलोमिटरमा मात्र यो बाटो फैलिएको चाहिं छ र मैले देखेको सम्भावना यो बाटोले बिशेष गरि पर्यटक भित्र्याउन पनि धार्मिक पर्यटनलाई महत्वपूर्ण रुपले यसले चाहिं ग्रहण गरेको चाहिं छ धार्मिक पर्यटन भित्र्याउन हाम्रो यस्तो ठाउँमा यो ठाउँ रहेको छ यता दक्षिणमा गयो भने १ अर्ब भन्दा जनसंख्या बढि चाहिं भएको त्यहाँको जनसंख्याले अधिकतम् रुपबाट यो हिन्दू धर्मलाई प्राथमिकताको रुपमा राख्ने र उनीहरु यो हाम्रो चाहिं धार्मिक संस्कृति भित्र

भएको ठाउँ मुक्तिनाथ जाने उनीहरुको  चरम एउटा चाहिं  महत्वाकांक्षी इच्छा देखेको अझ बिशेष गरि गत बर्ष त त्यहाँका प्रधानमन्त्री नै मुक्तिनाथ गैसके पछि त्यहाँको एउटा चाम बढेको स्थिति त्यहाँ,  दोस्रो उत्तरतिर रहेको जुन चीन छ त्यहाँ पनि १ अर्ब भन्दा बढि जनताहरु बिशेष गरेर शान्तिको क्षेत्र बुद्ध जन्मेको क्षेत्र नेपाल भनेर चिनिने र हामीले त्यो चिजलाई चिनाउन हामीले धेरै मेहनत गर्नुपर्ने रहेको हुनाले पनि यो बाटोबाट जम्मा ५५३ किलोमिटरको बाटो भित्रबाट हाम्रो पहिलो यो हामीसँग जोडिएको ५ नं क्षेत्रको यो बौद्ध क्षेत्र अथवा बुद्ध जन्मेको क्षेत्र  शान्ति क्षेत्र रहेको हुनाले यो दुइटालाई मितेरी पुलको रुपमा यो त मितेरी बाटोको रुपमा विकसित गर्न सकियो भने हामीले यहाँ भएका अन्य पर्यटनहरु चाहे ढोरपाटन भन्नुस चाहे गोरखाका भनौं अन्य विभिन्न ठाउँहरुमा हाम्रो यो ५५३ किलोमिटरमा मयूर नाच्ने देखि लिएर आएर डाँफे नाच्ने जस्ता ठाउँहरुमा हामीले आ-आफ्नो ठाउँबाट आ-आफ्नो गाउँपालिक आ-आफ्नो जिल्लाले चाहिं ती ठाउँहरुमा लान सकिने भएकोले यो ठाउँलाई बिशेष ध्यान दिनुपर्छ बाटो भित्रने भन्ने मैले भन्न चाहें र बिशेषत गरि मैले चुनौतीको रुपमा अहिले आउन त यो एकिकृत बस्तीको रुपमा आयो मैले ठोस रुपमा म के भन्न चाहन्छु भने अहिले अहिले सबैभन्दा चुनौतीको रुपमा हाम्रो प्रदेशमा देखिएको ठूलो रुपमा बसाई सराई चाहिं अत्याधिक ठूलो एउटा चाहिं समस्याको रुपमा मैले देखेको चाहिं छु अन्य जिल्लाहरुको त मलाई त्यति सारो थाहा छैन म्याग्दीको हकमा भन्नुहुन्छ भने प्रत्येक बर्ष प्रत्येक ठाउँ गाउँहरु खाली हुने अवस्था चाहिं छ र त्यो गाउँहरुमा अहिले हामीले राज्यले खानेपानीको पनि माग गर्नु परेको छ, बाटोको नि माग गर्नुपरेको छ, स्वास्थ्यको नि माग गर्नुपरेको छ, शिक्षाको नि माग गर्नुरेको चाहिं छ तर जनसंख्या अलिकति केहि भयो भने त्यहाँ बस्ने, आँफू त्यो ठाउँमा बसेर सुरक्षित छु भन्ने जनताले महसुस गर्न सकिराखेको चाहिं छैन त्यसको लागि हामीले एउटा उपयुक्त वातावरण बनाएर उपयुक्त ठाउँ खोजेर पहिलो एउटा नमुनाको रुपमा म्याग्दीको ताकम गाविसलाई एउटा चाहिं एकिकृत बस्तीको नमुनाको रुपमा एउटा बस्ती गर्न सकियो भने पनि एउटा नमुना ठाउँको रुपमा हामीले विकास गर्न सकिन्छ ता कि हिमालको जरामा पर्ने गुर्जा जस्ता ठाउँहरुमा कुनै राज्यको सेवा सुबिधा नभएका ठाउँका जनतालाई त्यो ठाउँमा विकसित गरेर एक ठाउँमा एकिकृत गर्ने र त्यो अहिले रहेको जनताहरुको ठाउँलाई एउटा कृषि पकेट क्षेत्र घोषणा गरेर त्यो ठाउँमा कृषिको के सम्भावना छ सामूहिक रुपबाट कृषि गर्ने एउटा वातावरण गर्न सकियो भने पक्कै पनि एउटा ठोस रुपमा त्यो हुन्छ भन्ने मैले अनुभुति

गरेको चाहिं छु र बिशेष गरि यो कार्यक्रममा रोजगारीका कुराहरु पनि धेरै आएका चाहिं छन् मैले फेरि भने बसाई सराई यो हुनुमा सबैभन्दा ठूलो एउटा समस्या चुनौतीको रुपमा फेरि युवा विदेश जाने युवा पलायनको पनि ठूलो चाहिं समस्या चाहिं छ। युवालाई यहि ठाउँमा राख्ने यहि माटोमा रहने यहि ठाउँमा म सुरक्षित छु भन्ने वातवरण बनाउनलाई बिशेषत गरि युवा स्वरोजगारका कार्यक्रममा ठोस रुपमा चाहिं पहिलो त यो कृषि सँगै जोड्ने हो भने कृषि र युवा सँगसँगै जोड्ने हो भने हामीले हाम्रो माटो सुहाउँदो, हाम्रो भूगोल सुहाउँदो, हाम्रो परिवेश सुहाउँदो एउटा कार्यक्रम गर्न सक्छौं यो कुरा पनि हाम्रो प्रदेश सरकारको बिशेषत ध्यान जानेनैछ भन्ने मैले उ गर्दै अन्तमा मैले आफ्नो ठाउँको मैले बारम्बार राखिरहेको छु यो एउटा चाहिं यो उसको समयमा पनि यो बिशेषत गरि यो भूमी नीति सम्बन्धमा यो गुठी समस्या बिशेषत गरि यो हाम्रो म्याग्दीमा एउटा एकदम विकराल रुपमा छ अस्ति भर्खर पनि हामीहरु अर्थ विकास समितिका सदस्यहरु त्यो ठाउँमा गएका चाहिं थियौं र अर्थ विकास समितिका माननीय सदस्यहरुले त्यहाँको अवस्था आत्मसात गर्नुभएको चाहिं छ मलाई लाग्छ कुनै दिन उहाँहरु पनि बोल्नुहुने चाहिं छ।यो बिषय खास नीतिगत कुरा हो हामीले बजेट को कुरा हैन नीतिगत कुरा निर्णय गर्दा पनि जनताहरु धेरै लाभान्वित हुने र प्रदेश सरकारको गुणगान गाउन सक्ने र प्रदेश सरकार हो भन्ने एउटा अनुभुति गर्न सक्ने भएको हुनाले यो बिषय पनि यो हाम्रो यो नीति तथा कार्यक्रममा छिरोस् भन्ने म अपेक्षा गर्न चाहन्छु र अन्तमा मैले के भन्न चाहन्छु भने धेरै माननीय सदस्यहरुको यो छलफल समानुपातिक तर्फको बजेटमा पनि धेरै कुराहरु आयो म समानुपातिकको विरोधी अथवा समानुपातिक हुनुहुन्न भन्ने बिषयमा म छैन तर मैले बजेटमा के मात्र भन्न चाहन्छु भने समानुपातिक व्यक्ति होइन समानुपातिक बजेट हुनुपर्छ समानुपातिक बजेटतिर हामी सबैले आत्मसम्मान गर्नुपर्छ कहिंकतै हामीले समानुपातिक बजेटको रुपमा वितरण गर्ने हो भने यसो हेर्‍यो भने एउटै जिल्लामा कम्तिमा ८-१० वटा माननीयहरु हुन सक्छन् कुनै जिल्लामा खालि माननीय हुनसक्छन् र ती व्यक्तिको आधारमा दिइयो भने फेरि त्यो बजेट एकै ठाउँमा गएर डल्लो पर्न सक्ने स्थिति हुने भएकोले बरु सबैलाई समेटी सबैको अपनत्व गर्ने वातवरण त गर्नु पर्‍यो नै तर फेरि व्यक्तिलाई समानुपातिकको रुपबाट हेरियो भने समावेशी बजेट नजान सक्छ।त्यहाँ पनि सरकारको ध्यान जाओस् भन्दै अन्तत यो चाहिं सम्पूर्ण बुँदाहरु एकदम एउटा मेहनतका साथ, उत्साहका साथ आएको चाहिं छ काहिंकतै मैले यतिमात्र के भन्न चाहन्छु भने यो त एउटा फिल्मको टेलर जस्तो मात्र हो फिल्म आउन

अथवा स्पष्ट बजेट आउन अझ बाँकी नै छ त्यसपछि हामीले धेरै कुरा गर्ने चाहिं छौं यो बजेट प्रति मेरो पूर्ण समर्थन भएको जानकारी गराउँदै मेरो भनाई अन्त गर्दछु ।हवस् त धन्यवाद। नमस्कार।

**माननीय सभामुखः-**

माननीय सदस्य श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विन्दु कुमार थापाः-** सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरणज्यूले विनियोजन विधेयक,२०७६ का बिषयमा यहि जेष्ठ १७ गते सिद्धान्त र प्राथमिकताका सवालमा सम्मानित सदनमा प्रस्तुत बिषयमा आज हामी छलफलमा जुटिरहेका छौं। प्रस्तुत ४५ बुँदाको विनियोजन विधेयकमा प्राय अगिल्लो बर्षकै कुराहरुलाई निरन्तरता दिइएको छ। सिद्धान्तमा मौलिक हक, मानव अधिकार र कानूनी शासनको मुल्य र मान्यतामा आधारित लैङ्गिक समानता, समानुपातिक समावेशी सहभागिता र लोककल्याणकारी राज्यव्यवस्था स्थापना गर्ने भन्ने छ।चालु बर्षको चालु बर्षको नीति तथा कार्यक्रम तथा बजेटमा राम्रो भएर पनि हामी यो दश महिनामा यो वैशाख मसान्त सम्ममा पुँजीगत खर्च २१ प्रतिशत मात्र खर्च गर्न सकेका छौं यो भनेको ज्यादै न्युन हो। विकास खर्च गर्न सक्ने क्षमताको बढावा गर्न नसक्दा र विकास खर्च सही रुपमा सदुपयोग गर्ने संयन्त्रको विकास हुन नसक्नुमा विभिन्न झन्झटिला लेन्दी र लेन्दी कानूनी प्रक्रियाहरु छन् यसले गर्दा लगानीमैत्री वातावरण बन्न सकेको छैन। यस्ता ऐन, कानून, नीति, नियम परिमार्जन गर्नु अपरिहार्य छ। सार्वजनिक खरिद ऐनको भर्खरै आएको नियमावली झनै झन्झटिलो र कडा आएको छ। जस्को निर्माण व्यवसायी महासँघले पनि विरोध गर्दै आन्दोलनमा उत्रेको अवस्था छ। अहिले आएको नियमावलीमा पनि तीस दिन त्यसपछि यो इभ्यालुएशनको लागि दश दिन त्यसपछि एग्रिमेन्टको लागि दश दिन र मोविलाइजेशनको लागि दश दिन गरेर साठी दिन अहिलेपनि यो नियमावलीले सार्वजनिक खरिद ऐनले चाहिं त्यो भनिराखेको छ नियमावलीमा त्यो खालको आएको छ यल्ले गर्दाखेरि विकास निर्माणमा धेरै समय अहिलेको यो प्रविधियुक्त यो समयमा पनि धेरै लामो समय लाग्ने हुन्छ।सभामुख महोदय, सभामुख मार्फत प्रदेश सरकारलाई म अनुरोध गर्न चाहन्छु कि हामीकहाँ अहिलेपनि एउटा निर्माण कम्पनीले ठेक्का पार्ने अनि उस्ले अर्को कम्पनीलाई

आँफुले १५-२० प्रतिशत मार्जिन राखेर अर्को कम्पनीलाई जिम्मा दिने र उसले पनि फेरि अर्को सामान्य व्यक्तिलाई पेटी ठेक्का दिने प्रचलन बिद्यमान छ।यो परिपाटीको अन्त्य नगर्दासम्म स्तरीय काम र निर्धारित समयमा योजना नसकिने हुन्छ। सभामुख महोदय, विकास आयोजना समयमा नसकिने, स्तरीय काम हुन नसक्नुमा विकासको बाधकको रुपमा रहेको ऐन कानुनको परिमार्जन तथा समय समय सापेक्ष संशोधन अपरिहार्य हो। फेरि बढ्दै गएको बन्द हड्ताल, सार्वजनिक खरिद ऐन, श्रम ऐन, जग्गा प्राप्ति ऐन, वन सम्बन्धी कडा व्यवस्था, इआइए र इआइईको लेन्दी र झन्झटिलो प्रावधान अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय र ट्याक्स कार्यालयको रवैया, बजारमा तरलताको अभाव, आकाशिंदो बैंक व्याजले गर्दा हामीले अपेक्षाकृत विकास हासिल गर्न सकेका छैनौं।यसको एड्रेस अथवा सम्बोधन विधेयकमा आउनुपर्छ।पर्यटनलाई समृद्धिको आधार मानेकाछौं, पर्यटन व्यवसायलाई उद्योगको रुपमा मान्यता दिएर सेवा सुबिधा बैंक व्याजमा राहत सरकारले दिन सकेको छैन।बिद्युत महसुलमा सहुलियत दक्ष जनशक्तिको उत्पादन गरि उपलब्धता गर्न सकिएको छैन। कम्पनी दर्ता र खारेज गर्दा वन डोर सिष्टम एकद्वार प्रणालीको शुरुवात र ट्याक्स फ्री जोनको व्यवस्थाको निश्चितता विधेयकमा आउनुपर्छ।सभामुख महोदय, हाम्रो विकासको प्रमुख बाधकको रुपमा रहेको करप्सन नै हो।भ्रष्टाचार यति धेरै मौलाएको छ कि पैसा अगाडि नसारिकन सेवाग्राहीले सेवा पाउन सक्दैनन।सामान्य भन्दा सामान्य कामको लागि पनि धेरै दुःख पाउनु परेको अवस्था छ।अत विधिको शासन, पारदर्शिता, सजायँ र पुरस्कारको व्यवस्था कडाईका साथ कार्यान्वयन गरि जिरो टलरेन्समा झार्नुपर्दछ।पुँजीगत खर्च बढाउने संयन्त्रको विकास गरि स्तरीय काम आजको आवश्यकता हो यसको स्पष्ट खाका विधेयकको प्राथमिकतामा आउन सकेन। सभामुख महोदय, गण्डकी प्रदेशले अगिल्लो बर्ष बिशेषगरि भूमी तथा कृषि र सामाजिक विकास मन्त्रालयले शीर्षक नखुलेको बजेट यो बास्केटमा राखिए यी बजेटका पोका कहिले खोलियो कहाँ कहाँ पुग्यो हामीलाई थाहा नै भएन यसमा व्यापक रुपमा प्रतिपक्षी साँसदहरुलाई पक्षपात गरिएको छ राज्यको ढुकुटी आफ्ना कार्यकर्ताहरुलाई खुशी पार्ने कार्यक्रमको रुपमा दुरुपयोग भएको हाम्रो बुझाई छ अतः यसपालीको बजेटमा कुनैपनि मन्त्रालयमा यस्ता शीर्षक नखुलेका बजेट नराखियोस् भन्ने हाम्रो आग्रह छ। भूमी तथा कृषि र मन्त्रालय अन्तरगत मोडेल कृषि फार्मलाई र सामाजिक विकास मन्त्रालय अन्तरगत सामूदायिक बिद्यालयहरुलाई वितरित नगद अनुदानमा धेरै पक्षपात र अनियमितताको गन्ध पाएका

छौं।यसलाई नगदको सट्टा आवश्यक पूर्वाधार सामाग्री तथा बैंक व्याजमा राहत तथा कृषि औजार र यान्त्रिकरणमा सहुलियत दिंदा राम्रो हुन्छ अतः गण्डकी प्रदेशको राजधानी पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास गर्न र गण्डकी प्रदेशको राजधानी जस्तो बनाउन साथै पोखरा यसको आसपासको क्षेत्रलाई फिल्मी सिटीको रुपमा विकास गर्न, सुरक्षित शहरको रुपमा प्रवर्द्धन गर्न आवश्यक प्रविधीयुक्त स्टुडियोको निर्माण, छायांकन सेन्टरको विकासको थालनी अबको बजेटमा पार्नुपर्दछ।पृथ्वीचोकमा रहेको बसपार्कलाई सिटी बसपार्क र लेखनाथको लामेआहालमा लामो दुरीको बसपार्क निर्माण अपरिहार्य छ।यसको लागि त्यहाँ अवस्थित अव्यवस्थित बसोबासीहरुलाई उचित व्यवस्थापन गर्न जरुरी छ त्यो गरि सुबिधा सम्पन्न बसपार्क आजको आवश्यकता हो यो कुरा विधेयकको सिद्धान्त र प्राथमिकतामा आउनुपर्दछ। पोखराको अव्यवस्थित बसोबासी तथा सुकुम्बासी समस्या एउटा ठूलो समस्याको रुपमा आएको छ।वास्तविक सुकुम्बासीको पहिचान गरि कुनैपनि नेपाली नागरिकलाई भूमीहिन नहुने ऐन कानून निर्माण गरि व्यवस्थापन गर्न यो विधेयकमा आएन।यस्तै राजधानी पोखरामा बढ्दो सवारी चाप, खराब बिग्रिएका सडक, पार्किङको समस्या, ट्राफिक जामको समस्या, डरलाग्दो सवारी दुर्घटनालाई न्यूनिकरण गर्न तर्फ पनि विनियोजन विधेयक मौन छ यसलाई सम्बोधन गर्नुपर्दछ।अन्तमा आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको जुन टीमले मन्त्रीज्यू र उहाँको टीमले धेरै मेहेनतका साथ यो चाहिं विनियोजन विधेयक आएको छ यो विधेयक भनेको चाहिं नीति तथा कार्यक्रम र अब आउने बजेटलाई पनि यस्को ऐनाको रुपमा पनि हामीले लिएकाछौं।आउने बजेटमा यो चाहिं जुन विधेयकमा आएको छ यो चाहिं राम्रो सित कार्यान्वयन हुन सकोस् र पहिलाको कमिकमजोरी अगिल्लो बर्षको कमिकमजोरीलाई शिक्षाको रुपमा लिएर अब आउने बजेट, अब आउने नीति तथा कार्यक्रम चाहिं सफल हुन सकोस् यहि शुभकामना राख्दै मेरो भनाई टुङ्ग्याउँछु। धन्यवाद।जयनेपाल।

**माननीय सभामुखः**-

माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय राजीव पहारीः**- माननीय सभामुख महोदय, बनिबनाउ बाटोमा गाडी चलाउन सजिलो हुन्छ तर बर्षादको बेला हिजो अस्ती जस्तै धरधरी पानी परिरहेको बेलामा रातो

माटोको ढिस्कोलाई फोड्दै बाटो बनाउँदै गाडी चलाउने कुरा अत्यन्तै कठिन र अप्ठ्यारो कुरा हो त्यो कठिन र अप्ठ्यारो कुरालाई छिचोल्दै कार्यविधी, नीति, नियम, कानून बनाएर अहिले बजेट गर्ने कार्यान्वयन गर्ने काम जुन रफ्तारमा भैरहेको छ त्यसले गण्डकी प्रदेशमा विकास निर्माणको कामले तीव्र गति लिएको छ ।अरु के के जागरण जनजागरण अभियान चलेकोछ त्यो त मलाई थाहा भएन तर विकास निर्माणको माध्यमबाट गण्डकी प्रदेशको समृद्धिको महाजागरण अभियानको शुरुवात भएकोछ  र जनतामा लामो समय पछाडि जुन उत्साह, उमंग आएको छ त्यो ल्याउने वातावरण संघीयता कार्यान्वयन भएको छोटो समयमै जुन प्रदेश सरकार सफल भएकोछ यसमा माननीय मुख्यमन्त्री र प्रदेश सरकारलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु। २०७६ साल जेष्ठ १७ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ जो आँफैमा परिपक्व नेता हुनुहुन्छ केन्द्रको मन्त्री भएर जिम्मेवारी पुरा गरिसक्नुभको व्यक्तित्व हुनुहुन्छ उहाँले विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता जुन पेश गर्नु भएकोछ।यसले लोककल्याणकारी राज्यको मुलभुत मान्यतालाई आत्मसात गरेकोछ।त्यति मात्र होइन समतामुलक सभ्य समाज निर्माण गर्ने, समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको विकास गर्ने मात्र होइन यो विधेयकले जनताका जनप्रतिनिधिहरुको गरिमा र प्रतिष्ठालाई पनि उचो पार्ने र जनता सँगका जनताका प्रत्यक्ष समस्यालाई सम्बोधन गर्ने गरि यस्ले चाहिं जनतालाई जनतासँग अन्योन्याश्रित सम्बन्ध राख्ने गरि त्यो व्यवस्था पनि मिलाएको छ र सँग सँगै गरिब र धनी बीचको खाडललाई पनि यल्ले त्यो खालको दुरीलाई पनि कम गर्ने गरि यो सिद्धान्त र प्राथमिकता आएका छन्।कास्टिङ त यति धेरै राम्रो आएको छ यसको रियल पिक्चर कति राम्रो आउला केहि समय त धैर्य गर्नुपर्ला भोलि बिहान हुन्छ भन्ने सर्वमान्य हुँदाहुँदै पनि त्यो प्रमाणित हुन आजको रातनै प्रमाणित हुनुपर्छ भन्नेकुरा अलि सुहाउँदो कुरा भएन कि।यो विनियोजित विधेयकमा छ वटा सिद्धान्त छन्, सत्ताइस वटा प्राथमिकता छन्, यसको बारेमा म धेरै ब्रिफिङ गर्न चाहन्न तर माननीय कुमार खड्काले २१ नं बुँदाको कुरा उठाउँदा म पनि झल्यास्स भएं।सायद माननीय अर्थमन्त्रीज्यूको गम्भिरतापूर्वक ध्यान आकृष्ट गराउन चाहन्छु २१ को यो कोलम हेर्दा फेवाताल भन्ने शब्द टेक्निकल प्राविधिक गडबडीले छुटेको हो कि जस्तो लाग्छ त्यसो भएर अब असार १ गते आउने बजेटमा फेवाताललाई एक नम्बरमै उच्च प्राथमिकतामा राखेर आओस् किनकी लोकतन्त्र भनेको विधीको शासन हो, कानूनको शासन हो, नीतिको शासन हो। सर्वोच्च अदालतले फेवातालको

बारेमा फैसला गरेको छ।त्यो फैसला कार्यान्वयन गर्नको निम्ति बजेट त्यस्को चाहिं उचित व्यवस्थापन हुनुपर्छ। यो फेवातालको बिषयमा न यहाँ सत्तापक्ष छ न प्रतिपक्ष छ।सर्वपक्षिय छौं।यसो भएर यो सर्वपक्षिय भएको बिषय एक नम्बरमै समेटिएर आउँछ भन्नेकुरामा म ढुक्क छु।अर्को प्रसंग पनि मैले यहाँ धेरै घेरा लगाएको थिएं धेरै बिषयमा बोलौं कि भनेर लागेको थिएं तर त्यता बोल्न भन्दापनि यहाँ कुरा धेरै उठे अहिले सरकारले चाहे संघमा होस् चाहे प्रदेशमा होस् भ्रष्टाचारलाई सरकारले कारवाही गर्न थालेपछि कारवाहीमा परेका र पर्ने डोरमा भएका भ्रष्टाचारीहरुले स्याल हुईयाँ गरेकोले भ्रष्टाचार बढेको हो कि भन्ने हामी भ्रममा परेका साँचो अर्थमा तथ्याङ्कले मुलुकको भ्रष्टाचार घटेको देखाउँछ अर्को कुरा ठूल्ठूला आयोजनाको रकम ठूलै हुन्छ यसमा हामीले शंका गर्न हुँदैन जेमा पनि शंका गरियो भने शंकाले लंका जलाउँछ। भदौमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भनेजस्तो पनि हाम्रो चाहिं गर्नहुँदैन भन्ने मलाई लाग्छ यो बजेट नै पीठो छर्ने होइन बीउ छर्ने काम गर्छ भन्नेमा विश्वस्त छु र बीउ पनि विकासको समृद्धिको बीउ यो बजेटले छरोस् त्यो बीउ छर्दाखेरि मान्छे लगाएर छर्दाखेरि भ्याइएन भने हेलिकप्टर हायर गरेर भएपनि माथिबाट त्यो बीउ छर्नुपर्छ।त्यो बीउ सबै ठाउँमा गण्डकी प्रदेशभरि समानुपातिक हिसाबले सबै ठाउँमा पुग्ने गरेर विकासको, समृद्धिको बीउ थप्ने कुरामा प्रदेश सरकार चाहिं सफल हुनेछ य बजेटबाट भन्नेकुरा म राख्न चाहन्छु।खोट लगाउँदै जानेहो भने त चन्द्रमामा पनि दाग भेटिन्छ कतिपय यो यसमा धेरै कुराहरु आएका छन् यो एउटा कुरा आएको भएपो त्यहि फेवाताल बाहेक अरु सबै कुरो समेटिएकैछ।त्यो चाहिं टेक्निकल मिस्टेकले हो त्यो मुख्यमन्त्री केरे अर्थमन्त्रीज्यूले त्यसमा हुन्छ अब हेर्नुस् त प्रतिव्यक्ति ऋण घटाउन यो १४ मा विधेयकका प्राथमिकताको १४ मा प्रतिव्यक्ति ऋण घटाउन, राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन परनिर्भरतालाई अन्त गराउनको निम्ति आएको छ।२० मा धनी र गरिब बीचको खाडललाई घटाउने कुरामा आएको छ। समावेशीकरणलाई आत्मसात गरेको छ अब हामीले हिजो ३ खम्बे अर्थनीति भन्थ्यौं त्यसमा पनि अर्को एउटा थपेकोछ यो चारवटा कुरालाई यसले उ गरेको छ सार्वजनिक निजि सहकारी मात्रै होइन अब सामूदायिक क्षेत्रको पनि सहलगानी भन्ने कुरालाई यसले जोडेको छ। पोखरा चक्रपथको कुरा छ।छैन के कुरा भनेजस्तो छ क्या।अब प्रेसकै कुरा हेर्नुहुन्छ भने ३६ मा प्रेस स्वतन्त्रता तथा सञ्चारको हकलाई सम्मान गर्दै आम सञ्चार माध्यमलाई स्वस्थ, मर्यादित र जिम्मेवार र व्यवसायिक रुपमा विकास गर्ने कार्यक्रमलाई उच्च प्राथमिकता दिएकोछ। अब छुटेको चाहिं

के छ र जस्तो मलाई लाग्छ हैन त्यसोभएर यो विनियोजित यो चाहिं विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता जुन छन् यसको जगमा बजेट आउने भएकोले त्यो बजेटले चाहिं सुखी, समृद्ध प्रदेश सुखी प्रदेशका जनता बनाउने लक्ष्यलाई भेदन गर्न सक्छ जहाँसम्म अगिल्लो बजेटको बारेमा त तपाईं हामी सबैले अनुभव गरेका हौं नि मैले अगि नै भने नि नयाँ जुत्ता लगाउँदा डस्छ भनेर जुत्ता फाल्ने होइन।त्यो जुत्ता लगाउँदाखेरि बानी पर्न पनि २-४ दिन लाग्छ कार्यविधिको कारणले, नीतिको कारणले, नियमको कारणले, कानूनको कारणले चाहिं ढिलो भयो।यो सरकार यति धेरै सत्तापक्ष भन्दापनि यतिधेरै प्रतिपक्ष मैत्री छ कि साँसदको बिषयमा कुरा उठाउनुभयो ल भनेर मुख्यमन्त्रीज्यूले पनि कमिटमेन्ट गरिसक्नुभयो, अर्थमन्त्रीज्यूले नि गरिसक्नुभयो अरु कुराहरुमा नि त्यसो भएर हामीले चाहिं सबैले अबको यो बजेटलाई राम्रो जनमुखी यो बजेट जनमुखी मैले अब अन्तिममा भने यो बजेट धोके बजेट पनि होइन, ढोके बजेट पनि होइन, पोके बजेट पनि होइन यो त जनमुखी बजेट आउँदैछ।त्यो बजेटलाई जनमुखी बजेट जुन आउँदैछ त्यसलाई कार्यान्वयन गर्न हामी सबै मिलेर सहयोग गरौं अहिलेलाई म यति नै कुरा राख्दै यहाँबाट विदा हुन चाहन्छु धन्यवाद। नमस्कार।लाल सलाम।

**माननीय सभामुखः**-
माननीय सदस्य श्री मीना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मीना गुरुङः**- माननीय सभामुखज्यू, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण किरण गुरुङज्यूबाट विनियोजन विधेयक, २०७६ का आर्थिक बर्ष २०७६/७७ को सिद्धान्त र प्राथमिकताको यो छलफलमा भाग लिने अवसर दिनुभएकोमा म हार्दिक धन्यवाद दिन चाहन्छु।धेरै कुराहरु माननीयज्यूहरुले उठाइसक्नु भएको छ र बिशेष गरेर हाम्रो मुख्यमन्त्रीज्यूबाट पनि सम्बोधन भैसकेको कुराहरु छ तर मैले केहि बुँदागत कुराहरु आज जोड्न उपयुक्त ठान्दछु।बिशेष गरेर यो एक बर्षको अवधिमा राज्यपुनसंरचनाका कानूनी आधार, संगठन संरचना, संघीय वित्त प्रणाली तथा कार्य सञ्चालन विधि निर्माण र कर्मचारी समायोजन गर्ने कार्य सम्पन्न गर्दै हामीले बिशेष यो चालु आर्थिक बर्षको यो अन्तिम समयसम्ममा आफ्नो योजनाहरुलाई गत बर्षको योजनाहरुलाई कार्यान्वयन गर्ने तर्फ तदारुकताका साथ लागिरहेका छौं र यसमा मलाई अहिले उठेका धेरै सवालहरुमा भन्न

मन लागेको कुरा के भने अहिले हामीले एउटा औंलाले अरुलाई देखाउँदा तीनवटा औंला फर्कन्छ भन्ने धारणा म यहाँ राख्न चाहन्छु।बिशेष गरेर अहिले हामीले बिशेष बिशेष सम्बन्धित मन्त्रीज्यूहरु र मन्त्रालय तर्फ पनि केहि कुराहरु गुनासोहरु पनि उठाइरहेको छ तर म भन्न चाहन्छु हामी सबै मिलेमात्रै हाम्रो विकास सम्भव छ।हाम्रो योजना हामीले भनेजस्तो बनाउन सक्छौं र अहिलेको हाम्रो जुन सिद्धान्त र प्राथमिकताको कुरा छ सिद्धान्त वास्तवमा एउटा यस्तो महत्वपूर्ण बिषय छ जस्को आधारबाट आज विश्व ब्रम्हाण्ड नै चल्छ भन्नुमा यसमा अत्युक्ति नहोला।प्राथमिकताका बिषयहरु यहाँ धेरै व्याख्या भैसकेको छ र सिद्धान्त भित्र हामीले सिद्धान्तलाई अझै बढि छलफलमा लानुपर्ने बिषयहरु पनि यहाँ उठाइएको छ र सिद्धान्तको आधारमा प्राथमिकतालाई हामीले महत्व पनि दिएका छौं त्यस्मा म के भन्न चाहन्छु भने नीति र विधि नै सर्वश्रेष्ठ बिषय हो।नीति र विधि नमिलेसम्म कानूनी जुन हामीले राज्यको परिकल्पना गरेका छौं त्यस्लाई साकार गर्नको लागि सबैभन्दा ठूलो सिष्टमको कुरा हुन्छ सिष्टम बन्यो भने सबै कुरा बन्न सक्छ।सिष्टम नबन्दा एकले अर्कोलाई दोषारोपण गर्नु सिवाय अरु समय वर्वाद हुने कुरा मात्र हो र अहिले यो जुन हामीले प्राथमिकतामा पारिरहेका बिषयहरु छन् त्यो प्राथमिकतामा पारेका बिषयहरुमा पनि म के जोड दिन चाहन्छु भने प्राथमिकता भित्र पनि अहिले भर्खरै हाम्रो माननीय राजिव पहारीज्यूले भन्नुभएजस्तो फेवाताल छुट्यो भनेजस्तै कहिं त्यस्ता बिषयहरु यहाँ हुनसक्छ त्यस्लाई हामीले ध्यान दिन जरुरी छ र समय हामीसँग अलिकति छँदै नै छ तर यो प्राथमिकता भित्र हामी जो पर्यटन, कृषि र यसै गरेर हामीले स्वास्थ्य अनि शिक्षा जस्ता महत्वपूर्ण महत्वपूर्ण जुन विकासको हाम्रो एजेण्डाहरु छयसमा चाहिं शिक्षा, स्वास्थ्य, रोजगारीको साथमा चाहिं यो कृषिलाई पनि धेरैले यहाँनेर अहिले आवाज उठाइरहेको बिषय छ र त्यस्मा चाहिं हामी सबैले एउटै कुरालाई मनन् गर्नुपर्ला कि बिशेष गरेर यो प्राथमिकता भित्रपनि हामीले के कुराले हाम्रो उत्पादन हुनसक्छ केबाट हाम्रो आयआर्जन हुनसक्छ भन्नेकुरामा हामी कति सजग हुनसक्छौं र यतातिर हाम्रो माननीय आर्थिक मन्त्री किरण गुरुङज्यूले अझैपनि बिश्लेषण गर्नुहुनेछ यसलाई छलफलमा उहाँ अझै अगाडि नै बढिरहनुभएको छ र यसको निचोड राम्रो भएर आउँछ भन्ने मलाई विश्वास लागेको छ र अहिले नीति र विधिको कुरा गरिरहँदाखेरि यति नीति र विधि सहि छैन भने हामी जति नै बडबडाएपनि जति नै एकले अर्कालाई हामीले विभिन्न किसिमको उपनामहरु दिएर कुराहरु गरिरहेता पनि त्यो अर्थहीन हुनसक्छ र संसारमा अर्थको नै ठूलो महत्व छ

अर्थ विना हामी कुनैपनि सपना साकार बनाउन सक्दैनौं र यो असाध्यै अत्यन्त महत्वपूर्ण आर्थिक क्रान्तिको समयमा हामी सबैजना के सत्तापक्ष के प्रतिपक्ष एकजुट हुनु अनिवार्य छ त्यसमा पनि यो गण्डकी प्रदेश एउटा नमूना प्रदेशको रुपमा स्थापित गर्नको लागि पनि अहिले प्रतिपक्षज्यूहरुले खेल्नुभएको भूमिकालाई पनि हामीले सकारात्मक दृष्टिकोणबाट नै हेरिरहेका छौं र हेर्नुपनि पर्दछ भन्ने मेरो मान्यता छ र अहिले यो मलाई एकदमै भन्न मन लागेको चाहिं आज सोचिहाल्न हालेको भनिहालेको एउटा बिषय छ यो सेफ्टी रोडको अवधारणालाई म मन्त्रीज्यूलाई जोड दिन चाहन्छु।बाटो बनाएका छौं तर हामी सेफ्टीरड कत्तिको बनाएका छौं भन्नेकुरामा म बिशेष अनुरोध गर्न चाहन्छु।मैले काहूँडाँडाकै एउटा उदाहरण लिएर भन्न चाहन्छु काहूँडाँडामा बाटो चिल्लै भएर अहिले हाम्रो माथिसम्म पुगेको छ काहूँ माथि धरहरा सम्म तर त्यो बाटो असाध्यै डेन्जर छ त्यसमा हाम्रो युवाहरु रातिमा हिंड्ने हाम्रा त्यहाँका नागरिकहरुलाई असाध्यै त्यल्ले असुबिधा हुन सक्छ हरेक ठाउँमा जहाँ बन्ने रोड छ त्यो सेफ्टी रोड बनाउनुपर्छ भन्ने छ।त्यसको साथै मैले एकदमै चाहेको बिषय र जनताहरुबाट पनि सुनेको एउटा बिषय छ त्यसमा चाहिं प्राथमिकता यो पनि अझै पर्नुपर्छ भन्ने विचार हुनत स्वास्थ्यलाई एकदम प्रथम प्राथमिकतामै आउँछ तर त्यसमा चाहिं अहिले बिशेष गरेर यो हाम्रो गण्डकी प्रदेशमा एउटा क्यान्सर सम्बन्धीको हस्पिटल हामीले खोल्नुपर्छ भन्ने मेरो मान्यता छ र हाम्रो धेरै जनताहरुको पनि त्यो माग छ र त्यसलाई पनि मैले अझै यो बर्ष कसो हुन्छ नभए पनि आउने केहि बर्ष भित्र हामीले सम्बोधन गर्नुपर्छ र यसो गर्न सक्यो भने एउटा उदाहरणिय काम हुनसक्छ र त्यस्तै अरु पनि बिस्तारै बिस्तारै हामीले यो ठूला रोगहरु छन् हामी मानिसलाई लाग्ने त्यस्को बारेमा एउटा प्रविधियुक्त एउटा हस्पिटलको संरचनामा पनि ध्यान जाओस् भनेर म जोड दिन चाहन्छु र एउटा पर्यटकको कुरा गर्दा पर्यटकिय गन्तव्यमा त्यस्लाई पनि प्राथमिकतामै लानुपर्छ कुन चाहिं पर्यटकिय गन्तव्य प्राथमिकतामा पर्छ त भन्दा मैले एउटा बिषयलाई जोड दिन चाहें हुन त म आफैं बसेको वडा भनेर यस्लाई मैले भन्न खोजेको होइन तर अहिले हामीले यदि काहूँडाँडाको त्यो धरहरालाई निर्माण गरिरहँदाखेरि एकदमै त्यस्लाई उपयुक्त पर्यटकको गन्तव्यस्थल बनाउन सक्छौं अलि राम्रोसँग लगानी गरेर र त्यसको साथमा त्यहाँ भएको सार्वजनिक जग्गामा साँस्कृतिक ग्रामको निर्माण गर्न सक्यौं भने त्यस्ले यो हाम्रो पोखरा हाम्रो राजधानीलाई नै त्यस्ले चाहिं पर्यटकीय गन्तव्यको आकर्षणको केन्द्रविन्दु बनाउन सक्छ भन्ने कुरामा मैले जोड दिएँ र यतातिर पनि हाम्रो अब आर्थिक मामिला तथा योजना

मन्त्रीज्यूको ध्यान जाओस् र त्यसको साथमा बिशेष गरेर अब अहिले मलाई अझै जोड्न मन लागेको बिषय चाहिं यहाँनिर अहिले यो श्रम बिशेष गरेर यो हामीले श्रमको क्षेत्रमा काम गर्ने श्रमिकहरुकोबारेमा सामाजिक सुरक्षाको बारेमा हाम्रो अहिलेको बजेटले कसरी सम्बोधन गर्न सक्छ यो कुरालाई मैले छुटाउनै नहुने बिषयको रुपमा ठानेकोछु र यो असाध्यै अत्यन्त जरुरी छ र सामाजिक सुरक्षामा हुनत हामीले जेष्ठ नागरिकहरुलाई हाम्रो संघीय सरकारले सरकारबाट पनि अहिले वृद्धि भएको छ भत्ता तर त्यस्मा मेरो एउटा चाहना छ र हामी धेरैको त्यो एउटा उपयुक्त चाहना हो जस्तो लाग्छ यसमा जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य र निशुल्क सेवाको हामीले अवधारणा बनाउनुपर्छ भन्ने मेरो एउटा सोच छ।यहि कुराहरूको साथमा अब बिशेष गरेर अहिले एउटा उचित ल्यावको पनि आवश्यकता छ यो गण्डकी प्रदेशमा त्यस्को बारेमा पनि मैले थोरै कुराहरु टु दि पोइन्टमा मात्रै म कुरा गर्दैछु र त्यसको साथमा चाहिं बिशेष गरेर यो विकासलाई चाहिं अहिले बढि निर्वाचनको आँखाले हेरिएको छ यो विकासको अहिलेको चार बर्षको अवधिभित्र यो निर्वाचनको आँखाले नहेरिदिनुहुन पनि म बिशेष अनुरोध गर्न चाहन्छु।विकासमा तपाईं हामी सबै मिल्यौं भने मात्रै हामीले यो देशलाई सुन्दर र यो देशको समृद्धि र समाजवाद उन्मुख हाम्रो लक्ष्य प्राप्त गर्न सक्छौं अन्यथा हामी असफल हुन्छौं यहि कुराहरुको साथमा मलाई मौका दिनुभयो त्यस्को लागि माननीय सभामुखज्यूलाई धन्यवाद दिंदै विदा हुन्छु। हवस् त धन्यवाद।

**माननीय सभामुखः-**

माननीय सदस्यहरु यो छलफल आजको लागि यहिं स्थगित हुन्छ।

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल जेठ २१ गते दिनको ११ बजे सम्मको लागि स्थगित हुन्छ।